# बौधीमाई नगरपालिका

## ५ वर्षे नगर शिक्षा योजना
## (२०८१/०८२ देखि २०८५/२०८६)

**बौधीमाई नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

सरमुजवा, रौतहट, मधेश प्रदेश, नेपाल

**प्रकाशक**

प्रकाशन प्रति:

सर्वाधिकार

मुद्रण

प्रमाणित मिति

प्रकाशन मिति:

अद्यावधिक मिति

प्राविधिक सहयोग: ( पिपल प्रमोट सेन्टर, जनकपुर धाम, धनुषा प्रतिनिधि)

# हाम्रो भनाई

नेपाल सरकारले विगत केही वर्षदेखि विकासका योजना तथा गतिविधिहरूको निर्धारण र सञ्चालन राष्ट्रिय स्तरबाट मात्र नभई स्थानीय सरकार एवं निकायहरूमार्फत पनि गर्ने संवैधानिक तथा कानूनी व्यवस्था गरेको छ। स्थानीय स्तरका आवश्यकता, अवस्था, विविधता एवं विशेषताहरूको आधारमा आवश्यक नीति, योजना तथा कार्यक्रमहरू निर्माण गरी सञ्चालन गर्ने अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरिएको छ। विकास र निर्माणको यस प्रक्रियालाई हामी विकेन्द्रीत योजना निर्माण र सञ्चालन पद्धति भन्दछौं।

यिनै अवस्था र व्यवस्थाहरूलाई आत्मसात् गर्दै, हाम्रो बौधीमाई नगरपालिकाले पनि आफ्नो नगरस्तरीय विभिन्न क्षेत्रका योजनाहरू, नीति तथा कार्यक्रमहरू निर्माण गरी विकासका कार्यहरूलाई अगाडि बढाइरहेको छ। हामी स्थानीय आवश्यकता र विशिष्टतालाई केन्द्रमा राखेर योजनाबद्ध विकासमा प्रतिबद्ध छौं।

यसै क्रममा, म यहाँहरूलाई जानकारी गराउन चाहन्छु कि बौधीमाई नगरपालिकाले अहिले नगरस्तरीय ५ वर्षे शिक्षा योजना निर्माण गर्ने महत्वपूर्ण प्रयत्न गरिरहेको छ। यो योजना हाम्रो नगरभित्रका प्रत्येक परिवार, समुदाय र समाजको शैक्षिक आवश्यकता र सम्भावनालाई सम्बोधन गर्ने गरी तयार पारिनेछ । यसले हाम्रो नगरको शैक्षिक विकासमा नयाँ आयाम थप्नेछ र सबै नागरिकलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु।

यस योजना निर्माण प्रक्रियामा सबै सरोकारवालाहरू, शिक्षाविद्हरू, अभिभावकहरू, विद्यार्थीहरू र नगरवासीहरूको सक्रिय सहभागिताको लागि म हार्दिक आह्वान गर्दछु। तपाईंहरूको अमूल्य सुझाव र सहकार्यले यो योजनालाई अझ बढी प्रभावकारी र जनमुखी बनाउन सहयोग पुग्नेछ ।

धन्यवाद ।

.............................................

प्रदिप कुमार यादव

नगर प्रमुख

बौधीमाई नगरपालिका, रौतहट

# भुमिका

शिक्षा सामाजिक रूपान्तरण र समग्र विकासको आधारस्तम्भ हो । कुनै पनि राष्ट्रको दिगो विकास शिक्षाको गुणस्तर र पहुँचमा निर्भर रहन्छ । बौधिमाईनगरपालिका शिक्षाको क्षेत्रमा व्यवस्थापन, गुणस्तर तथा पहुँच विस्तारमा निरन्तर प्रतिबद्ध रहँदै आएको छ । आधारभूत तहसम्मको शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निस्शुल्क शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाले उल्लेखनीय पहलहरू गर्दै आएको छ।

शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन सबै तहका सरोकारवालाको जिम्मेवारी र सहभागिता अपरिहार्य छ । गुणस्तरीय र सुलभ शिक्षाको विकासका लागि साझा प्रयास र समन्वयको खाँचो अझ बढी महसुस भइरहेको छ । बौधिमाई नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको यथार्थ चित्रण र भावी योजनाको स्पष्ट खाका प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएको यस पंचवषीय विद्यालय शिक्षा क्षेत्र विकास योजना नगरपालिका, विद्यालय, समुदाय, शिक्षा क्षेत्रका विज्ञ र साझेदार संस्थाहरूको सहभागितामा तयार पारिएको हो। यस योजनामा मानव संसाधन, शैक्षिक पूर्वाधार, नीति, कार्यक्रम तथा वित्तीय पक्षलाई समेटेर दीर्घकालीन रणनीति र कार्यनीति निर्धारण गरिएको छ ।

यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न नगरपालिका प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। साथै, यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरू विद्यालय परिवार, अभिभावक, समुदाय, गैरसरकारी संस्था तथा शिक्षा प्रेमीहरूको सक्रिय सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

योजना निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सबै विज्ञ, प्रतिनिधि, संस्था, शिक्षक, कर्मचारी तथा सहयोगीहरू प्रति बौधिमाई नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

धन्यवाद

.............................................

उदय शंकर चौधरी
प्रमुख प्रसाशकिय अधिकृत
बौधिमाई नगरपालिका, रौतहट

# विषय सूची


| | |
|---|---|
| **परिच्छेद १– परिचय** | ११ |
| **१.१ पृष्ठभूमी** | ११ |
| **१.२ बौधीमाई नगरपालिकाको समंग्र सन्दर्भ** | १५ |
| १.२.१ भौगोलिक अवस्थिति | १६ |
| १.२.३ राजनैतिक अवस्था | १९ |
| १.२.४ धरातलीय अवस्था | २० |
| १.२.५ भू–उपयोगको अवस्था | २१ |
| १.२.६ साँस्कृतिक अवस्था | २१ |
| १.२.७ जनसंख्याको बनौटः–११५ अनुसूचि १ मा देखाइएको छ। | २२ |
| १.२.८ आर्थिक परिदृशय | २२ |
| **१.३ यस नगरपालिकाको शैक्षिक सन्दर्भ** | २३ |
| १.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा | २३ |
| १.३.२ नितिगत प्रबन्ध | २३ |
| १.३.३ नेपालमा शिक्षाको संरचना | २४ |
| १.३.४ यस नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाः– | २४ |
| १.३.५ शिक्षा क्षेत्रको योजना | २६ |
| १.५ बौधिमाई नगरपालिका विद्यालय शिक्षा क्षेत्र विकासका अवसरहरु | २९ |
| १.६ बौधिमाई नगरपालिका विद्यालय शिक्षा क्षेत्र योजना निर्माण प्रक्रीया | २९ |
| १.६.१ शिक्षा योजना निर्माणमा विभिन्न स्रोत र सामग्रीहरुको अध्ययन तथा समीक्षा | ३१ |
| १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था | ३२ |
| १.६.३ योजनाको पहिलो मस्यौदा विकास | ३२ |
| **परिच्छेद २–दूरदृष्टि उद्येश्य, रणनीति तथा लक्ष्य निर्धारण** | ३३ |
| **२.१ परिचय** | ३३ |
| **२.२ दूरदृष्टि–** | ३३ |
| **२.३ लक्ष्य** | ३३ |
| **२.४ प्रमुख उद्येश्य** | ३४ |
| **२.५रणनीतिहरुः–** | ३५ |
| **२.६ मुख्य उपलब्धि** | ३५ |
| २.८ मूख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धाण | ३६ |

परिच्छेद ३–विद्यालय शिक्षा क्षेत्रका मूख्य उपक्षेत्र ४३
३.परिचय ४३
३.१ प्रारम्भिक बालविकास र शिक्षा ४३
३.१.१ परिचयः– ४३
३.१.२ वर्तमान अवस्था ४४
३.१.३ समस्या तथा चुनौतिहरु ४४
३.१.४ उद्देश्य ४५
३.१.५ रणनीति ४५
३.१.६ प्रमुख उपलब्धि तथा नतिजा ४६
३.१.७ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्य ४८
३.२ आधारभूत शिक्षा ४९
३.२.१ परिचय: ४९
३.२.१ वर्तमान अवस्था ५०
३.२.२ समस्या तथा चुनौतिहरु ५१
३.२.३ उद्देश्य ५१
३.२.४ रणनीति ५२
३.२.५ प्रमुख उपलब्धि तथा नतिजा ५३
३.२.५ प्रमुख कियाकलाप तथा परिमाणात्मक लक्ष्य ५५
३.३ माध्यमिक शिक्षा ५६
३.३.१ परिचय ५६
३.३.१ वर्तमान अवस्था ५७
३.३.२ समस्या तथा चुनौतिहरु ५८
३.३.३ उद्देश्य ५८
३.३.४ रणनीति ५९
३.३.५ प्रमुख उपलब्धि तथा नतिजा ६०
३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६१
३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा ६२
३.४.१ परिचय ६२
३.४.२ वर्तमान अवस्था ६३
३.४.३ समस्या तथा चुनौतिहरु ६३

३.४.४ उद्देशय ६३
३.४.५ रणनिती ६४
३.३.६ प्रमुख उपलब्धि तथा नतिजा ६४
३.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६४

**३.५ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई** ६५
३.५.१ परिचय ६५
३.५.२ वर्तमान अवस्था ६५
३.५.३ समस्या तथा चुनौतिहरु ६६
३.५.४ उद्देशय ६६
३.५.५ रणनीति ६६
३.५.६ प्रमुख उपलब्धि तथा नतिजा ६७
३.५.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६९

**परिच्छेद ४–अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ७०

**४.१ पाठचक्रम, पाठचपुस्तक, सिकाइ सामग्री तथा मुल्याङ्कन** ७०
४.१.१ परिचय ७०
४.१.२ वर्तमान अवस्था ७१
४.१.३ चुनौतीहरु ७१
४.१.४ उद्देश्य ७२
४.१.५ रणनीति ७२
४.१.६ प्रमुख उपलब्धि तथा नतिजा ७३
४.१.७ प्रमुख कियाकलाप र परिणात्मक लक्ष्य ७६

**४.२ शिक्षक व्यवस्थापन र विकास** ७७
४.२.१ वर्तमान अवस्था ७७
४.२.२ चुनौतिहरु ७८
४.२.३ उद्देश्य ७९
४.२.४ रणनीति ७९
४.२.५ प्रमुख उपलब्धि तथा नतिजा ८०
४.२.६ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्य ८१

**४.३ शैक्षिक समता र समावेशिकरण** ८२
४.३.१ वर्तमान अवस्था ८२

४.३.२ चुनौतिहरु

४.३.३ उद्देश्य ८३

४.३.४ रणनीति ८३

४.३.५ प्रमुख उपलब्धि तथा नतिजाहरु ८४

४.३.६ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्यहरु ८५

८६

**४.४ दिवा खाजा सहित पोषण तथा स्वास्थ्य कार्यक्रम**

४.४.१ परिचय ८८

४.४.२ वर्तमान अवस्था ८८

४.४.३ चुनौतिहरु ८९

४.४.४ उद्देश्य ८९

४.४.५ रणनीति ८९

४.४.६ प्रमुख उपलब्धि तथा नतिजा ९०

४.४.५ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्यहरु ९०

९२

**४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा**

४.५.१ परिचय: ९५

४.५.२ वर्तमान अवस्था ९५

४.५.३ समस्या तथा चुनौतिहरु ९६

४.५.४ उद्देश्यहरु ९६

४.५.५ रणनितिहरु ९६

४.५.६ प्रमुख उपलब्धि तथा नतिजाहरु ९७

४.५.७ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्य ९८

९९

**४.६ विद्यालय भौतिक पूर्वाधार र विकास**

४.६.१ वर्तमान अवस्था १०१

४.६.२ चुनौती १०१

४.६.३ उद्देश्यहरु १०२

४.६.४ रणनीति १०२

४.६.५ प्रमुख उपलब्धि तथा नतिजा १०२

४.६.७ प्रमुख कियाकलाप तथा परिमाणात्मक लक्ष्य १०३

१०४

**४.७ विद्यालयमा सूचना तथा संञ्चार प्रविधि**

४.७.१ वर्तमान अवस्था १०६

४.७.२ चुनौती १०६

१०६

४.७.३ उद्देश्य १०७
४.७.४ रणनीति १०७
४.७.६ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्य १०९

**परिच्छेद पाचः सुशासन तथा व्यवस्थापन** १११

**५.१ संस्थागत संरचना र क्षमता विकास** १११
५.१.१ वर्तमान अवस्था १११
५.१.३ समस्याहरु र चुनौतिहरु १११
५.१.४ उद्देशयहरु ११२
५.१.५ रणनीतिहरू ११२
५.१.६ प्रमुख उपलब्धि तथा नतिजा ११२
५.१.७ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्य ११४

**५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** ११५
५.२.१ वर्तमान अवस्था ११५
५.२.२ चुनौतीहरु ११६
५.२.३ उद्देश्यहरु ११६
५.२.४ रणनीति ११६
५.२.५ प्रमुख उपलब्धि तथा नतिजा ११७
५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ११७

**५.३.अनुगमण तथा मुल्याकंन** ११८
५.३.१ वर्तमान अवस्था ११८
५.३.२ चुनौतिहरु ११९
५.३.३ उद्देश्य ११९
५.३.४ रणनीति १२०
५.३.५ प्रमुख उपलब्धि तथा नतिजा १२०
५.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १२१

**परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन** १२२
६.१ वर्तमान अवस्था १२२
६.२ चुनौती १२२
६.३ उद्देश्य १२३
६.४ रणनीति १२३

६.५ प्रमुख उपलब्धि र नतिजा १२४
६.६ प्रमुख क्रियाकलाप र लक्ष्य १२५

# परिच्छेदः १
# परिचय

## १.१ पृष्ठभूमी

यस सृष्ट जगतमा रहेका अजैविक एवं जैविक अस्तित्वहरुको संरक्षण, सम्वर्द्धन तथा आस्तित्वीक लक्ष्य प्राप्ति तर्फ सबै अस्तित्वहरुलाई गतिशील रहन दिन मानव जातिलाई आवश्यक पर्ने ज्ञान, सीप तथा प्रवृत्तिको विकास र व्यवस्थापन गर्नु नै शैक्षिक योजना तथा व्यवस्थापनको मूल कार्य हो जस्तो हामीलाई लाग्दछ ।

जर्मन वैज्ञानिक सर चार्ल्स डार्विनको जीव विकासको सिद्धान्त अनुसार, यस पृथ्वीमा जीवको विकास "एक कोशीय जीव अमीवाबाट भएको हो । त्यस पछि क्रमश जीव विकसित हुँदै अन्तिम विकासको रुपमा मानवीय अस्तित्व देखिएको हो । जैविक अस्तित्वको रुपमा देखिएको एक कोशीय जीव अमीवाको जीवनका तीन आधारभूत पक्षहरु देखिए –क. शरीर, ख. मन, र ग. चेतना (एउटा जैविक अस्तित्वमा रहेका यी तीनवटा आधारभूत तत्वहरुको अध्ययन तर्फ जाने प्रयत्नको वर्णन भने सर चार्ल्स डार्विनको सिद्धान्तमा कतै भेटिंदैन । तर यी तीनवटै पक्षहरुको पूर्वाधारहरु नभइकन कुनै पनि जैविक अस्तित्वको सम्भावना नै हुंदैन भन्ने कुरा सहजै वैज्ञानिक रुपमा अनुमान गर्न सकिन्छ ।) जैविक अस्तित्वको निर्माण र विकासका लागि आधारको रुपमा रहेका यी तीनवटै तत्वहरुको समन्वयात्मक सम्वन्धबाट भएका क्रमिक विकासको फलस्वरुप नै एककोशीय जीव अमीवाबाट अतिविकसित जीव मानवीय जीवन आएको हो भन्ने निष्कर्ष जीव विकासवादी सिद्धान्तका प्रतिपादक सर चार्ल्स डार्विनको हो । जीवको उत्तरोत्तर एवं क्रमिक विकासको क्रममा जीवका तीनवटै पक्षहरुको एकीकृत एवं समन्वयात्मक सम्वन्धको सन्तुलन कायम रहँदै अन्तिम स्वरुप मानव जीवनको विकास भएको हो भन्ने कुरा नकार्न सकिन्न ।

जसरी जैवीक विकास एक कोशीय जीव अमीवाबाट दुई कोशीय, बहुकोशीय हुँदै असंख्य कोशीय एवं अति संवेदनशील तथा अति विकशीत जीवको रुपमा मानवीय अस्तित्वको रुप देखिन्छ । यसबाट सहजै भन्न सकिन्छ कि मानव अस्तित्व पनि त्रिपक्षीय हो, यथा– शारीरिक, मानसिक एवं चैतिक अथार्त चैतनिक (चेतन तत्वलाई आत्मा, स्पीरीट, सोल, कन्ससनेस) पनि भनिन्छ र स्पीरिटबाट स्पीरिचुवल पनि भनिन्छ । त्यस कारण मानवीय अस्तित्व एउटा शारीरिक, मानसिक एवं आध्यात्मिक तत्वहरुको एकीकृत एवं समन्वयात्मक सम्वन्ध भएको जीव हो । सुखानुरक्ती जैव प्राकृतिक लक्षणं । सुखप्रतिको चाहना, अकान्छा प्रत्येक जीवको प्राकृतिक एवं आस्तित्वीक गुण हो ।

मानवीय अस्तित्वका यी तीनवटै पक्षहरुको सन्तुलित एवं पूर्ण विकास नभइकन मानव जीवनको पूर्ण विकासको अवस्था नै बन्दैन र मानवीय जीवनको परम लक्ष्य अनन्त सुख एवं परम शान्ति पनि प्राप्त हुन सक्दैन -Without the complete and balanced development of all these three aspects of human existence, the human can not be developed completely and also

can not obtain the infinite happiness and perpetual peace in his life.(P.R.Sarkar.) । जैवीक तथा मानवीय मूल्य र मान्यतामा आधारित मानव समाजको स्थापना पनि हुन सक्दैन । वर्तमान शैक्षिक प्रणाली अन्तर्गत व्यवस्थित एवं संचालित शिक्षा पद्धत्ति र योजनाबाट मानव समाजको भौतिक क्षेत्रका विभिन्न पक्षहरुमा समसामयिक विकासहरु अवश्य नै भएका छन् एवं भई रहेका पनि छन् । मानवजातिको आदिकालको पत्थरयूगबाट आजको अतिविकसित वैज्ञानिक एवं आण्वीक यूगमा यो विश्व प्रवेश गरिसकेको छ । आजका वैज्ञानिकहरु यस ब्रम्हाण्डका विभिन्न ग्रह उपग्रहहरुमा जाँदै छन् र जाने तयारी पनि गर्दै छन् । तर पनि शिक्षाका वर्तमान पद्धत्ति, योजना तथा व्यवस्थापनमा रहेका केही विशेष कमी कम्जोरी र त्रुटिहरुका कारण आजका शिक्षित य'वाहरुमा, विद्वानहरु एवं राजनीतिज्ञहरुमा, समाजशास्त्रीहरुमा निम्न उल्लेखित केही विशेष कमी कम्जोरीहरु देखिएका कारण भौतिक, आर्थिक, सामाजिक एवं शैक्षिक, तथा वैज्ञानिक क्षेत्रहरुमा अत्यधिक विकास भएको देखिए तापनि समाजमा शान्ति, अमन चैन एवं मानवता त्राहीमाम् छन्, भ्रष्टाचार, हत्या, हिंसा, व्यभिचार, बलात्कार, चोरी, गुण्डागिरी, अनैतिकता, लैंगिक भेदभाव, जातिय भेदभाव, धर्मान्धता, आर्थिक तथा सामाजिक शोषण, अन्य जीवहरु प्रतिको निर्दयता, अमानवता आदि जस्ता सामाजिक एवं जैविक अपराधहरुको बोलबाला छ । प्राकृतिक श्रोत र सम्पदाहरुको संरक्षण र सम्वर्द्धन नभई जैवीक जीवनको प्रतिकुल वातावरणको अवस्था निर्माण भएको देखिन्छ । मानवीय समाजको निम्न तहदेखि माथिल्लो स्तरसम्मै चिन्ताजनक अवस्थाहरु छन् । आस्तित्वीक मूल्य र मान्यतामा आधारित मानव समाजको निर्माण हुन सकेको छैन । विश्व शान्तिका लागि विश्वका सबै देशहरु बेचैन छन् । मानवीय शान्ति, अमनचैन त सपना जस्तो पो भएको छ । त्यसैले आजको यो अति संवेदनशील एवं चिन्तनीय अवस्थामा सरकारका प्रत्येक स्तर एवं निकायका योजनावीद्हरु, शिक्षा एवं समाजशास्त्रीहरु, राजनीतिज्ञहरु, प्रशासकहरु, विद्यालयमा कार्यरत शिक्षकहरु, विद्यालय व्यवस्थापन एवं संचालकहरुको सोंचमा एउटा विशेष परिवर्तनको ठूलो आवश्यकता छ र त्यो आवश्यकता हो "मानवीय अस्तित्वका तिनवटै पक्षहरुको पूर्ण एवं सन्तुलित विकासका लागि चाहिने आवश्यक ज्ञान, सीप तथा अभिवृत्तिको विकास तथा अभ्यास गर्न एवं गराउन सक्ने शिक्षा तथा सवल, सक्षम र प्रभावकारी शैक्षिक व्यवस्थापनको व्यवस्था गर्नु ।"

**क) विषय प्रवेश–**

अतः मानवीय मूल्य र मान्यता एवं जैवीक मूल्य र मान्यताका साथ–साथै अजैवीक सत्ता समेतलाई ख्याल राख्दै आजको शैक्षिक व्यवस्थाले समेट्न नसकेका कमीहरु पुरा गर्न सक्ने समेत ज्ञान प्रदान गर्नका लागि अध्यात्मिक एवं जीव मनोविज्ञानमा आधारित योग र ध्यानका विषय बस्तुहरुलाई पनि शिक्षाको प्रारम्भिक अवस्थादेखि नै समावेश गरी त्यसमा आधारित आदर्श एवं सर्वांगीण विकासोन्मूख समाज व्यवस्थाको लागि चाहिने आवश्यक ज्ञान, सीप आदिको विकास र परिचालनका लागि एउटा सक्षम, सवल र सदृढ एवं प्रभावकारी शैक्षिक व्यवस्थाको आवश्यकता महशुस गरी यस बौधीमाई

नगरपालिकाले नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई दिएको अधिकार तथा संघीय सरकार एवं प्रदेश सरकारहरुबाट प्राप्त नीति, निर्देशन, तथा राष्ट्रिय शिक्षा नीति २०७६ लाई आत्मसाथ गर्दै तोकिएको ढांचामा आफ्नै किसिमको शैक्षिक योजना तयार गर्ने प्रयत्न गरेको छ ।

नेपालको संविधान २०७२ ले प्रारम्भिक शिक्षा तहदेखि माध्यमिक (कक्षा ९–१२) शिक्षा तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन तथा संचालन गर्ने गराउने जिम्मेवारी स्थानीय तहलाई दिइएको हुँदा शिक्षामा सबै नागरिकहरुको पहुँचको सुनिश्चितताका साथै गुणस्तरीय, समसामयिक एवं मानवीय, जैविक र अजैविक समेतको मूल्य र मान्यतामा आधारित शिक्षा प्रदान गर्नु एउटा प्रमुख कतर्व्य तथा जिम्मेवारी समेत स्थानीय सरकारको रहेको छ । शिक्षाले रोजगारी र आय आर्जनको अवस्थाको सिर्जना गरी मानवीय जीवनका सम्पूर्ण सम्भाव्य सक्षमताहरुको विकासको लागि मानिसको जीवनका तीनवटै स्तरहरु (क्रमशः शारीरिक, मानसिक तथा अध्यात्मिक )मा समानुपातिक विकास तथा सुधार गर्नुका साथै सामाजिक र सांस्कृतिक विकास मार्फत् सभ्य, सक्षम तथा प्रगतिशील एवं आनन्दमय समाजको निर्माण गर्न गराउन, नागरिकको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार नै भएको हुनाले यस नगरपालिकाको विशेष जिम्मेवारीका साथै कर्तव्य समेत रहेको छ ।

शिक्षामा गरिएको लगानीले विकासको समग्र पक्षमा प्रभाव पार्ने हुँदा लगानी बृद्धि तर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ । युनेस्कोद्वारा प्रकाशित EFA Global Monitoring Report ले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कूल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेट्को २० प्रतिशत शिक्षामा लगानी गर्न सुझाव दिएको छ। सोही प्रतिवेदनमा कूल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रति व्यक्ति आयमा १ प्रतिशतले बृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ । यसै गरी दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ४ मा "समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रदान गर्ने," भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शकको रूपमा अगाडि सारिएको छ ।

**ख) हालको नीतिगत प्रयास**

नेपालको संघीय लोकतान्त्रिक शासन प्रणाली अनुरूपको संविधान २०७२ अनुसार यस मुल्कमा तीन तहको सरकारको अभ्यास भइरहेको छ । संविधानतः स्थानीय सरकारलाई शिक्षा सम्बन्धी एकल अधिकार प्रदान गरिएको छ, तर शिक्षालाई राष्ट्रिय रूपमा नतिजामुखी बनाउन संघीय, प्रदेश, र स्थानीय सरकारहरू साझा रूपमा कार्यरत छन् । नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक अधिकारको रुपमा लिएको छ। सो अनुसारको व्यवहारमा देखिनु पर्ने प्रतिफलका लागि विभिन्न नीति, नियम, कार्यविधिहरु वनाई लागु भइरहेको अवस्था छ। सोहि अनुसार राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षामा पहुँच, गुणस्तर, सहभागिता, समानता तथा समतामूलक अवस्था सुनिश्चित गर्ने लक्ष्य

राखेको छ । संघीय सरकारले यी उद्देश्यहरूलाई मूर्त रूप दिन विद्यालय शिक्षा क्षेत्र सुधार योजना लागू गरेको छ, जसले तीनवटै तहका सरकारहरूबीच समन्वय गर्दै शिक्षालाई समावेशी, गुणस्तरीय, र पहुँचयुक्त बनाउन मार्गदर्शन प्रदान गर्दछ । वर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रारम्भिक शिक्षादेखि माध्यमिक शिक्षासम्मका व्यवस्थापन तथा सञ्चालनको प्रमुख जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ, जसले स्थानीय तहलाई शिक्षा नीतिको निर्माण, योजना तर्जुमा र कार्यान्वयन समेतका लागि सशक्त बनाइएको छ । यसै सन्दर्भमा, बौधिमाई नगरपालिकाले आफ्ना शैक्षिक आवश्यकताहरू, प्राथमिकता र स्थानीय विशेषताहरुको आधारमा शिक्षा क्षेत्र योजना (Education Sector Plan - ESP) तयार गरेको छ ।

यस योजनाले शिक्षालाई थप प्रभावकारी, दिगो, र समावेशी तथा समतामूलक बनाउने विश्वास लिइएको छ । शिक्षामा समयसापेक्ष सुधार गर्दै सृजनशील तथा आवश्यक र उपयोगी जनशक्ति विकास गर्न, साथै प्राकृतिक विपत्तिहरू जस्तै कोभिड (१) तथा जलवायु परिवर्तनका प्रभावहरूलाई न्यूनीकरण गर्न एउटा सक्षम तथा उत्थानशील (Resilient) शिक्षा प्रणालीको विकास अपरिहार्य छ । यसै सन्दर्भमा, बौधिमाई नगरपालिकाले शिक्षाको पहुँच, गुणस्तर, सहभागिता, समतामूलक र समावेशीकरणलाई थप सुदृढ गर्दै शिक्षा क्षेत्रको लोकतान्त्रिकरण र सापेक्षिक विकासलाई समेट्ने गरी आगामी वि.स. २०८१।०८२ देखी २०८५।०८६ सम्मका लागि आवश्यक स्रोतको आकलन गर्दै शिक्षा योजना तयार गर्ने प्रयास गरेको छ ।

**ग) वर्तमान शिक्षा तथा शैक्षिक व्यवस्थाका केही त्रुटिपूर्ण परिणामहरुः–**

मानवीय तथा जैंवीक मूल्य र मान्यताका साथै अजैवीक सत्ता समेतको संरक्षण, सम्वर्द्धन तथा आस्तित्वीक लक्ष प्राप्तितर्फ उन्मुख हुन तथा गतिशील रहन र रह्न दिन मानवमात्रको लागि चाहिने अत्यावश्यक ज्ञान, सीप तथा अभिवृत्तिहरुमध्ये तपसीलका ज्ञान, सीप तथा अभिवृत्तिहरुको विकास वर्तमान शिक्षा तथा शैक्षिक व्यवस्थाबाट हुन नसकेको देखिएका छन् :–

१. वैश्विक अभिभावकत्व (वसुधैव कुटुम्बकम) युनिभर्सल फेमिली वारे मूलभूत धारणा, ज्ञान तथा विश्वासको विकास हुन ।
२. यस विश्वमा सृष्ट अजैविक तथा जैविक अस्तित्वहरुको उत्पति तथा परिचालनका कारण, यी सबै विचका एकल एवं सामूहिक अन्तरसम्वन्ध, एव सबै जीवहरुभन्दा अति विकसित मानव समाजको यस सृष्टि प्रतिको जिम्मेवारी बोधको विकास ।
३. मानवीय जीवनलाई भौतिक एवं भोगवादी प्रवृत्ति तर्फ केन्द्रित गरी जीवनको वास्तवीक ज्ञानबाट परिचित ।
४. आफु बाहेकका व्यक्ति एवं जीवहरुको स्वस्थ जीवन, आवश्यकता, इच्छा एव आकांक्षाहरु बारे अज्ञात रहनुका साथै जिम्मेवारीको वोध ।

५. जीवको अस्तित्वलाई भौतिक अस्तित्वको रुपमा मात्र जान्नु र स्वीकार गर्नु एवं तीनका मन र चेतनाको बोध एवं विकास ।
६. प्रत्येक प्राणी बिच रहेको एकात्मक भावको ज्ञान र विकास ।
७. समाजमा भए देखिएका विकृतिहरुलाई पहिचान गर्न नसक्नु तथा पहिचान गरेका विकृतिहरु विरुद्ध संघर्ष गर्ने मनोवल एवं आत्मबलको विकास ।
८. मानव मात्रमा अन्तर्निहित सम्प"र्ण सम्भाव्य क्षमताहरु–(कमशः शारीरिक, मानसिक तथा अध्यात्मिक) को पूर्ण एवं सन्तुलित विकास ।
९. "Doing everything for the welfare of all living and non-living beings and one's own liberation." "आत्म मोक्षार्थं जगत हितायच" । प्रत्येक सजीव, निर्जीव अस्तित्वको लागि कल्याणकारी कार्य तथा आफ्नो मोक्ष अर्थात् जीवनको लक्ष अर्थात् दुख र सुखको बन्धनबाट मुक्त हुने कार्य गर्नु नै मानवीय जीवनको आदर्श हो भन्ने कुरालाई जान्न तथा स्वीकार गर्न सक्ने ज्ञानः र क्षमताको विकास ।
१०. आजका यूवावर्ग आफ्नै गाउंठाउंमा रहेका प्राकृतिक श्रोत र साधनका साथै रैथाने ज्ञान र सीपहरुको उपयोग गरी जीवनका न्यूनतम् आवश्यकताहरुको परिपूर्ति गर्दै मानवीय जीवनको लक्ष्य तर्फ गतिशील हुन नसकी अधिक भौतिक लोभ र आकान्क्षा तर्फ आकर्षित भई आफ्नो घर, परिवार, समाज तथा पारिवारिक एवं सामाजिक प्रेम तथा सद्भाव समेतलाई तिलान्जली दिई विदेशिनु परेको अवस्थालाई रोक्ने अवस्थाको विकास ।
११. समाज र विश्वमा भएका एवं भइरहेका कुनै पनि विषय, वस्तु तथा घटनाबारे अधिकांश नागरिकहरुमा अध्ययन, चिन्तन, विश्लेषण, व्याख्या र प्रयोग बारे वैज्ञानिक चिन्तन, कारणयूक्त एवं तर्कयूक्त सोंच र अभिव्यक्ति आदिको विकास ।
१२. आत्म रक्षा तथा अरुको रक्षा गर्न सक्ने आवश्यक ज्ञान, सीप र अभिवृत्तिको विकास ।
१३. अधिकांश यूवावर्गमा जीवन प्रतिको सकारात्मक भावको विकास ।

## १.२ बौधीमाई नगरपालिकाको समंग्र सन्दर्भ

रौतहट जिल्लामा विद्यमान १८ वटा स्थानीय तहहरुमध्ये बौधिमाई नगरपालिका जिल्लाको दक्षिण पश्चिम भागमा रहेको एउटा नगरपालिका हो । साविकका अजगैवी, इनर्वा, इनरवारी– जिउताही, पिपरीया (परोहा) र सरमुजवा गरी ५ वटा गाविसहरु मिलेर बनेको यो नगरपालिका ३५.३६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यहां ६,०७८ घरधुरी रहेको छ । मधेश प्रदेश अन्तरगत समथर तराई मधेसी भेगको विशेषता बोकेको यो नगरपालिको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्था, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकासका संभावनाहरुलाई देहाय बमोजिमका शीर्षकहरुमा व्याख्या गरिएको छ ।

### १.२.१ भौगोलिक अवस्थिति

समुन्द्री सतहको करिब ९१५ मिटरसम्मको उचाईमा रहेको यस बौधिमाई नगरपालिका क्षेत्रको भौगोगिक अवस्थितिका हिसाबले २६ डिग्री ५१ मिनेट ४७ सेकेण्ड देखि २६ डिग्री ५५ मिनेट १९ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री ९ मिनेट ४७ सेकेण्ड देखि ८५ डिग्री १६ मिनेट २१ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ ।

### १.२.२ ऐतिहासिक चिनारी तथा नामाकरण

बौधिमाई नगरपालिका ऐतिहासिक, धार्मिक, साँस्कृतिक र प्राकृतिक रुपले यस प्रदेशकै फरक विषेशता बोकेको क्षेत्र हो । साविक तराईको मधेशी भेग अर्न्तगत रहेका ५ वटा गा.वि.स.हरु मिलाएर वि.सं. २०७३ सालमा यस नगरपालिकाको गठन गरिएको हो । यस नगरपालिका वडा नं.१ बैाधा टोलमा रहेको बौधीमाई देवीको स्थल निकै पुरानो रहेको र सोही देवीको नाउंमा नामाकरण गरिएका यस नगरपालिकाको नाम बौधीमाई नगरपालिका राखिएको हो

यस नगरपालिका भित्रका विभिन्न वार्डहरुमा रहेका मठ, मन्दिर, मदरसा, मस्जिद, तथा आफ्नै इतिहास क़ायम राखेका ऐतिहासिक पोखरी एवं विशीष्ट पहिचान भएका स्थलहरुमा क्रमशः १ बौधा टोलमा अवस्थित पौराणिक बौधीमाताको मन्दिर, (जसको नाउंमा बौधा भन्ने गाउंको नामाकरण भएको) एक र ब्रम्ह स्थान तथा गाउंको दक्षिणमा आधारभूत विद्यालयको प्रांगणमा सपही माईको मन्दिर तथा यसै विद्यालयका बर्तमान प्र.अ.श्री रामलाल ठाकुरजीको र वि.व्य.स.को सक्रियतामा निर्माण भएको सरस्वति मन्दिर पनि रहेका छन् । साथै बौधा र अजगैवीको बीचमा रामजानकी मठ रहेको छ । अजगैवी टोलमा पौराणिक पोखरी र सो पोखरीको किनारामा रहेको भगवति देवीको पौराणिक मन्दिर एक तथा सोही स्थानदेखि मश्चिममा समय माईको मन्दिर अवस्थित छ। साथ साथै बौधा आधारभुत विद्यालयको पश्चिम पट्टि हनुमान मन्दिर र अजगवी दुवै टोलको वीच पोखरीको किनारमा शीव मन्दिर एवं अजगैवी पूर्व टोलामा ब्रम्ह बाबा तथा भगवतीको मन्दिरको साथै यस गाउंको दक्षिणमा समई माईका मन्दिर पनि रहेको छ ।

वार्ड नं.२ इनरवामा भएको पौराणिक पोखरी तथा सो पोखरीको किनारामा भएको शीव मन्दिर एक, इनरवा टोलकै पश्चिममा जयदेवी माई तथा समई माईका मन्दिर र यसै गाउंको उतरमा टिकुल महारानीको मन्दिर एवं उत्तर पूर्वमा अर्को टिकुल महारानीको मन्दिर तथा इनरवा गाउंको बीचमा रेडकस कार्यालय नजीक ब्रम्हबाबा तथा भगवती माई को मन्दिर अवस्थि रहेको छ । साथै इनरवा बकैया पारी सामुदायिक विद्यालयकै छेउमा रामजानकी मठ रहेको छ र सोही मठको नाउंमा रामजानकी प्राथमिक विद्यालय पनि संचालित छ । करीब वि.सं.२०१० सालमा सोही मठमा श्री रामजानकी विद्यालयको स्थापना भई संचालनमा आएको विद्यालय नै हालसम्म विभिन्न आरोह अवरोह

१.२.१ भौगोलिक अवस्थिति

समुन्द्री सतहको करिब ९१५ मिटरसम्मको उचाईमा रहेको यस बौधिमाई नगरपालिका क्षेत्रको भौगोगिक अवस्थितिका हिसाबले २६ डिग्री ५१ मिनेट ४७ सेकेण्ड देखि २६ डिग्री ५५ मिनेट १९ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री ९ मिनेट ४७ सेकेण्ड देखि ८५ डिग्री १६ मिनेट २१ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ ।

१.२.२ ऐतिहासिक चिनारी तथा नामाकरण

बौधिमाई नगरपालिका ऐतिहासिक, धार्मिक, साँस्कृतिक र प्राकृतिक रुपले यस प्रदेशकै फरक विषेशता बोकेको क्षेत्र हो । साविक तराईको मधेशी भेग अर्न्तगत रहेका ५ वटा गा.वि.स.हरु मिलाएर वि.सं. २०७३ सालमा यस नगरपालिकाको गठन गरिएको हो । यस नगरपालिका वडा नं.१ बैाधा टोलमा रहेको बौधीमाई देवीको स्थल निकै पुरानो रहेको र सोही देवीको नाउंमा नामाकरण गरिएका यस नगरपालिकाको नाम बौधीमाई नगरपालिका राखिएको हो

यस नगरपालिका भित्रका विभिन्न वार्डहरुमा रहेका मठ, मन्दिर, मदरसा, मस्जिद, तथा आफ्नै इतिहास क़ायम राखेका ऐतिहासिक पोखरी एवं विशीष्ट पहिचान भएका स्थलहरुमा क्रमशः १ बौधा टोलमा अवस्थित पौराणिक बौधीमाताको मन्दिर, (जसको नाउंमा बौधा भन्ने गाउंको नामाकरण भएको) एक र ब्रम्ह स्थान तथा गाउंको दक्षिणमा आधारभूत विद्यालयको प्रांगणमा सपही माईको मन्दिर तथा यसै विद्यालयका बर्तमान प्र.अ.श्री रामलाल ठाकुरजीको र वि.व्य.स.को सक्रियतामा निर्माण भएको सरस्वति मन्दिर पनि रहेका छन् । साथै बौधा र अजगैवीको बीचमा रामजानकी मठ रहेको छ । अजगैवी टोलमा पौराणिक पोखरी र सो पोखरीको किनारामा रहेको भगवति देवीको पौराणिक मन्दिर एक तथा सोही स्थानदेखि पशिचममा समय माईको मन्दिर अवस्थित छ । साथ साथै बौधा आधारभुत विद्यालयको पश्चिम पटि्ट हनुमान मन्दिर र अजगवी दुवै टोलको वीच पोखरीको किनारमा शीव मन्दिर एवं अजगैवी पूर्व टोलामा ब्रम्ह बाबा तथा भगवतीको मन्दिरको साथै यस गाउंको दक्षिणमा समई माईका मन्दिर पनि रहेको छ ।

वार्ड नं.२ इनरवामा भएको पौराणिक पोखरी तथा सो पोखरीको किनारामा भएको शीव मन्दिर एक, इनरवा टोलकै पशिचममा जयदेवी माई तथा समई माईका मन्दिर र यसै गाउंको उतरमा टिकुल महारानीको मन्दिर एवं उत्तर पूर्वमा अर्को टिकुल महारानीको मन्दिर तथा इनरवा गाउंको बीचमा रेडक्रस कार्यालय नजीक ब्रम्हबाबा तथा भगवती माई को मन्दिर अवस्थि रहेको छ । साथै इनरवा बकैया पारी सामुदायिक विद्यालयकै छेउमा रामजानकी मठ रहेको छ र सोही मठको नाउंमा रामजानकी प्राथमिक विद्यालय पनि संचालित छ । करीब वि.सं.२०१० सालमा सोही मठमा श्री रामजानकी विद्यालयको स्थापना भई संचालनमा आएको विद्यालय नै हालसम्म विभिन्न आरोह अवरोह

पार गर्दै आएको विद्यालय हो । यसै वार्डको यस टोलको दक्षिण पूर्वको कुनामा स्वास्थ्य चौकी नजीकै रामजानकी मठ पनि पुरानै रहेको छ ।

बौधिमाई वार्ड नं.३ मटियर्वामा रहेको पौराणिक कालदेखि रामजानकी मन्दिर एवं मठ पनि रहेको र यस मटियर्वा गाउंको पूर्व लालबकैयाको छेउमा भएको हनुमान मन्दिर तथा मटियर्वा गाउंदखि उतरमा समे माई र ब्रम्ह बाबाको मन्दिर एवं ज्युताही भन्ने टोलमा सन्त कवीर दासको दर्शनमा आधारित भक्त सतसाहेबको आश्रम रहेको छ

वार्ड नं.४ इनरवारी गाउको उत्तरमा रहेको अतिपौराणिक पोखरी र सो पोखरीको किनारामा रहेको बुढियामाईको पौराणिक मन्दिर एक, सोही गांउको दक्षिणमा रहेको पौराणिक पोखरी तथा सो पोखरीको पश्चिम डीलमा शीव मन्दिर एक तथा करिब १ किलोमिटर दक्षिणमा स्थित हरैया ब्रम्हबाबाको अतिपौराणिक मन्दिरका साथै यस इनरवारी गाउंको दक्षिण पश्चिम कोणमा एक अतिपौराणिक मठ, जसलाई श्री त्रिवेणी दास बाबाको मठ तथा रामजानकी मन्दिरको नामले प्रख्यात छ, (यस मठको जायजथाले काठमाण्डौको त्रिपुरेश्वर – थापाथलीको बीच बागमति नदीको उत्तरी किनारामा करिब एक विगहा जग्गामा अतिपुरानो समयमा मठ तथा धर्मशालाको निर्माण गरी आजसम्म संचालनमा आइरहेको छ) एक भएको, त्यस्तै ऐजन इनरवारी गाउंमै यस गाउंको उत्तरमा अति पुरानो रामजानकी मन्दिर तथा मठ पनि आफ्नै जायजत्था भएको मठ तथा यसै गाउंको पूर्वमा पनि रामजानकी मठ जुन रामशोभा दास महात्माको नामले प्रख्यात छ । साथै यस गाउंको दक्षिणमा श्री अच्छेलाल साहको भवनको एउटा ठुलो बाराण्डामा करीब वि.सं.२००८।००९सालमा ने.रा.प्रा.विद्यालयको स्थापना भई संचालनमा आएको र पछि सोही विद्यालयको भवन हाल भएको माध्यमिक विद्यालय इनरवारी भएको जग्गामा निर्माण भई संचालनमा आएको हो । त्यसैगरी यसै गरी यस इनरवारी गाउंको बीचमा अति पुरानो समयदेखि संचालनमा आएको बाजार अझै संचालन भइरहेको छ जुन यस जिल्लाका मुख्य चारवटा बाजारहरु क्रमशः कटहरिया, समनपुर, पिप्रा तथा इनरवारी मध्ये एक एवं प्रमुख पनि हो ।

यस न.पा.को वा.नं. ५ कोपवाको पूर्वमा रहेको भागिरथ बाबाको एवं सोको छेवैमा रहेको ब्रम्हबाबाको पनि अतिपौराणिक मन्दिरहरु रहेका छन् । साथै यस कोपवा गांउको पश्चिममा रहेको अतिपौराणिक पोखरी हुनुका साथै हालको रजैया सडक कोपवा चौकैको छेउमा रहेको रामजानकी मन्दिर पनि एउटा ऐतिहासिक पहिचान राखेको छ, साथै यसै मन्दिरको प्रांगणमा तत्कालीन पिपरिया गाउं पंचायतका उपप्रधान पंच एवं वडा नं ६ (हाल वडा नं ५ भएको) निवासी सामाजिक कार्यकर्ता श्री भोला राय यादवज्यूका सहयोग तथा सकियतामा करीव वि.सं.२०११।१२ सालमा स्थापना भएका श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय कोपवाको नामले संचालन भएका विद्यालय हाल ने.रा.आधारभूत प्रा.वि.कोपवा नामले संचालन भइरहेको छ । साथै यस कोपवा टोलको दक्षिण पश्चिम समाजसेवी श्री भोला राय यादवज्यूको खरिहान भएको स्थानमा भगवतीमाईको मन्दिर पनि ऐतिहासिक महत्वको

मन्दिर रहेको छ । त्यस्तै यस न.पा.को वा.नं.५ मै रहेको एवं भकुवा नदीको किनारामा रहेको घोडही माई माताको मन्दिर साथै सोही ठाउंको भकुवा खोलाको वारी पारी प्रसिद्ध तथा हिन्दू परम्परा अनुसार मनाइने छठ्ठी माताको सामुहिक ब्रत गर्ने स्थल रहेको जहां यस ठाउंमा यस वौधीमाई नगरपालिकाका वडा नं.५,६,७ एवं परोहा नगरपालिकाका नरकटिया एवं खाप टोल समेतका जनता एवं भक्तहरुको साझा छठ ब्रत स्थलको रुपमारहेका हुंदा सोको पनि आफ्नै ऐतिहासिक पहिचान रहेको छ । यसैगरी यस वडाको कोपवा दक्षिणी भागमा ब्रम्ह बाबाको मन्दिर प्रख्यात रहेको छ । यसै वडाको सानो कोपवामा जसलाई शेखौना कोपवा पनि भन्ने गरिन्छ, त्यहां एउटा मस्जिद एवं मदरसा पनि संचालनमा रहेको छ जहां इस्लाम धर्मको प्रारम्भिक ज्ञान यस टोलका वासीहरुको वच्चाहरुलाई दिने गरिन्छ । एवं यसै टोलको पश्चिमा ब्रम्ह बाबाको मन्दिर पनि रहको छ साथै यसै वडाको भकुवा नदी पारी रामजानकी मठ पनि रहेको छ ।

त्यसै गरी यस न.पा.का. वा.नं.६ पिपरियाको उत्तरपूर्व कुनामा रहेको पौराणिक पोखरी र सो पोखरीदेखि करीव १ किलोमिटर उत्तरपूर्वमा रहेका अतिपौराणिक मन्दिर ब्रम्हबाबाको मन्दिर रहेका, साथै यसै गांउको उत्तर करिव १ किलोमिटरको दूरीमा अवस्थित मलंगबाबाको अतिपौराणिक स्थल भएको, यस्तै यसै गांउको दक्षिणमा स्थित अतिपौराणिक मन्दिर दूर्गा देवीको मन्दिर(माईस्थानको नामले प्रसिद्ध) तथा दक्षिण पश्चिममा रहेको कोइली माईको पौराणिक मन्दिरका साथै पश्चिममा सपही माताको अतिपौराणिक स्थलका साथै यस पिपरिया गाउंसंगै पूर्वमा रहेको अतिपौराणिक एउटा मठ ( जसलाई रामजानकी मठ भनिन्छ) पनि रहेको छ, र यसै मठको प्रांगणमा करीब २०१५ सालमा नेपाल राष्ट्रिय विद्यालयको स्थापना भई संचालनमा आएको र सोही विद्यालयको नयां भवन सोही गाउंकी एकजना जग्गा दात्री श्रीमति ज्योति देवी एवं नीजकी छोरी शारदा कलवारले जग्गा प्रदान गरी भवन समेत तत्कालीन पिपरिया गाउं पंचायत एवं सो पंचायतका तत्कालीन प्रधान पंच श्री जगदीश राय यादव एवं तत्कालीन नेपाल सरकारका प्रहरी हवलदार श्री शीव हजराको सक्रियता तथा सहयोगमा निर्माण गराई संचालनमा आएको विद्यालय आजको समयमा श्री शारदा उच्च माध्यमिक विद्यालय रहेको अवस्था छ । यसका साथै यसै गाउंका उत्तर मियां टोल नामले जानिने टोलमा पुरानै समयदेखि संचालनमा आएको एउटा मस्जिद रहेको छ जसमा इस्लाम धर्म सम्वन्धी प्रारम्भिक ज्ञान यस टोलका निवासीका साथै यस टोलका निवासीहरुका वच्चाहरुलाई दिने गरिन्छ । यस पिपरिया गाउंदेखि दक्षिण र पश्चिममा कंकाली माताको मन्दिर तथा यस गाउंको पूर्वमा समे माईको मन्दिर पनि अति पुरानो अवस्थाको छ । त्यस्तै यस न.पा.को वा.नं. ७ बंकुल गांउको पूर्व टोलको दक्षिणमा रहेको ब्रम्ह स्थान, उत्तरमा बेलकेश्वर महादेव स्थान एवं यसै टोलको पश्चिममा भगवति मन्दिर र यस वार्डका वीच टोलमा रामजानकी मठ तथा यसै टोलमा पर्ने बंकुल बाजारमा दूर्गा मन्दिर तथा पश्चिम बंकुलको गांउकै छेउमा रहेको ब्रम्ह मन्दिर तथा रामजानकी मठको पनि आफ्नै एतिहासिक पहिचान रहेको छ । त्यस्तै यसै टालको मुशलिम वस्तीमा एउटा मोक्तम एवं मस्जिद पनि रहेको छ । साथै यस टोलको पश्चिम अरुवा नदीको किनारमा छठ्ठी घाट पनि रहेको छ ।

यस न.पा.को वार्ड नं.८ सरमुज्जवाको उत्तरपूर्व भकुवा खोलाको किनारमा स्थित अति पौराणिक गुजरामाईको मन्दिर, तथा छठ्ठी माताको पूजा गर्ने स्थल र सोही ठाउंको खोलाको किनारामा श्मशान घाट पनि रहेको छ जुन एउटा ऐतिहासिक महत्व बोकेको पहिचान रहेको छ। यसै वडाको पश्चिमा कंकाली माई र सोभन्दा पश्चिम चनरीमाईको मन्दिर तथा यो मन्दिरदेखि पश्चिम उत्तर सुनरमाई मन्जिर रहेको छ । यसै वडाको वीच दलित टोलमा ब्रम्हबाबाको मन्दिर पनि रहेको छ । यस सरमुज्जवा गाउंको पूर्वमा रामजानकी मठ रहेको छ। वडा नं. ८ कै वीचमा चौरसिया माई मन्दिर तथा महादेव मन्दिर र शंकर मा.वि.को दक्षिणमा पथरी माईको मन्दिर र उत्तरमा चैनपुरको ब्रम्ह बाबाको मन्दिर पनि अवस्थित छ। साथै वडा नं. ८ संग जोडिएको बारा जिल्लाको सिमाना अरुवा नदीको किनारामा छट घाट र श्मशान घाट पनि रहेको छ।

यस्तै यस न.पा.को वा.नं. ९ सरमुजवा गांउको उत्तरमा स्थित ब्रम्हबाबाको अति पौराणिक मन्दिर तथा पूर्व उत्तरमा समे माईको मन्दिर र उत्तरमा विश्वबन्धुनाथ शीव मन्दिर, र सो मन्दिरकै नजीकमा सपहीमाई, बैजू बाबा, मलंग बाबा, भैरव बाबा मन्दिर तथा शनिदेवका मन्दिरहरु पनि रहेको, सो दखि पश्चिम अरुवा खोलाको किनारमा छठ्ठी घाट रहेको छ। सोही ठाउंमा नजीकै श्मशान घाट पनि रहेको छ। त्यस्तै यसै वडाको उत्तर पदम रोडसंग जोडिएको हनुमान चौकमा हनुमान मन्दिर पनि रहेको छ।

### १.२.३ राजनैतिक अवस्था

बौधिमाई नगरपालिका मधेश प्रदेश अर्न्तगत रौतहट जिल्लामा अवस्थित रहेको छ। साविकका ५ गाविसहरु समावेश गरी बनाइएको यस नगरपालिकामा ९ वटा वडाहरु रहेका छन्। रौतहट जिल्लामा विद्यमान १६ नगरपालिका र २ गाउँपालिका गरी १८ स्थानीय तह मध्ये बौधिमाई नगरपालिका पनि एक नगरपालिका हो। हाल यस नगरपालिकाको अस्थायी केन्द्र साविक सरमुजवा गाविसको कार्यालय बंकुल भन्ने स्थानमा रहेको छ। पूर्ववत रुपमा नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने नारायणी अञ्चलको रौतहट जिल्लामा रहेको यो नगरपालिका जिल्ला भित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लामा ४ निर्वाचन क्षेत्रहरु मध्ये २ नंवर क्षेत्रमा रहेको र मदेश प्रदेश सभा निर्वाचन प्रयोजनका लागि क्षेत्र नं. २ अन्तर्गत क्षेत्रको “ख” मा पर्दछ।

नगरपालिकाको वडागत क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।


***तालिका १ बौधिमाई नगरपालिकाको राजनितिक विभाजन***

| वडा नं. | समावेश साविकका गाविसहरु | क्षेत्रफल (वर्ग कि.मि.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | अजगैवी (१-९) | ३.५८ | १०.१२ |
| २ | इनर्वा (१-७) | ४.०५ | ११.४५ |
| ३ | इनर्वा (८,९) र इनरवारी जिउताही (८,९) | ५.६७ | १६.०४ |

| वडा नं. | समावेश साविकका गाविसहरु | क्षेत्रफल (वर्ग कि.मि.मा) | प्रतिशत |
|---|---|---|---|
| ४ | इनरवारी जिउताही (१-७) | ३.७९ | १०.७२ |
| ५ | पिपरीया परोहा (६-९) | ४.४३ | १२.५३ |
| ६ | पिपरीया परोहा (१-५) | ५.५७ | १५.७५ |
| ७ | सरमुजवा (७,८,९) | ३.९३ | ११.११ |
| ८ | सरमुजवा (४-६) | १.८६ | ५.२६ |
| ९ | सरमुजवा (१-३) | २.४८ | ७.०१ |

***श्रोत: स्थानीय तह पुनरसंरचना आयोगको प्रतिवेदन, २०७३***

***नक्शा २.१: नगरपालिकाको राजनितिक विभाजन***




***श्रोत: स्थानीय तह पुनरसंरचना आयोगको प्रतिवेदन, २०७३***

### १.२.४ धरातलीय अवस्था

मधेश प्रदेश अर्न्तगत रौतहट जिल्लाको बौधिमाई नगरपालिका तराई क्षेत्रको समथर मधेसको एक पहिचानको रुपमा रहेको छ । यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले अधिकांश भूभाग खेतीयोग्य, वन तथा खोला नालाले ओगटेको छ । यस नगरपालिका भित्र साविकका अजगैवी, इनर्वा, इनरवारी जिउताही, पिपरीया परोहा र सरमुजवा गाविसहरुमा समथर जमिन रहेको छ । यस नगरपालिकाका भौगोलिक क्षेत्र भएर बग्ने नदीहरु कमश: लालबकैया र भकुवा पर्दछन् जहां बार्है महिना पानी अनवरत रुपमा बगी रहन्छ । त्यसै गरी यस न.पा.का. मध्यभागमा रहेको सोती खोला पनि आफ्नो ऐतिहासि महत्वको स्थान ओगटेको छ । यस देशकै ऐतिहासिक राजमार्ग पदम रोडको नाउंले प्रख्यात रजैया सडक पनि भनिने राजमार्गको करीव ७ किलोमिटर यस नगरपालिकामो मध्य भाग भएर गएको छ ।

### १.२.५ भू–उपयोगको अवस्था

नगरपालिकाको कूल क्षेत्रफल ३५.३६ वर्ग कि.मि. मध्ये ९८.२४ प्रतिशत क्षेत्रमा खेती गरिन्छ। १.०७ प्रतिशत क्षेत्र खोलानालाले ढाकेको छ भने यो नगरापालिलका दक्षिण तराईमा पर्ने भएकोले यहां खासै जंगल छैन । नदी तथा खोलाको छेउछाउमा वन जंगल तथा झाडीहरु रहेको तथा करिव ०.१५ प्रतिशतमा आंप, लिची, शिसम् एवं अन्य फलफूलका रुखहरु भएको बगैचा रहेको छ ।

**तालिका १: भूउपयोगको अवस्था**

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि.मि.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | ३४.७४ | ९८.२४ |
| २ | बाँझो जमिन | ०.०६ | ०.१६ |
| ३ | बगैचा | ०.०५ | ०.१५ |
| ४ | ताल वा पोखरी | ०.०३ | ०.०८ |
| ५ | जल क्षेत्र | ०.३८ | १.०७ |
| | **जम्मा** | ३५.३६ | १००.०० |

Source: Land Resource Mapping Project (LRMP)

### १.२.६ साँस्कृतिक अवस्था


धार्मिक तथा ऐतिहासिक महत्व बोकेको यस क्षेत्रमा हिन्दु सँस्कृतिको अनुपम संगम स्थलको रुपमा रहेको छ। मधेशी समुदायमा विशीष्ट पहिचान रहेका ब्रम्हण, राजपुत, यादव, कलवार, तेली, कुर्मी, कोइरी, कानु, सोनार, आदि जातजातिहरुका साथै तराई आदीबासी जनजाती, तराई दलित तथा मुस्लिम जातीमा शेख, पैठान, देवान, अन्सारी आदिको मिश्रीत ब्रसोवास रहेको यस नगरपालिकामा मुख्य बोलिचालिको भाषा बज्जिका रहेको छ भने भारतको सिमानासंग टांसिएको रहेकोले सम्पर्क भाषाको रुपमा हिंदी भाषा पनि चलनचल्तीमा रहेको छ। धार्मिक रुपमा हिन्दु धर्मावलम्बीहरुको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरुमा रक्षाबन्धन, कृष्ण जन्माष्टमी, एकादशी पर्व, सोह्र सोम्बारे, आंईतवारी, जितिया, कर्मधपित्री श्राद्ध कर्म, दशैं, तिहार, गोबर्धन पुजा, छठ, कार्त्तिक पुजा, माघेसंक्रान्ती, विवाह पञ्चमी, चैते दशैं, चैते छठ, फागुपूर्णिमा आदि रहेका छन् भने इश्लाम धर्मावलम्बीहरुले इद, बकरइद, रमजान, खुत्वा आदि पर्वहरु मनाउने गरेका छन् । धार्मिक तथा भाषिक रुपमा करिव एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने बिभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभुषाका रुपमा पुरुषहरुले मुख्य रुपमा कुर्ता पैजामा, धोती कुर्ता, लुंगी र गम्छा तथा महिलाले कुर्ता सुरुवाल, लहंगा, साडी, धोती, चोली, बुर्का लगाउने गर्दछन ।

१.२.७ जनसंख्याको बनौटः–११५ अनुसूचि १ मा देखाइएको छ ।

### १.२.८ आर्थिक परिदृशय

कृषि गणना २०७८ अनुसार बौधिमाई नगरपालिकामा कुल ४,६१० कृषक परिवार रहेका छन्, जसले ३,१०४.४ हेक्टर क्षेत्रफलमा कृषि कार्य सञ्चालन गर्दै आएका छन । यस नगरपालिकामा कृषक परिवारहरूले चलन गरेको जग्गा १३,७५१ कित्तामा विभाजित छ, जसमा २,००१.५ हेक्टर क्षेत्रफल सिंचित रहेको छ । कूल खेतियोग्य जमिन २,८७७.२ हेक्टर रहेको छ, जुन ४,५३० कृषक परिवारको स्वामित्वमा छ । धान खेती यहाँको प्रमुख कृषि उत्पादन हो, जसमा ४,५५८ परिवारले २,७३३.२ हेक्टर क्षेत्रमा खेती गर्दै आएका छन । त्यसैगरी, ३,०५२ परिवारले १,८०३.८ हेक्टर जमिनमा गहुँ खेती गर्दछन् भने, ६३० परिवारले १५२.६ हेक्टर क्षेत्रमा मकै खेती गरिरहेका छन । फलफूल खेती पनि यहाँको कृषि प्रणालीको अभिन्न अंग रहेको छ, जसमा सम्पूर्ण ४,६१० कृषक परिवार संलग्न छन । यस नगरपालिकामा पशुपालन कार्य पनि महत्त्वपूर्ण छ, जहाँ ३,४६६ कृषक परिवारले गाई, भैंसी, बाख्रा, कुखुरा तथा अन्य पशुपन्छीं पालन गर्दै आएका छन । यो तथ्यांकले बौधिमाई नगरपालिकाको कृषि क्षेत्र विविध र समृद्ध रहेको देखाउँछ, जहाँ खाद्यान्न उत्पादनसँगै फलफूल तथा पशुपालनमा समेत कृषकहरू सक्रिय छन । कृषि उत्पादनलाई प्रवर्द्धन गर्न आधुनिक प्रविधि, सिंचाइ व्यवस्थापन, र सहकारी प्रणालीलाई सुदृढ बनाउने आवश्यक देखिन्छ ।

त्यस्तै रोजगारको अवस्थालाई हेर्दा जनगनण २०७८ को तथ्यांक अनुसार बौधिमाई नगरपालिकामा समग्र रोजगार दर ९३ प्रतिशत रहेको छ, जसमा पुरुषहरूको ९३.८ प्रतिशत र महिलाहरूको ९२ प्रतिशत रोजगारमा छन । यद्यपि बेरोजगारी दरको विश्लेषण गर्दा पुरुषहरूको ६.२ प्रतिशत र महिलाहरूको ८ पतिशत बेरोजगार रहेको देखिन्छ, जसले महिलाहरू रोजगार प्राप्त गर्न अझै केही चुनौती झेलिरहेको संकेत गर्छ । यस नगरपालिकामा कुल बेरोजगारी दर ८ प्रतिशत रहेको छ, जुन तुलनात्मक रूपमा कम भए पनि, विशेषगरी महिलाहरूको उच्च बेरोजगारी दरलाई सम्बोधन गर्न आवश्यक देखिन्छ । महिलाहरूका लागि रोजगारीका अवसरहरू वृद्धि गर्न सीपमूलक तालिम, उद्यमशीलताको प्रवर्द्धन, तथा रोजगारीमैत्री नीतिहरू आवश्यक देखिन्छ । समग्र रूपमा, नगरपालिकामा रोजगार दर उच्च देखिएता पनि बेरोजगार जनसंख्याको उचित व्यवस्थापन गर्न विशेष ध्यान दिनु आवश्यक छ, जसले दिगो आर्थिक विकासमा योगदान पुर्‍याउन सक्छ ।



## १.३ यस नगरपालिकांको शैक्षिक सन्दर्भ

### १.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एउटा बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त लोकतान्त्रिक गणतन्त्र देश हो, जहाँको शिक्षा प्रणालीमा ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवर्तनहरूले निरन्तर प्रभाव पार्दै आएका छन । वि.सं.२०६३ सालको राजनीतिक परिवर्तनपछि शिक्षामा सुधारका विभिन्न प्रयासहरू भए तापनि अझै पनि धेरै चुनौतीहरू यथावत् छन । नेपालमा प्रारम्भिक शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क बनाउन, गुणस्तरीय तथा व्यावसायिक शिक्षालाई सुदृढ गर्न र आधुनिक एवं वैज्ञानिक शिक्षाको विकासमा ध्यान दिन आवश्यक छ । विशेष गरी बढ्दो बेरोजगारीको समस्या समाधान गर्न नागरिकहरुलाई आत्मनिर्भर बनाउन प्राविधिक तथा व्यावसायिक शिक्षालाई उच्च प्राथमिकता दिन जरुरी छ । त्यस्तै विविध भाषा, लिपि, संस्कृति, र परम्पराहरूको संरक्षण गर्दै समावेशी तथा समतामूलक शिक्षाको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता छ । शिक्षाले समाजलाई आधुनिक प्रविधि र विश्वव्यापी प्रतिस्पर्धासँग जोड्ने मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा नेपालको पहिचान मजबुत बनाउन योगदान गर्नु सक्नु पर्छ । साथै, नागरिकहरुलाई सामाजिक, आर्थिक, तथा सांस्कृतिक रूपमा परिपक्व बनाउन, सहिष्णुता, भाइचारा, र सहयोगको भावना विकास गर्न सक्ने शिक्षा प्रणाली प्रभावकारी हुन आवश्यक छ ।

### १.३.२ नितिगत प्रबन्ध

नेपालको संविधान २०७२ ले शिक्षाको अधिकारलाई मौलिक हकको रूपमा परिभाषित गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ लाई कार्यान्वयनमा ल्याएको छ । यस ऐन अनुसार आधारभूत शिक्षा कक्षा १ देखि कक्षा ८ सम्म तथा माध्यमिक शिक्षा कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिएको छ, जसको कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरिएको छ । यस अनुरुप बौधिमाई नगरपालिकाले यस कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्न दीर्घकालीन शिक्षा योजना तथा नीतिहरू तर्जुमा गर्नुपर्ने देखिन्छ । संघीय सरकारले बनाएको १६ औं आवधिक योजना, विद्यालय क्षेत्र विकास योजना (SSDP) अनुसार शिक्षामा समता, गुणस्तर र सक्षमता वृद्धि गर्ने लक्ष्य राखिएको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र उनीहरूको निरन्तर सिकाइ उपलब्धिमा सुधार ल्याउने दायित्व स्थानीय तहकै हो । तथापि, बौधिमाई नगरपालिकामा विद्यालय क्षेत्रमा क्रमिक विकास भए पनि अपेक्षाकृत रुपाम शिक्षामा समता, गुणस्तर, शिक्षकको सक्षमता वृद्धि र विद्याथीहरुको सिकाईमा उपलव्धि हुन सकेका छैन । अतः स्थानीय सरकारको उत्तरदायित्वप्रति गम्भीर समीक्षा आवश्यक रहेको देखाउछ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षासम्बन्धी नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा सुधारका लागि पूर्ण अधिकार प्रदान गरेको छ । तसर्थ बौधिमाई नगरपालिकाले आफ्नो शिक्षा नीतिलाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐनसँग समायोजन गर्दै निम्न सुधारहरू गर्नुपर्ने आवश्यकता देखिन्छ । तर त्यसका लागि आवशयक स्रोत साधन तथा प्राविधिक दक्षताको अभावका कारण योजना कार्यान्वयनमा चुनौतीहरू देखिएका छन । विशेष गरी, स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको खाँचो महसुस गरिएको छ । विद्यालय शिक्षाको दीर्घकालीन सुधारका लागि स्थानीय सरकार, शिक्षक, अभिभावक, र समुदायबीचको साझेदारी आवश्यक छ । साथै नीति निर्माणमा स्थानीय तहले संघीय तथा प्रदेश सरकारहरुसँग समन्वय गर्दै विद्यालय शिक्षामा आवश्यक भौतिक पूर्वाधार, गुणस्तरीय सिकाइ सामग्री र शिक्षकको क्षमता अभिवृद्धि गर्न दीर्घकालीन योजना बनाउनुपर्ने देखिन्छ। यसर्थ, बौधिमाई नगरपालिकाले आफ्नो शिक्षासम्बन्धी नीति, स्रोत साधनको परिचालन, शिक्षक व्यवस्थापन तथा विद्यार्थी सिकाइ सुधारका कार्यक्रमहरू संघीय कानून तथा स्थानीय सरकार सञ्चालन ऐन अनुरूप परिमार्जन गर्दै व्यावहारिक योजना तर्जुमा गर्न आवश्यक छ। स्थानीय स्तरमा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न संघीय सरकारबाट प्राप्त नीति निर्देशनलाई स्थानीय आवश्यकतासँग जोडेर दीर्घकालीन समाधान खोजिनुका साथै बौधिमाई नगरपालिकाले विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुरूप बनाउँदै शिक्षामा समान पहुँच, गुणस्तरीयता र उत्तरदायित्व वृद्धि गर्नका लागि बिद्यालय शिक्षा योजना तथा प्रभावकारी कार्यान्वयन रणनीति अवलम्बन गर्न आवश्यक देखिन्छ ।

### १.३.३ नेपालमा शिक्षाको संरचना

नेपालको विद्यालय क्षेत्र अन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५ देखि १२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३ देखि १६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ । तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भ अन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकासका लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

### १.३.४ यस नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाः–

यस नगरपालिकाको वर्तमान शैक्षिक अभिलेख अनुसार यहांको शैक्षिक अवस्था निम्न अनुसार रहेको छ :–

| .सामुदायिक विद्यालय तर्फ | | | | |
|---|---|---|---|---|
| तह | छात्रा | छात्र | जम्मा | विधालय संख्या |
| वालविकास | ४५३ | ३७२ | ८२५ | १६ |
| प्राथमिक विद्यालय (१–५) | २८४९ | २४७५ | ५३२४ | ९ |
| आधारभूत विद्यालय (१देखि ८) | १०७१ | ९३२ | २००३ | ४ |
| माध्यम्रिक विद्यालय (१–१०) | ३३८ | ३७८ | ७१६ | १ |
| माध्यमिक विद्यालय १ देखी १२ | ९२ | १३६ | २२८ | २ |

| तहगत शिक्षक विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| तह | स्थाई र राहत | | | पालीका र निजी स्रोत | | |
| | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा |
| वालविकास | २४ | ० | २४ | ० | ० | ० |
| प्राथमिक विद्यालय (१–५) कक्षा | १० | ५१ | ६१ | २ | ३ | ५ |
| आधारभूत विद्यालय (१देखिं ८) कक्षा | १ | ९ | १० | ० | ० | ० |
| माध्यमिक विद्यालय (१–१०) कक्षा | ० | ८ | ८ | ० | ० | ० |
| माध्यमिक विद्यालय १देखी १२ कक्षा | ० | २ | २ | ० | ० | ० |

- सौचालय कोठाको संख्या .१६ छात्र..५....छात्रा ०......
- खानेपानी सुविधाको १) चापा कल १८ २) पानी टंकी १५ अन्य....
- खेलकुद मैदानको १) आवश्यतानुसारको संख्या १ २) आवश्यकतानुसार नभएको संख्या.१५
- फर्निचर संख्या १५००
- कार्यालय कोठा.१०.स्टोर कोठा.०. प्रयोगशाला कोठा.२. स्टाफ कोठा.१ चिया चमेना कोठा.०.
- शैक्षिक सामग्री कोठा ०. प्रशासकीय कोठा १ सभा कोठा ००.
- पुस्तकालय व्यवस्था भएको विद्यालयं संख्या.० विद्युतिय पुस्तकालय भएको विद्यालय संख्या.०
- विद्युत्तीय व्यवस्थापन भएका विद्यालय संख्या. १६

- सूचना तथा प्रविधि व्यवस्थापन भएका विद्यँलय संख्या. ०
- सूचना तथा प्रविधि संचालन गर्न जान्ने शिक्षक संख्या. ०
- आवश्यक एवं उपयुक्त खेलकुद सामग्री व्यवस्था भएको विद्यालय संख्या ०.
- .अन्य.......................................

**ख.नीजि श्रोतबाट व्यवस्थापित विद्यालय तर्फ**

विद्यालय, शिक्षक तथा विद्यार्थी एवं अन्य विवरण

१. पूर्व प्राथमिक विद्यालय.संख्या..७ विद्यार्थी संख्या... छात्र.............छात्रा........

२. प्राथमिक विद्यालय संख्या......७.... विद्यार्थी संख्या............ " "

३. आधारभूत विद्यालय संख्या......... " " " "

४. माध्यमिक विद्यालय (तह कक्षा ९–१०)संख्या........ विद्यार्थी संख्या..... छात्र.......छात्रा.......

५. माध्यमिक विद्यालय (तह कक्षा ९–१२).„ .......... " " .... " "

६. प्राविधिक शिक्षालय तथा कक्षाहरुको संख्या............विद्यार्थी " ... " "

७. शीक्षण कोठाको संख्या............................

८. तहगत शिक्षक संख्या ..१.पूर्व प्रा.तह.......प्राथमिक तह......आधारभूत तह......मा.तह.....प्राविधि

९. तहगत विद्यार्थी संख्या

१०. सौचालय कोठाको संख्या ६ (शिक्षक)...छात्र..९....छात्रा..८.....

११.खानेपानी सुविधाको १).चापा कल „......२) पानी टंकी........अन्य....

१२.खेलकुद मैदानको –१ आवश्यतानुसारको संख्या ६........आवश्यकतानुसार नभएको संख्या..१......

१३.फर्निचर संख्या ........६६९

१४. कार्यालय कोठा.....७..स्टोर कोठा..००..प्रयोगशाला कोठा..००....स्टाफ कोठा..४....चिया चमेना कोठा..

१५.शैक्षिक सामग्री कोठा...००..प्रशासकीय कोठा.१.... सभा कोठा...००..

१६.विद्युत्तीय व्यवस्थापन भएका विद्यालय संख्या....... ७

१७.सूचना तथा प्रविधि व्यवस्थापन भएका विद्यँलय संख्या..००

१८. सूचना तथा प्रविधि संचालन गर्न जान्ने शिक्षक संख्या......००...

१९. अन्य...........

**१.३.५ शिक्षा क्षेत्रको योजना**

प्रारम्भिक बालविकास कक्षादेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउनु, गुणस्तरीय सिकाई उपलब्धि गराउनु, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरूलाई जीवन पर्यन्त सिक्ने वातावरण सृजना गर्नुका साथै प्रत्येक वालवालिकामा विश्व भ्रातृत्वको भावनाको विकास, वैश्विक

समाज एवं अभिभावकत्वको वोध तथा जिम्मेवारीका साथै मानवीय मूल्य र मान्यताका साथ–साथै जैविक मूल्य र मान्यता आदी समेतलाई महत्व दिन सक्ने शिक्षाको अवसर प्रदान गर्नु आजको प्रमुख एवं नितान्त आवश्यक्ता हो र यस आवश्यकताको पूर्तिको लागि एउटा सुनिश्चित एवं योजनावद्ध कार्यकमको व्यवस्थापन तथा संचालन गर्नु अत्यन्तै आवश्यक छ र यसको औचित्य रहेको पनि देखिन्छ ।

बौधिमाई नगरपालिकाले गुणस्तरीय, समावेशी, र पहुँचयुक्त शिक्षालाई सुनिश्चित गर्न दीर्घकालीन शिक्षा योजना निर्माण कार्यलाई अगाडी बढाएको छ । यस योजनाले विद्यालय शिक्षामा भर्ना दर वृद्धि, विद्यार्थी टिकाइ दर सुधार, शिक्षक दक्षता अभिवृद्धि, र नवीनतम प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । संघीय, प्रदेश, र स्थानीय सरकारबीचको समन्वयलाई मजबुत बनाउँदै शिक्षा नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । साथै, सीमान्तकृत समुदायका बालबालिकाहरूलाई विशेष प्राथमिकता दिँदै छात्रवृत्ति, दिवा खाजा, र समावेशी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय पूर्वाधार सुधार, पाठ्यक्रम परिमार्जन तथा शिक्षण सिकाइ प्रक्रियालाई आधुनिक प्रविधिसँग जोड्दै शिक्षा प्रणालीलाई दिगो, उपयोगी, र प्रभावकारी बनाउने लक्ष्य नगरपालिकाले लिएको छ । अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई मजबुत बनाउँदै पारदर्शी सूचना व्यवस्थापनलाई डिजिटल प्रविधिमार्फत एकीकृत गरिनेछ । नगरपालिकाले आगामी पाँच वर्षका लागि शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरू समाधान गर्न रणनैतिक योजना अवलम्बन गर्दै शिक्षक, विद्यार्थी, अभिभावक, तथा समुदायको सक्रिय संहभागितामा शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने लक्ष्य राखेको छ ।

### १.३.६ बौधिमाई नगरपालिका र दिगो विकास लक्ष्य

नेपाल सरकारले सन् २०३० भित्र दिगो विकास लक्ष्य (SDG) हासिल गर्ने प्रतिवद्धता व्यक्त गरिसकेको छ । विशेष रूपमा, SDG लक्ष्य ४ अन्तर्गत सबैका लागि समावेशी, समान अवसरयुक्त, समतामूलक र गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा जीवनभर सिकाइको प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ । नेपालले सन् २०१५ मा इन्चोन घोषणापत्र र संयुक्त राष्ट्रसंघको साधारण सभामा गरिएको निर्णयलाई आत्मसात गर्दै राष्ट्रिय कार्यढाँचा तयार पारी यो लक्ष्य कार्यान्वयन गरिरहेको छ । नेपालको संविधान अनुसार शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गरिएको छ, जस अनुसार प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने दायित्व राज्यको रहेको छ ।

बौधिमाई नगरपालिकाले दिगो विकास लक्ष्य (SDG) अनुरूप स्थानीय आवश्यकता र प्राथमिकतालाई मध्यनजर राखी शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, महिला सशक्तिकरण, वातावरण संरक्षण तथा समग्र सामाजिक, आर्थिक विकासलाई केन्द्रमा राखेर योजना निर्माण र कार्यान्वयन गरिरहेको छ । विशेष गरी, SDG लक्ष्य ४ अन्तर्गत सबैका लागि समावेशी, समान पहुँचयुक्त, र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने उद्देश्य लिएको छ । नगरपालिकाले विद्यालय शिक्षामा पहुँच विस्तार, शिक्षक दक्षता

अभिवृद्धि, डिजिटल प्रविधिको उपयोग, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाहरूका लागि लक्षित कार्यक्रम सञ्चालन, र शिक्षा पूर्वाधार सुधार जस्ता गतिविधिहरूलाई प्राथमिकता दिएको छ । बौधिमाई नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र र समुदायको साझेदारीमा दिगो विकासका लक्ष्यहरूलाई स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न रणनैतिक योजनाहरू अगाडि बढाइरहेको छ । नगरपालिकाले समावेशी, उत्तरदायी, र पारदर्शी शासन प्रणालीलाई आत्मसात गर्दै समग्र नगरवासीहरूको जीवनस्तर उकास्न प्रतिबद्ध रहेको छ ।

**१.४. बौधिमाई नगरपालिका शिक्षाका चुनौतिहरु**

यस नगरपालिकाभित्रका विद्यालय तथा शिक्षा सम्वन्धी केही व्यवहारिक समस्या तथा मुद्दाहरु–

१. यस नगरपालिकाभित्रका करीब ३० प्रतिशत विद्यार्थीहरु सामुदायिक एवं नीजि विद्यालयहरु दुवै तर्फ भर्ना भई अध्ययन गरिरहेको ।
२. नगर क्षेत्रका अधिकांश सामुदायिक विद्यालयमा दैनिक विद्यार्थी उपस्थिती करीब ५० प्रतिशत अनुपस्थित हुनु ।
३. नगर क्षेत्रका अधिकांश विद्यालयहरुमा शैक्षिक सामग्रीहरु न्यून रहेको र सोको प्रयोग पनि न्यून हुने गरको ।
४. यस नगर क्षेत्रका विद्यालयहरुमा अधिकांश शिक्षक तथा विद्यार्थीहरु अध्ययन अध्यापन कार्यमा न्यून सक्रिय हुनु ।
५. विद्यालयहरुको वातावरणीय सर–सफाई एवं शौचालयमा स्वस्थकर अवस्था कम रहनुका साथै कक्षा कोठा एवं विद्यालय कम्पाउण्ड पनि कम सफा हुनु ।
६. विद्यार्थीहरुको नियमित उपस्थिती कम हुनु ।
७. विद्यालयहरुको भौतिक अवस्थाहरु, जस्तै–आवश्यकता अनुसारका कक्षाकोठाहरुको संख्या कम, फर्निचरको कमी, र्‍याकको कमी, दराज, टेबल, कुर्सीको कमी, शैक्षिक सामग्रीहरुको कमी, सुरक्षाको कमी, विद्युत्तीय व्यवस्थापनको कमी, खानेपानी तथा शौचालयको कमी, आदिको कमि हुनु ।
८. अधिकांश विद्यालयहरुमा व्यवस्थापन समितिको गठन हुन नसकेको, वडा शिक्षा समितिहरुको गठन हुन नसकेको, अभिभावक संघहरुको गठन हुन नसकेको, गठन भएका वि.व्य.समितिहरु पनि आवश्यकतानुसार सक्रिय नदेखिएको ।
९. विद्यालयहरुको दैनिक तथा वार्षिक कार्यकमहरु विना कुनै निश्चित एवं उच्च स्तरीय आवधिक (छोटो अवधि एवं लामो अवधिको) योजना र पद्धत्ति अनुसार संचालन हुन नसक्नु ।
१०. जनसहभागिता एवं आफ्नै आर्थिक श्रोतको अत्यन्तै कमजोर अवस्था हुनु ।
११. विद्यालयको अभिलेख अवस्था ज्यादै कमजोर हुनु ।

१२. अध्ययनशील, चिन्तनशील, सक्रिय जनशक्ति एव व्यवस्थापकको अभाव हुनु ।
१३. विद्यालयमा थप आर्थिक व्यवस्थापन हुन नसक्ने हुंदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरुपमा गर्न कठिन हुन सक्ने ।
१४. विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न आपत्कालीन स्रोत साधनको कमी हुन सक्ने ।
१५. सबै विद्यालयमा तोकिए राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधारको निर्माण हुन नसक्नु ।
१६. स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु तथा अध्यात्म विज्ञान एवं सोमा आधारित योग र ध्यान विषय समावेस गरी निर्माण र कार्यान्वयनको अवसर प्राप्त हुनु ।
१७. अधिकांश विद्यालयहरुमा अनुशासन व्यवस्थापनको अभाव रहेको अवस्था ।

### १.५ बौधिमाई नगरपालिका विद्यालय शिक्षा क्षेत्र विकासका अवसरहरु

यस नगरस्तरिय शिक्षा योजनाको निर्माण तथा कार्यान्वयनका लागि तपसील अनुसारका अवसरहरु मौजुदा रहेको हामीले अनुभव गरेका छौं–

१. नेपालको संविधान अनुसार संवैधानिक तथा कानूनी आधारहरु प्राप्त भएको अवस्था ।
२. शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर रहेको ।
३. स्थानीय सरकार संचालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गरिएको अवस्था रहेको ।
४. तीनवटै तहको सरकार तथा अन्य संघ-संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण रहेको अवस्था भएको ।
५. सूचना तथा संचार प्रविधिको प्रयोगमा विस्तार भएको अवस्था हुनु ।
६. स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु तथा अध्यात्म विज्ञान एवं सोमा आधारित योग र ध्यान विषय समावेस गरी निर्माण र कार्यान्वयनको अवसर प्राप्त हुनु ।
७. स्थानीय तहमा भएको रैथाने ज्ञान तथा सिप र प्रविधिलाई आन्तरिकीकरण गर्ने अवसर भएको ।
८. वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको आवसरको रुपमा रहेको ।

### १.६ बौधिमाई नगरपालिका विद्यालय शिक्षा क्षेत्र योजना निर्माण प्रक्रीया

यस बौधिमाई नगरपालिका शिक्षा क्षेत्र योजना विशेष गरि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नीतिगत मार्गदर्शन २०८१ अनुरुप यहि वर्षको भदौ महिनाबाट यो योजना तयारीको

सुरुवात भएको हो । योजना निर्माणको क्रममा स्थानिय तहलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुलकिटको तालिम प्रदान गरियो, त्यसपछि नगर स्तरीय सरोकारवालाहरु योजना सम्वन्धी अभिमुखि करण गरि प्रक्रिया अनुरुप योजना तर्जुमा समिति र मस्यौदा लेखन समिति तपशिल अनुसारको बनाई मस्यौदा लेखन कार्य अगाडी वढाए । उक्त एक दिने कार्यक्रममा सहभागीहरुको सर्व सहमतिद्धरा यस बौधीमाई नगर शिक्षा समितिका सदस्य एवं पूर्व जिल्ला शिक्षा अधिकारी बालदेव प्रसाद साहको संयोजकत्वमा निम्नानुसारका ११ सदस्यीय यस शिक्षा योजना निर्माण समितिको गठन गरिएको थियो ।

<u>तपसील–</u>

१ संयोजक–श्री बालदेव प्रसाद साह, नगर शिक्षा समिति सदस्य(पूर्व जिल्ला शिक्षा अधिकारी ( नेपाल सरकार, शिक्षा मंत्रालय ।)

२ सदस्य –श्री रमेश कुमार यादव, शिक्षा संयोजक (नगरपालिका शिक्षा शाखा बौधीमाई न.पा.)

३ सदस्य– श्री जवाहर लाल प्रसाद प्रधानाध्यापक (शारदा मा.वि.पिपरिया)

४ ,, ,, संजय जयसवाल, ,, ( शंकर ,, ,, सरमुजवा )

५ ,, ,, अनीलकुमार यादव ,, (श्री मा.वि.इनरवारी)

६ ,, ,, रामलाल ठाकुर ,, ( आधारभूत विद्यालय बौधा अजगैवी )

७ ,, श्रीमति आशा कुमारी बैठा (नगरकार्यपालिका समिति सदस्य तथा नगरशिक्षा समिति सदस्य)

८ ,, ,, हरिश्चन्द्र दास ( ,, ,, ,, )

९ ,, ,, उमेश झा ( ,, योजना शाखा प्रमुख -बौधीमाई नगरपालिका)

१० ,, ,, तारकेश्वर प्रसाद पटेल ( ,, स्वास्थ्य शाखा प्रमुख ,, ,,

११ ,, ,, विहारी ठाकुर ( ,, सदस्य (नगरपालिका सदस्य ,, ,, )

शिक्षा योजना निर्माण लेखन समितिको गठन

तपसील बमोजिमका सदस्यहरु भएका एक योजंना निर्माण लेखन समितिको चयन गरियो–

१. संयोजक श्री बालदेव प्रसाद साह,(बौधीमाई नगर शिक्षा समिति सदस्य)

२. सदस्य श्री रामलाल ठाकुर (प्र.अ. आधारभूत विद्यालय बौधा)

३. ,, श्री मो.जहांगीर शेख (आई.टि.प्रमुख बौधीमाई न.पा.)

४. सदस्य श्री मदन कुमार राम (पिप्ल प्रमोट सेन्टर) प्राविधीक सहयोग

सो समितिहरुले तपशील बमोजिम विद्यालय शिक्षा क्षेत्रको योजना तयार पारेको छ ।

अपनाएको प्रक्रियाहरु

१) स्थानीय तहको बैठक
२) योजना निर्माण समिति गठन
३) शिक्षा क्षेत्रको विश्लेषण
४)सरोकारी निकायसँग छलफल
५) विद्यालयस्तरीय छलफल
६) योजनाको मस्यौदा तयारी
७) सरोकारवालासँग सुझाव समायोजन
८)योजनाको अन्तिमीकरण
९) बाह्य विज्ञद्धरा योजनाको लेखाजोखा र सूझाव संमायोजन
१०)योजना स्वीकृति तथा कार्यान्वयन

**१.६.१ शिक्षा योजना निर्माणमा विभिन्न स्रोत र सामग्रीहरुको अध्ययन तथा समीक्षा**

यो नगर शिक्षा योजनाको त्यारीका लागि स्थानिय तहको शिक्षा योजना निर्माण सम्वन्धि मार्गदर्शन २०७९, सोको संसकरण २०८१ अनुरुप, स्थानिय तहका सरोकारवला निकायहरुलाई योजना बारे अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो । सो कार्यक्रम शिक्षा योजना तयारीका लागि ७ सदस्यि योजना तर्जुमा समिति र ५ मस्यौदा लेख्न समिति चयन गरिएको थियो । त्यसमा अवशयकता अनुसार अन्य उपसमिति तथा सरोकारवलाहरुसँग छलफल गरिएको थियो । जसमा तल दिएका १२ क्षेत्रमा अध्ययन र समिक्षा गरिएको थियो ।

१)बालविकास र शिक्षा
२) आधारभूत शिक्षा
३) माध्यमिक शिक्षा
४)पाठ्यमक्रम तथा मूल्याङ्कयन
५) शिक्षक व्यस्थापन तथा विकास
६) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
७)समता र समावेशीकरण
८)दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्याथी परामर्श लगायतका विद्याथी सहायता सेवाहरू
९)आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
१०) शिक्षामा सूचना र प्रविधि
११) सुशासन तथा व्यवस्थापन
१२) अनुगमन तथा मूल्याङ्कनन

यसरी समीक्षा तथा अध्ययन पश्चात पहिलो मस्यौदा तयारीका लागि मस्यौदा लेख्न कार्यशालामा शिक्षा शाखा तथा मस्यौदा लेख्न समितिले यो पहिला योजनाको मस्यौदा तयार पारेको छ । यसलाई सरोकारवलाहरुको सुझाव सकलन र समावेश गरि अन्तिम मस्यौदा तयार पारिने छ ।

### १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

यो नगर शिक्षा योजना तयारीका लागि स्थानिय विद्यालय शिक्षा क्षेत्र योजना निर्माण सम्वन्धि मार्गदर्शन २०७९र संसकरण २०८१मा निर्देशित प्रक्रिया अनुसार, सुरुमा कार्यक्रमको अभिमुखिकरण र त्यसका लागि निम्न समिति र उपसमितिहरु निर्माण गरिएको थियो ।

१) शिक्षा योजना तर्जुमा समिति

२) मस्यौदा लेख्न समिति वा कार्यदल

यस लागायत आवशयकता अनुसारको सूचना सकंलनका लागि उपसमितिहरु, प्रधानाध्यपकहरुसँग छलफल आदि गरिएको थियो ।

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास

यो नगरपालिकाको शिक्षा योजना निर्माणका लागि गठित शिक्षा योजना तर्जुमा समिति र मस्यौदा लेखन कार्यदलका सदस्यहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुलकिटको प्रयोग गरी शिक्षा सम्बन्धी तथ्यांक संकलन र विश्लेषण गरेका छन । यस क्रममा उनीहरूले शिक्षाका सूचकहरूको अध्ययन गर्दै पहिलो मस्यौदा तयार गर्ने कार्य अघि बढाएका छन । शिक्षा योजना लेखन कार्यशालामा सहभागी भई मस्यौदा निर्माण सम्पन्न गरिएको छ । अब यस मस्यौदा माथि सरोकारवालाहरूबाट सुझाव संकलन, आवश्यक समायोजन, बाह्य योजनासँगको तुलनात्मक विश्लेषण तथा समायोजनका प्रक्रिया पूरा गरी अन्ततः स्वीकृति प्रदान गर्दै कार्यान्वयनमा ल्याइने अपेक्षा नगरपालिकाले गरेको छ ।

# परिच्छेदः२

# दूरदृष्टि, उद्येश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ परिचय

यस बौद्धीमाई नगरपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना आगामी ५ वर्षसम्मको मार्ग पहिचानका लागि राष्ट्रिय सहित स्थानिय तहका शैक्षिक परिवेशहरुको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती, अवसर र सम्भावनाहरूको आधार सिर्जना गरेका छन् । यस सन्दर्भलाई ध्यानमा राख्दै, यस शिक्षा क्षेत्र योजनाले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्रविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८१ देखि २०३० सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने उद्देश्य राखेको छ । यस योजनामा दूरदृष्टि (Vision), ध्येय (Mmission) उद्देश्यहरू (Objectives), रणनीतिहरू ( Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators), मानव संसाधनको विकास गर्दै समाजको आर्थिक तथा सामाजिक रुपान्तरणबाट नगरवासीको समृद्धीका लागि यहांको शिक्षा क्षेत्रको समग्र विकासका  लागि अत्यावश्यकताहरुलाई समेटिएको छ । यसै सन्दर्भमा यस बौधिमाई नगरपालिकाले आगामी ५ वर्षका लागि स्थानीय शिक्षा योजना तर्जुमा गरेको छ, जसले नगरको शैक्षिक प्रणालीलाई प्रभावकारी, समावेशी, र दिगो बनाउन रणनीतिक मार्ग निर्देशन प्रदान गर्नेछ । यसले संविधानको मर्म अनुरुप अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्रविधि मैत्री, आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइबाट गर्नु पर्ने उपलव्धिहरु हासिल गर्नका लागि यो विद्यालय शिक्षा क्षेत्रको दूरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goals), र उद्देश्यहरू (Objectives) जस्ता सूचकहरुको स्पष्ट रूपमा परिभाषित गरेको छ ।

## २.२ दूरदृष्टि–

यस नगरपालिका क्षेत्र भित्रका प्रत्येक नागरिकले आफ्नो आधारभूत आवश्यकता पूर्ती गर्न सक्ने न्यूनतम् शिक्षा प्राप्त गर्नुका साथै प्रत्येक नागरिकले एउटा इमान्दार, सचरित्रवान, सहनशील एवं आदर्शामूखी सभ्य तथा सर्वसम्पन्न मानवीय जीवन बिताउन सक्ने आधारभूत शिक्षा प्राप्त गर्ने छ ।

## २.३ लक्ष्य

यस नगरपालिकाले यस दश वर्षीय शिक्षा योजनाको सफल कार्यान्यन पश्चात यस शिक्षा योजनाको माध्यमबाट तपसील अनुसारका लक्ष्यहरु प्राप्त गर्ने सक्ने निर्धारण गरेको छ :–

१. मानव मात्रमा अन्तरनिहीत तीनवटै स्तर (शारीरिक, मानसिक तथा आत्मिक) का सम्भाव्य सक्षमताहरुको अधिकतम् विकास हुने अवस्थाको लागि सक्षम, सुदृढ एवं प्रभावकारी शैक्षिक व्यवस्थापन हुने छ ।

२. वर्तमान समाजमा देखिएका सम्पूर्ण विकृतिहरुमध्ये शिक्षाको माध्यमबाट उन्मूलन हुन सक्ने विकृतिहरु उन्मूलन भई एउटा शोषण रहित, आदर्श, शान्ति एवं सुखी समाजको स्थापना हुने छ ।

३. प्रत्येक नागरिकका न्यूनतम् आधारभूत आवश्यकताहरुको पूर्ति गर्न सकिने आवश्यक ज्ञान, सीप र वृत्ति विकास गर्न सक्ने सक्षम एवं प्रभावकारी शैक्षिक व्यवस्थापन हुने छ ।

४. यस समाजको संरक्षण, सम्वर्द्धन एवं सर्वांगीन विकासका लागि चाहिने नैतिकवान, चरित्रवान, विवेकशील, सवल, सक्षम तथा सशक्त एवं दक्ष न्यूनतम् आवश्यक जनशक्ति उत्पादन गर्न सक्ने शैक्षिक संस्थाहरुको स्थापना तथा संचालन हुने छ ।

**२.४ प्रमुख उद्येश्य**

यस नगर शिक्षा योजना अवधिमा यस बौधीमाई नगरपालिकाले शिक्षाका तपसील अनुसारका उद्येश्यहरु पूरा गर्ने निर्धारण गरेको छ –

१. सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा समतामूलक पहुंच र सहभागिता सुनिश्चित गर्नु ।

२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु ।

३. पाठ्यक्रमले तोके बमोजिमका सिकाई उपलब्धि हासिल गर्नु ।

४. बालमैत्री तथा अपांगमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाई वातावरणमा सुधार ल्याउनु ।

५. स्थानीय पाठ्यकम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

६. विषयगत रुपमा र कक्षागत रुपमा शिक्षक दरवन्दीको व्यवस्था गर्नु ।

७. शिक्षामा सूचना तथा संचार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

८. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।

९. आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

१०. बालविकास कक्षादेखि १२ कक्षासम्मका विद्यार्थीहरुका साथै सम्पूर्ण नागरिकहरुकोलागि अध्यात्मिक ज्ञानका साथ साथै सोका आधारमा योग एवं ध्यानका अभ्यासहरुको प्रबन्ध मिलाउने ।

११. मानव मात्रमा अन्तर्निहित सम्पूर्ण सम्भाव्य क्षमताहरु–(कमश शारीरिक, मानसिक तथा अध्यात्मिक) को पूर्ण एवं सन्तुलित विकास गर्न गराउन सक्ने सुनिश्चित गर्नु ।

१२. आत्मरक्षा तथा अरुको पनि रक्षा गर्न सक्ने ज्ञान, सीप तथा अभिवृत्तिको विकास गर्न सक्ने अवसरको सुनिश्चितता प्रदान गर्ने ।

१३. शैक्षिक सेवा प्रवाहमा सुशासन र व्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु ।

१४.शिक्षकहरुको पेशगत विकासमा सहयोग गरि नतिजामुल्क कार्यसम्पादन मुल्याकंन प्रणालीको विकास गरिने ।

२.५रणनीतिहरुः–

यस बौधीमाई नगरपालिकाले उपरोक्त अनुसारका लक्ष तथा उद्येश्यहरु पूर्ति गर्न गराउन तपसील अनुसारका रणनीतिहरु अपनाउने निर्णयहरु गरेको छः–

१. यस नगरभित्रका सम्पूर्ण विद्यालयहरु (सामुदायिकका साथै संस्थागत समेत)को भौतिक पक्षहरुको सवलीकरण गरिने गराइने छ ।
२. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय शिक्षाको सुनिश्चित गर्ने ।
३. निरक्षरको लागी साक्षरता कार्यक्रम संचालन गरिने छ ।
४. शिक्षकहरुको शीक्षण क्षमताको विकासका लागि विभिन्न कार्यकमहरु संचालन गरिने गराइने छन् ।
५. सबैकालागि आधारभूत शिक्षा अनिवार्य र निःशुल्कको पूर्ण व्यवस्थाका लागि निःशुल्क पाठ्यपुस्तक, दिवा खाजा तथा स्यानिटरी प्याडको आवश्यक व्यवस्था गरिने गराइने छ ।
६. समतामूलक र समावेशी शिक्षाका लागि तथ्यांक संकलन, प्रोत्साहनमूलक कार्यकम, क्षमता विकास कार्यकम, संरचनागत व्यवस्था, समन्वय तथा सहकार्य, समुदाय परिचालन, वालमैत्री शिक्षण सिकाई कियाकलाप, सामग्री र भौतिक संरचना, विपद् व्यवस्थापनकार्यलाई रणनैतिक रुपमा संचालन गरिने गराइने छ ।
७. कक्षागत एवं विषयगत रुपमा शिक्षक दरवन्दीको व्यवस्थातर्फ रणनैतिक रुपमा कार्य गरिने गराइने छ ।
८. मानव मात्रमा अन्तर्निहित सम्पूर्ण सम्भाव्य सक्षमताहरु (कमश शारीरिक, मानसिक तथा अध्यात्मिक) को पूर्ण एवं सन्तुलित विकास गर्न गराउन तथा आत्म रक्षा एवं अरुको पनि रक्षा गर्ने ज्ञान, सीप र प्रवृत्तिको विकासका लागि अवश्यक व्यवस्था मिलाइने छ ।
९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक तथा विद्यालय एवं शिक्षा प्रशासकहरु समेतलाई आवश्यकतानुसारको क्षमता अभिवृद्धिका लागि समसामयिक कार्यकमहरु संचालन गरिने गराइने छ ।
१०. शैक्षिक सुपरिवेक्षण, मूल्यांकन, निरीक्षण तथा अनुगमन कार्यकमलाई अधिक भन्दा अधिक प्रभावकारी बनाइने व्यवस्था गरिने गराइने छ ।

२.६ मुख्य उपलब्धि

यस बौधीमाई नगरपालिकाले आफ्नो यस शिक्षा योजनाद्धारा यस योजनाको १० वर्षको साथै यस पछि निम्नानुसारका उपलब्धिहरु हासिल गर्न सक्ने अनुमान गरेको छः–

१. सबै बालबालिकाहरुको विद्यालय शिक्षामा पहुंचको सुनिश्चितता हुने छ ।

२. यस नगर क्षेत्रका प्रत्येक विद्यालय भौतिक रुपमा साधन सम्पन्न हुने छ ।

३. सबै शिक्षकहरु सक्षम, सबल एवं सफल शिक्षकको रुपमा स्थापित हुने छ ।

४. विद्यार्थीहरु विद्यालय शिक्षा तह उतीर्ण भएपछि न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न सक्ने हैसियत भएका हुने छन् ।

५. यस नगरपालिका भित्रका प्रत्येक नागरिकमा मानसिक रुपमा परिवर्तन भई आफु आफ्नो परिवार, समाज, देश र विश्वप्रति जिम्मेवार नागरिकको रुपमा सम्झी इमान्दार, सक्षम एवं नैतिकवान र सभ्य तथा सुरक्षित समाजतर्फ अग्रसर हुने छ ।

६. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत समाज निर्माणमा योगदान हुनेछ ।

७. विद्यालयमा सबै बालबालिकाको स्वास्थ्य, पोषण, मनोसामाजिक क्षमता र सिकाइ सुधार हुँदै सुरक्षित, आकर्षक र समावेशी र विपद समयमा पनि उनीहरूको पहुँच र सहभागिता सुनिश्चित हुनेछ ।

८. सबै विद्यालयमा आवश्यक सक्षमताका आधार सहितको बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुनेछ ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं | सूचक | सूचक को तहको | आधार वर्ष | २०८२ | २०८३ | २०८४ | २०८५ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १.प्रारम्भिक बालविकास | | | | | | |
| | प्रारम्भिक बालविकास र शिक्षामा अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका ( %) | स्थानीय | १०२.३ | १०० | १०० | १०० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मानव मात्रमा अन्तर्निहित मानवीय सम्भाव्य क्षमताहरु( शारीरिक, मानसिक तथा अध्यात्मिक) को | स्थानीय | ० | २५प्र.श. | २५प्र.श. | २५प्र.श. | २५प्र.श. | | |
| | ECD खुद भर्ना दर | स्थानीय | ३२.४ | ३७.३० | ४२.९४ | ४९.४३ | ५६.९० | | |
| | ECD कुल भर्ना दर | स्थानीय | ३९.२ | ४४.७ | ५०.९ | ५८.१ | ६६.२ | | |
| | आत्म सुरक्षा एवं अरुको सुरक्षाबारे अवधारणात्मक ज्ञान र सीपको अवस्था | स्थानीय | ० | २५ प्र.श. | २५ प्र.श. | २५ प्र.श. | २५ प्र.श. | | |
| अधारभुत तह | | | | | | | | | |
| | कक्षा १ मा नयाँ भर्ना भएका बालबलिकाको खुदप्रवेश दर (% ) | स्थानीय | ४१.९ | ४३.२८ | ४४.७४ | ४६.२५ | ४७.८१ | | |
| | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (% ) | स्थानीय | ६५.४ | ६९.३० | ७३.४१ | ७७.७७ | ८२.३९ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मा कुल भर्ना दर (%) | | | | | | | | |
| | | | | ३.माध्यामिक तह | | | | | |
| | माध्यमिक तह ( कक्षा ९-१०) मा कुल भर्ना दर (%) | स्थानीय | ४१.५ | ४२.३८ | ४३.२९ | ४४.२३ | ४५.१८ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | | |
| | माध्यमिक तह ( कक्षा ९-१०) मा खुद भर्ना दर (%) | स्थानीय | २४.९ | २६.८५ | २८.९० | ३१.११ | ३३.४९ | | |
| | माध्यमिक तह ( कक्षा ११-१२) मा कुल भर्ना दर (%) | स्थानीय | ११.७ | १२.७८ | १३.९७ | १५.२७ | १६.६९ | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | माध्यमिक तह ( कक्षा ११-१२) मा खुद भर्ना दर (%) | स्थानीय | ४.६ | ५.४८ | ६.५० | ७.७२ | ९.१६ | | |
| | माध्यमिक तह ( कक्षा ९-१२) मा कुल भर्ना दर (% | स्थानीय | २५.७ | २७.०५ | २८.४८ | २९.९९ | ३१.५८ | | |
| | माध्यमिक तह ( कक्षा ९-१२) मा खुद भर्ना दर (% | स्थानीय | १४.२ | १५.८२ | १७.६७ | १९.७५ | २२.०६ | | |
| | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | | |
| | आधारभुत तहवाट माध्यमिक तहमा ट्रन्जिशन दर ( %) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर ( % ) | स्थानीय | ७८.२ | ७९.०६ | ७९.८९ | ८०.७२ | ८१.५६ | | |
| | आधारभूत तह प्राथमिक) १-५ मा कुल भर्ना दर( %) | स्थानीय | ९७.४ | ९६.४९ | ९५.५५ | ९४.६१ | ९३.६९ | | |
| | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर ( % ) | स्थानीय | ७८.२ | ७९.०६ | ७९.८९ | ८०.७२ | ८१.५६ | | |
| | आधारभूत तह प्राथमिक) १-५मा कुल भर्ना दर( %) | स्थानीय | ९७.४ | ९६.४९ | ९५.५५ | ९४.६१ | ९३.६९ | | |
| | आधारभूत तहको कक्षा १–८सम्मको कुल प्रवेश दर ( %) | स्थानीय | ८१.१ | ८०.६८ | ८०.२६ | ७०.८४ | ६९.४३ | | |
| | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर ( %) | स्थानीय | ३८.३ | ३९.३ | ४०.३ | ४१.३ | ४२.३ | | |
| | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर ( %) | स्थानीय | २६.२ | २७.० | २७.८ | २८.६ | २९.५ | | |
| | आधारभूत तह(प्राथमिक कक्षा१-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.९ | १ | १ | १ | १ | | |
| | आधारभूत तह (कक्षा ६-८ | स्थानीय | ५६.१ | ५६.३२ | ५६.५३ | ५६.७४ | ५६.९५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आत्म सुरक्षा एवं अरुको सुरक्षाबारे अवधारणात्मक ज्ञान र सीपको अवस्था | स्थानीय | ० | ० | ० | ० | | | |
| | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | | |
| | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | | | |
| | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक संख्या (%) | स्थानीय | ० | २ | २ | १ | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | | | |
| | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययारत विद्यार्थी मध्ये विज्ञान र प्रविधि तथा व्यवसायीक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी संख्या (%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा.व्या | १०.० | १७.० | ३०.० | | | |
| | कक्षा १० का विद्यार्थी सिकाई | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्धी ( अंकमा) | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| जिवनपर्यन्त शिक्षा तथा सिकाई र अनौपचारिक शिक्षा | | | | | | | | | |
| | साक्षरता दर ( पाँच वर्ष भन्दा माथी )(%) | | | | | | | | |
| | | | ५८.० | | | | | | |
| | साक्षरता दर (६ वर्ष भन्दा माथी )(%) | | ८९.० | | | | | | |
| | साक्षरता दर (१५-२४ उमेर समुह ( %) | | | | | | | | |
| प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | | | |
| | प्राविधिक तथा व्यवसायिक सिप विकास तथा तालिमा प्राप्त आर्थीक रुपले सक्रिय जनशक्ति(५) | | | | | | | | |
| | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा सो सरह) उर्तीण जनशक्ति ( वार्षिक सङ्ख्या) | | | | | | | | |
| सुशासन तथा व्यवस्थापन | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तथ(कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | | ५१.६ | | | | | | | |
| | आधारभूत तथ(कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | | १०२.४ | | | | | | | |
| | आधारभूत तथ(कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | | १५४.१ | | | | | | | |
| | आधारभूत तह(कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | | १०२.३ | | | | | | | |
| | आधारभूत तह(कक्षा १-५) मा विद्यार्थी:शिक्षक | | २२८.० | | | | | | | |

# परिच्छेद: ३

## विद्यालय शिक्षा क्षेत्रका मूख्य उपक्षेत्र

३.परिचय

वौधिमाई नगरपालिकाले नेपालको संविधान २०७२ अनुसारको शिक्षाको मौलिक हकलाई व्यवस्थापन गर्नका लागि निर्माण गरिएका अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ मा निर्देशित भए वमोजिम यस बौधिमाई नगरपालिकाले विद्यालय शिक्षा क्षेत्रको योजना पाँच वर्षिय वि.स. २०८१ देखि २०८५ सम्मका लागि निर्माण गर्ने लक्ष्य अनुरुप यो योजनामा विद्यालय शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, प्रमुख क्रियाकलापहरू तथा लागत अनुमान प्रस्तुत गरिएका छन् । जहाँ पहिलो चरणमा, शिक्षा क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरी आवश्यकताहरू र प्राथमिकताहरू पहिचान गरिएका छन् । दोस्रो चरणमा, दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, र लक्ष्यहरू निर्धारण गरिएका छन् । तेस्रो चरणमा, बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, र आजीवन सिकाइसम्बन्धी वर्तमान अवस्थाको विश्लेषण गर्दै चुनौतीहरू पहिचान गरिएका छन् । साथै, पाठ्यक्रम, मूल्याङ्कन, शिक्षक विकास, र व्यवस्थापनजस्ता क्षेत्रहरूको विस्तृत समीक्षा गरी समस्याहरू समाधान गर्न रणनीति र क्रियाकलापहरू निर्धारण गरिएका छन् । यो योजनाले नगरपालिकाको गुणस्तरीय शिक्षा प्रवर्द्धन, शिक्षामा पहुँच वृद्धि, र दिगो विकास सुनिश्चित गर्ने उद्देश्यलाई समेट्दै, बौधिमाई नगरपालिकाको विद्यालय शिक्षा क्षेत्रको समग्र सुधारका लागि उपायहरू अघि बढाएका छन् ।

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.१.१ परिचयः–

नेपालको संविधानको धारा ३९ को ३ मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास र बाल सहभागिताको हकको व्यवस्था गरिएको छ । शिक्षा ऐन, २०२८ को आठौं संशोधनले पनि बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएर यसको आवश्यक्ता र महत्वलाई थप पुष्टि गरेको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक, अध्यात्मिक र सृजनात्मक पक्षहरूको सम्पूर्ण विकास गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रमले उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार पार्ने गर्दछ । यसले विद्यालय शिक्षाको पहिलो पाइला हुने कुराले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु अत्यन्त आवश्यक छ । यसै कुरालाई मध्यनजर गरेर यस बौद्धिमाई नगरपालिकाले निर्माण गरेको शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

३.१.२ वर्तमान अवस्था

यस बौधिमाई नगरपालिकामा हाल १६ वटा वालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्, जसमा ८२५ जना बालबालिका (४५३ छात्रा र ३७२ छात्र) अध्ययनरत छन् । यी केन्द्रहरू मध्ये ४५ प्रतिशत ले न्यूनतम पाँचवटा मापदण्डमध्ये कम्तीमा तीन वटा मापदण्ड पूरा गरेका छन् । साथै ५ प्रतिशत केन्द्रहरूमा सिकाइ सामग्रीको सेट उपलब्ध गराइएको छ । सहजकर्ताहरु अधिकांशले आवश्यक तालिम प्राप्त गरिसकेका छन । यस नगरपालिकाको प्रारम्भिक शिक्षाको कुल भर्ना दर ३२.४ प्रतिशत रहेको छ भने खुद भर्ना दर ३९.२ प्रतिशत रहेको देखिन्छ । लैंगिक समता सूचकांक १.२१ प्रतिशत रहेको छ भने खुद भर्ना दरमा १.२५ प्रतिशत लैंगिक असमानता देखिन्छ, १:५२ को बालबालिका र शिक्षक अनुपात रहेको छ । विशेष आवश्यकता भएका (अपांगता भएका) बालबालिकाहरूको अपांगताको प्रकार पहिचान गरिएको छैन र उनीहरूको शिक्षण प्रक्रियाका लागि आवश्यक व्यवस्थाहरू सुनिश्चित गरिएको छैन । बालबालिकाको स्वास्थ्य परीक्षण नियमित गरिएको छैन र नियमित कक्षामा उपस्थित हुन नसक्ने समस्या देखिएको छ । अहिलेसम्म यी बालविकास केन्द्रहरु संचालनको स्रोत व्यवस्थापन संघिय सशर्त अनुदानवाट र केही पालिकाको आन्तरिक स्रोतबाट गरिरहेको छ ।

यस नगरपालिका भित्र प्रारम्भिक बालविकास र शिक्षाको वर्तमान अवस्था निम्नानुसार रहेको छ :–

क. प्रारम्भिक बालबिकास केन्द्रको संख्या तथा वडागत वितरण–

| वा.नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | २ | २ | १ | १ | २ | १ | ३ | ३ | १ | १६ |
| नीजी | | २ | | १ | | | २ | ३ | | ८ |

ख.सुरक्षित, बालमैत्री, अपांगमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, तथा सिकाइ क्षमता भएको केन्द्रको संख्या–

| वा.नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | | | | २ | ३ | | ० |

३.१.३ समस्या तथा चुनौतिहरु

१. प्रारम्भिक बाल विकास केन्द्रको न्युत्तम मापदण्ड ५५% पुरा गर्नु ।
२. पिछडीएका वर्गका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा ल्याउनु ।
३. योग्यता तथा तालिम प्राप्त सहजकर्ताको व्यवस्थाको व्यवस्थापन नहुनु ।
४. सबै बालबिकास केन्द्रहरुमा तोकिएको पाठ्यक्रम अनुरुप सहजीकरण गर्नु ।
५. प्रारम्भिक बालहेरचाह पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावकमा जागरण ल्याउनु ।

६. शिक्षणमा भाषा गत समस्या हुनु ।

७. चार बर्षका विद्यालय क्षेत्र भित्रका सबै बालवालिकालाई विद्यालयमा ल्याउनु र टिकाउनु ।

८. बालविकासको सिकाई प्रक्रियालाई प्रभावकारी वनाउन वालमैत्री, व्यवहारिक र प्रविधि मैत्री वनाउनु ।

९. भौतिक पुर्वाधारहरु वालमैत्री अझसम्म बनाउन नसक्नु ।

१०. वालविकास उमेर समूह अनुसारको भर्ना नहुनु ।

११. स्थानिय समाग्रिको प्रयोगबाट शिक्षण समाग्रीको उत्पादनको सीपको कमि हुनु ।

### ३.१.४ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा यस नगरपालिकाले निम्नानुसारका उद्देश्यहरु राखेको छ –

२. प्रारम्भिक बालविकास र शिक्षामा सम्वन्धित सबैको लागि सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

३. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

४. मानवीय जीवनको आधारको रुपमा रहेको यस अवस्थामा मानवीय जीवनका आधारभूत तथा अवधारणागत ज्ञान र सीपका जगहरु बसाल्ने । (जस्तै मानवीय मूल्य र मान्यताहरु, जैवीक तथा अजैवीक विषय तथा बस्तुहरु, तिनीहरुका अस्तित्व वोध, आत्मरक्षा एवं अन्य जीव एवं निर्जीवहरुको रक्षा एवं सम्मान आदि वारे )

### ३.१.५ रणनीति

१. उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि यस सरकारले अपनाउने रणनीतिहरु निम्नानुसार रहेका छन्:

२. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स् र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।

३. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकता अनुसार पुनर्वितरण र नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।

४. भौगोलिक रूपले विकट क्षेत्रमा बसोवास गर्ने बालवालिका, अपाङ्गता भएका बालवालिका, विभिन्न लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालवालिकाका लागि वैकल्पिक बालविकास शिक्षाका नमुनाहरू (परिवारमा आधारित, सानो समूह वा कार्यक्षेत्रमा आधारित, घुम्ती केन्द्र, आदि) विकास गरी पहुँच सुनिश्चित गर्ने ।

५. नमुना वालविकास केन्द्र स्थापना गर्ने ।

६. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।

७. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयविच सहकार्य गर्ने ।

८. बालविकास शिक्षकमा महिलालाई प्रथामिकता दिने ।

९. सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने ।

१०. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने ।

११. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

१२. मानवीय मूल्य र मान्यताहरु, जैवीक तथा अजैवीक विषय तथा बस्तुहरु, तिनीहरुकु अस्तित्व वोध, आत्मरक्षा एवं अन्य जीव एवं निर्जीवहरुको रक्षा एवं सम्मान आदि वारे पाठ्य विषयवस्तुहरुको निर्माण,कक्षा संचालनको व्यवस्थापन गर्ने ।

### ३.१.६ प्रमुंख उपलब्धि तथा नतिजा

**उपलब्धि**

यस योजनाको सफल कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएका छन् :–

१. सबै प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्रहरुले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ।

२. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

३. सबै बालबालिकाहरुमा न्यून्तम् मानवीय मूल्य र मान्यताहरु, जैवीक तथा अजैवीक विषय तथा बस्तुहरु, तिनीहरुको अस्तित्व वोध, आत्मरक्षा एवं अन्य जीव एवं निर्जीवहरुको रक्षा एवं सम्मान आदि वारे आधारभूत तथा अवधारणहरुबाट परिचित हुने अवसर प्राप्त भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा तलको तालिकामा उल्लेख गरिएका छन्:

**नतिजा**

| क्र. सं. | सुचक (उदाहरण) | | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | इ.सी.डी कक्षा वाहिर रहेको बच्चा सँख्या | ३२७७ जम्मा संख्या–१५६७=१७१० | १७१० | ४२५थप भर्ना | ४२५ थप भना | ४२५ थप भना | ४३५ थप भना |
| २ | प्रारम्भिक बालबिकासमा कुल भर्ना सङ्ख्या | ४७.८१प्र.श. | ४७.८१ | ६०.७८ | ७३.७५ | ८६.७२ | १०० |
| ३ | न्यूनतम मापदण्ड पुरा गरेका बालबिकास केन्द्रको सङ्ख्या | ४५.५ | ४५.०० | ४९.७२ | ५४.९४ | ६०.७१ | ६७.०८ |
| ४ | मानवीय जीवनका न्यून्तम् आधारभूत तथा अवधारणागत ज्ञान र सीपको विकास गर्ने गराउन | ००.०० | २५.०० | ३०.०० | ४५.०० | निरन्तरता | १००.०० |
| ५ | अध्यात्मिक ज्ञान र सोमा आधारित योग तथा ध्यानको अभ्यास गर्ने गराउने केन्द्र संख्या | ००.०० | २५.०० | ३०.०० | ४५.०० | निरन्तरता | १००.०० |
| ६ | तालिम प्राप्त स.क. | १० | १४ | ० | ० | ० | – |

३.१.७ प्रसुख कियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस सरकारले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र बार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन्:

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | एक पटक सम्पूर्ण केन्दहरु | ०० | ०० | ०० | ०० | ०० | |
| २ | बालबिकास केन्दको सबलिकरण | केन्द्र | १० प्रतिशत | २५ | ३५ | २५ | ५ | १०० | |
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता बिकास | जना | १६ | १६ | १६ | १६ | १६ | ८० | |
| ४ | आवश्यक्तानुसार नयां केन्द्रको स्थापना | केन्द्र | २४ वटा | ४ | ४ | ४ | ४ | ४० | |
| ५ | विद्युत्तिय तथा प्रविधियुक्त केन्द्र | संख्या | १वटा | १० | १० | १० | ९ | ४० | |
| ६ | मानवीय जीवनका न्यूनतम् आधारभूत तथा अवधारणागत ज्ञान तथा | ०० | २४ | ४ | ४ | ४ | ४ | ४० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सीपको विकास गर्ने गराउने व्यवस्था भएको केन्द्र संख्या | | | | | | | | |
| ७ | अध्यात्मिक ज्ञान र सोमा आधारित योग तथा ध्यानको अभ्यास गर्ने गराउने केन्द्र संख्या | २४ | २४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | सिकाई समाग्रीको उत्पादन र व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | वडा स्तरिय वाल उधान निर्माण | पटक | १ | २ | २ | २ | २ | ९ | |
| ९ | | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय:

नेपालको संविधानको धारा ३१ (१) अनुसार शिक्षा नागरिकको मौलिक हक अन्तर्गत पर्दछ। यसलाई सुनिश्चित गर्न, विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले विद्यालय शिक्षाको पुनर्संरचना गर्दै कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा (९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरिएको छ। यस पुनर्संरचनासँगै विद्यालय शिक्षा दुई तहमा विभाजन गरिएको छ। कक्षा ८ सम्मको आधारभूत शिक्षा बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, र सामाजिक समायोजनमा महत्त्वपूर्ण भूमिका खेल्छ। नेपालका संविधान, शिक्षा ऐन र अन्तर्राष्ट्रिय सन्धिहरूले यसलाई निःशुल्क र अनिवार्य बनाएको छ, जसको कार्यान्वयन संघ, प्रदेश, र स्थानीय सरकारको

साझा जिम्मेवारी  अन्तर्गत पर्दछ। बालबालिकालाई विद्यालय पठाउनु नागरिकको कर्तव्य हो भने, यसको व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीमा पर्दछ। आधारभूत शिक्षाले बालबालिकामा जनभावना, चारित्रिक विकास, र आत्मविश्वासको निर्माण गर्ने भएकाले यसको गुणस्तर सुधार अत्यावश्यक छ। यही महत्त्वलाई दृष्टिगत गरी, बौधिमाई नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरू समावेश गरेको छ, जसले शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी, र गुणस्तरीय बनाउन योगदान दिनेछ।

### ३.२.१ वर्तमान अवस्था

बौधिमाई नगरपालिकाको विद्यालय शिक्षाको वर्तमान अवस्थालाई विश्लेषण गर्दा विभिन्न सूचकहरूले शिक्षाको पहुँच, गुणस्तर, लैङ्गिक समता, र निरन्तरताका विषयमा महत्वपूर्ण संकेत गर्छन। नगरपालिकामा कक्षा १ मा सहजै देखिने प्रवेश दर ६५.४ प्रतिशत  भए तापनि खुद प्रवेश दर केवल ४१.९ प्रतिशत  रहेको देखिन्छ, जसले बालबालिका विद्यालय भर्ना भए पनि सबै नियमित रूपमा विद्यालय जान नपुगेको संकेत गर्छ। लैङ्गिक समता सूचकांक (GPI) पनि १.१७ (GIR) र १.२२ (NIR) रहेको देखिन्छ, जसले केटा र केटी विद्यार्थीको भर्नामा असमानता रहेको देखाउँछ। विद्यालय शिक्षामा ECED अनुभव लिएका बालबालिकाको प्रतिशत १०२.३ प्रतिशत  रहेको देखिन्छ। आधारभूत तह ( कक्षा १-५) मा सहजै देखिने भर्ना दर (७.४ प्रतिशत  रहे पनि खुद भर्ना दर ७८.२ प्रतिशत  मात्र रहेको छ, जसले विद्यालय जाने तर नियमित रूपमा उपस्थित नहुने समस्या देखाउँछ। कक्षा ६-८ मा यो अझै घट्दै ५१.६ प्रतिशत (NER) र ५६.१ प्रतिशत(GER) मा झरेको छ, जसले माध्यमिक तहको शिक्षामा पहुँच अझ कमजोर रहेको देखाउँछ। विद्यालय बाहिर रहेका बालबालिकाको संख्या पनि २३.९ प्रतिशत  रहेको देखिन्छ, जसले धेरै बालबालिका औपचारिक शिक्षाबाट वञ्चित रहेको संकेत गर्छ। कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये केवल ३५.३ प्रतिशत  मात्र कक्षा ५ सम्म पुग्छन् र २६.२ प्रतिशत  ले मात्र आधारभूत तह पूरा गर्छन, जुन अत्यन्तै चिन्ताजनक अवस्था हो। कक्षा ८ सम्म पुग्ने दर १९.९ प्रतिशत मात्र रहेको छ, जसले विद्यालय छोड्ने समस्यालाई उजागर गर्छ। शिक्षण सिकाइ गुणस्तरको अर्को महत्वपूर्ण पक्ष शिक्षक र विद्यार्थी अनुपात हो। कक्षा १-५ मा यो अनुपात १:१०२ र कक्षा ६-८ मा १:१५४ रहेको छ, जुन अत्यन्तै असन्तुलित अवस्था हो। यसले शिक्षाको गुणस्तर सुधार गर्न थप शिक्षकमैत्री नीति आवश्यक रहेको देखाउँछ। समग्रमा, बौधिमाई नगरपालिकामा विद्यालय शिक्षाको पहुँच र निरन्तरता चुनौतीपूर्ण अवस्थामा रहेको देखिन्छ। भर्ना दर, शिक्षामा लैङ्गिक समता, विद्यालय बाहिर रहेका बालबालिका, र शिक्षक अनुपात सुधार गर्न योजनाबद्ध पहल आवश्यक देखिन्छ। साथै, सिकाइ वातावरण सुधार गर्न शिक्षकहरूको संख्या वृद्धि, विद्यालय भौतिक पूर्वाधार सुधार, र बालबालिकाको निरन्तर उपस्थितिमा सुधार आवश्यक देखिन्छ।

३.२.२ समस्या तथा चुनौतिहरु

१. सिकाई बालवालिका केन्द्रीत हुन नस्कनु ।
२. शिक्षकलाई तालिम दिन नस्कनु ।
३. शिक्षक विद्याथीसंख्या अनुपात अनुसार शिक्षक संख्या नरहेको,
४. कक्षा कोठामा पाठको प्राकृतिक अनुसार शिक्षण सिकाई सामाग्रीको प्रयोग नहुन,
५. विद्याथी संख्या अनुसार कक्षाकोठाको अभाव हुनु ।
६. उपयुक्त खेल मैदान तथा अतरिक्त क्रियाकलाप नहुनु ।
७. आवशयकता अनुरुप वालवालिका तथा अपागं मैत्री शौचालयको कमी हुनु ।
८. राष्ट्रिय मापदणड अनुसारको भौतिक संरचनाको सवलीकरण र निर्माण गर्न नसक्नु ।
९. नतिजा अधारित शिक्षण पद्धतिको विकास गर्न नसक्नु ।
१०. वालवलिकाको स्वास्थ्य सरसफाई, पोषण तथा मनोसामाजिक परामर्शको प्रभावकारी व्यवस्थापन गर्न नसक्नु ।
११. दिवाखाजाको उचित व्यवस्थापन र प्रावकारिता अभिवृद्धि गर्न नसक्नु ।
१२. विधालय बाहिर रहेका २३.९ प्रतिशत बालवालिकाहरुलाई बिधालयमा ल्याउनु ।

३.२.३ उद्देश्य

आधारभूत शिक्षासँग सम्बन्धित यस तहका निम्नानुसारका उद्देश्यहरु राखिएका छन्–:

१. ५–१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गर्ने ।
२. आधारभूत तहको शिक्षालाई, निःशुल्क, अनिवार्य, बालमैत्री, समावेशी तथा पहुँच सुनिश्चित गर्ने ।
३. आधारभूत तहको शिक्षालाई व्यवहारिक, अनुसन्धानात्मक शिक्षण प्रक्रिया, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्नें ।
४. कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउने ।
५. निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा प्रवेशका लागि तयारी गराउने ।
६. अध्यात्म विद्याको प्रारम्भिक ज्ञान का साथै सोमा आधारित योग र ध्यानको अभ्यासव्दारा नैतिकवान, चरित्रवान, विवेकशील एवं सच्चा मानव निर्माणका आधारभूत ज्ञान, सीप तथा अभिवृत्तिहरुको विकास गराउने ।
७. आत्मसम्मान, आत्म सुरक्षा एवं अरुको पनि आत्मसम्मान र सुरक्षाबारे आवश्यक अवधारणात्मक ज्ञान र सीपको विकास गराउने ।

### ३.२.४ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि यस तहले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन् :–

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने

२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने

३. विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयमा बहुकक्षा बहुतह शिक्षण सिकाइका नमुना प्रवर्द्धन गर्ने

४. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने

५. प्रारम्भिक कक्षामा पढ्न तथा गणितीय सिप प्रवर्द्धन गर्ने

६. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने

७. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने

८. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

९. विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

१०. शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

११. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने

१२. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने

१३. विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल बनाउने ।

१४. सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने

१५. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति **उत्थानशील** बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

१६. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने

१७. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल तथा रैथाने सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने तथा स्थानीय पाठ्यकम निर्माण गरी कार्यान्वयन गर्ने ।

१८. अन्तर-सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने

१९. विद्यालयमा बालउद्यान, फूलबारी, करेसावारी, वृक्षरोपण आदि जस्ता कार्यक्रम समावेश गर्ने ।

२०. अध्यात्म विद्याको प्रारम्भिक ज्ञान का साथै सोमा आधारित योग र ध्यानको अभ्यासव्दारा नैतिकवान, चरित्रवान, विवेकशील एवं सच्चा मानव निर्माणका आधारभूत ज्ञान, सीप तथा अभिवृत्तिहरुको विकास गराउने विषयबस्तुहरु समेटी पाठ्यक्रम तथा शिक्षण निर्देशिका तयारी तथा संचालन गर्ने ।

२१. आत्मसम्मान, आत्म सुरक्षा एवं अरुको पनि आत्मसम्मान र सुरक्षाबारे आवश्यक अवधारणात्मक ज्ञान र सीपको विकास गराउने प्रारम्भिक ज्ञान र सीप सम्वन्धी विषयवस्तुहरु समावेश गरी आवश्यक निर्देशिका तयारी तथा कार्यान्वयन गर्ने गराउने ।

### ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएका छन् :–

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ ।

२. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ ।

३. यो तह पूरा गर्ने बालबालिकाहरुको उमेर १३।१४ वर्ष भइसकेको हुनाले आफ्नो जीवन यापन गर्न सक्ने केही प्रारम्भिक तथा व्यवसायिक एवं जीवनोपयोगी सीपहरु पनि प्राप्त गरेका हुने छन्

४. अध्यात्म विद्याको प्रारम्भिक ज्ञान का साथै सोमा आधारित योग र ध्यानको अभ्यासव्दारा नैतिकवान, चरित्रवान, विवेकशील एवं सच्चा मानव निर्माणका आधारभूत ज्ञान, सीप तथा अभिवृत्तिहरुको जगको विकास भएका हाम्रा बालबालिकाहरु तयार हुने छन् ।

५. आत्मसम्मान, आत्म सुरक्षा एवं अरुको पनि आत्मसम्मान र सुरक्षाबारे आवश्यक अवधारणात्मक ज्ञान र सीपको विकास भएका बालबालिका तयार हुने छन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन् ।

| क्र.सं | सुचक | आधार वर्ष ( २०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह ( प्राथमिक कक्षा १-५)मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ७८९०(–५८४०=२०५०) | २०५० | १५५० | १०५० | ५२५ | ०० |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | ५८४० (कुल ६१ त.प्रा.४८ | ५८४० १३ | ६३४० ४ | ६८४० ४ | ७३६५ ५ | ७८९० ०० |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions)पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १६ | १६ | ५स्तरवृद्धि | ५स्तरवृद्धि | ४स्तरवृद्धि | २स्तरवृद्धि |
| ४ | आफ्नो जीवन यापन गर्न सक्ने केही प्रारम्भिक तथा व्यवसायिक एवं जीवनोपयोगी सीपहरु पनि प्राप्त विद्यार्थी सख्या | १०प्रतिशत | १० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत | २० प्रतिशत | २० प्रतिशत |
| ३ | आधारभूत तह ( कक्षा ६-८)मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | (कुल ३३०८ हाल वि.सं.२१९८= १११० | १११० | ४०० | ४०० | ३०० | १० |
| ४ | आधारभूत तह -कक्षा ६–८ मा विद्यार्थी र | २१९८ | ३ | ०० | ०० | ०० | ०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त शिक्षकको सङ्ख्या | जम्मा १० मध्ये ता प्रा. ७ | | | | | |
| ५ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १६ | १६ | स्तरवृद्धि ५ | स्तरवृद्धि५ | स्तरवृद्धि५ | स्तरवृद्धि |
| ६ | आफ्नो जीवन यापन गर्न सक्ने केही प्रारम्भिक तथा व्यवसायिक एवं जीवनोपयी सीपहरु पनि प्राप्त विद्यार्थी सख्या | १०प्रतिशत | १० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत | २० प्रतिशत | २० प्रतिशत |

३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन्–

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | | शतप्रतिशत | १पटक | १पटक | १पटक | १पटक | १पटक | | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन भएको विद्यालय संख्या | १६ | ०० | ५वटा | ५ | ५ | १ | १६ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास भएको विद्यालय संख्या | | ३ | ५ | ५ | ३ | ० | १६ | | |
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा तथा कक्षा व्यवस्थापन भएको विद्यालय संख्या | | ०० | १ | १ | २ | ३ | ७ | | |
| ५ | आत्म सुरक्षा तालिम व्यवस्थापन | | ०० | २५प्रतिशत | २५ | २० | ३० | १०० | | |
| ६ | अध्यात्म तथा अध्यात्ममा आधारित योग साधना | | ०० | २५ ,, | २५ | २० | ३० | १०० | | |
| ७ | सिकाई समाग्री व्यवस्थापन | निरन्तर | | | | | | | | |
| ८ | स्थानिय पाठ्यक्रम लागु | संख्या | २ | २ | ३ | ३ | ३ | ३ | | |
| ९ | बिधालय पुस्तकालय संचालन | संख्या | २ | २ | ३ | ३ | ३ | १३ | | |
| १० | बिधार्थीहरुको लागी अतरित क्रियाकलाप संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा

छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नु पर्दछ । प्राविधिक र व्यावसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरूलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सीपले पनि सजिलो बनाउन सक्दछ । यसरी विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय गर्न सक्ने कुराहरूलाई ध्यानमा राखेर यस बौधीमाई नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

उद्येश्यहरु–

३.३.१ वर्तमान अवस्था

बौधीमाई नगरपालिकाको माध्यमिक शिक्षा ९ कक्षा देखि १२ वर्षसम्मको वर्तमान अवस्था विश्लेषण गर्दा विभिन्न सूचकांकहरू निकै चाखलाग्दा देखिन्छन् । सहजै देखिने भर्ना दर (GER) तथा खुद भर्ना दर (NER) दुवै कमजोर अवस्थामा छन, विशेषगरी कक्षा ११ र १२ मा, जहाँ GER मात्र १०.०५ प्रतिशत र NER ४.१५प्रतिशत रहेको छ । कक्षा ९ र १० को GER ३०.७५ प्रतिशत र NER १८.७५ प्रतिशत रहेको देखिन्छ, जुन अपेक्षाकृत कम मान्न सकिन्छ। समग्रमा कक्षा ९ र १२ को GER १९.८५ प्रतिशत र NER ११.०५ रहेको छ, जसले माध्यमिक तहमा विद्याथीहरूको पहुँच तथा निरन्तरतामा चुनौती रहेको देखाउँछ । लैङ्गिक समता सूचांक (GPI) पनि ०.८७ प्रतिशत मा सीमित रहेको छ, जसले माध्यमिक तहमा केटा र केटी विद्याथीको समान सहभागिता अझै सुनिश्चित हुन नसकेको संकेत गर्छ । उमेरगत भर्ना दर २५ प्रतिशत मात्र छ भने ७५ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको तथ्याङ्क गम्भीर चिन्ताको विषय हो । कक्षा १ बाट १० सम्मको पहुँच (Survival Rate) ३२.९५ प्रतिशत छ भने कक्षा १० सम्म टिक्ने ३४.६५ प्रतिशत रहेको छ, जुन अत्यन्तै कमजोर स्थिति दर्शाउँछ । त्यस्तै, माध्यमिक तह ९ देखि १० मा शिक्षक अनुपात ८३ रहेको छ भने कक्षा ११ र १२ मा यो ८९ छ । शिक्षकको अनुपात तुलनात्मक रूपमा राम्रो देखिए पनि विद्याथी नामांकन दरको न्यून स्तरले प्रभावकारी शिक्षाको सवालमा प्रश्न उठाउँछ । यी तथ्याङ्कहरूलाई आधार मान्दा बौधीमाई नगरपालिकामा माध्यमिक शिक्षामा सुधारका लागि विशेष रणनीति आवश्यक देखिन्छ, जसमा विद्याथी भर्ना वृद्धिदेखि शिक्षक व्यवस्थापन र विद्यालय बाहिर रहेका बालबालिकालाई पुनः शिक्षामा ल्याउने पहल गरिनुपर्छ ।

३.३.२ समस्या तथा चुनौतिहरु

१. विद्यार्थीहरुको लागि व्यवस्थित मैदान र खेल सामग्री नहुनु ।
२. विद्यालय बाहिर रहेको वालवालिकालाई विद्यालयमा ल्याएर टिकाउन नसक्नु ।
३. दलित तथा सिमान्तकृत समुदायको वालवालिकालागि थप प्रोत्साहन कार्यक्रम गर्न नसक्नु ।
४. सिकाई प्रक्रियामा प्रविधिको प्रयोग नहुनु ।
५. राष्ट्रिय मापदणड अनुसारको भौतिक पूर्वाधारको विकास हुन नसक्नु ।
६. शिक्षण प्रक्रिया लैगिंक मैत्रि हुन नसक्नु ।
७. शिक्षक र विधार्थीको अनुपात उपयुक्त नहुनु ।
८. माध्यमिकतहको खुद भर्ना दरमा लैङ्गिक समता सूचांक ०.८७ प्रतिशत हुनु ।
९. माध्यमिकतहको कक्षा ९ र कक्षा १० मा विद्यालय बाहिर रहेका बालबालिकाको दर ३२.९५ प्रतिशत हुनु ।
१०. कक्षा १ का जम्मा विद्यार्थीहरुमध्ये कक्षा १० सम्म पुग्ने दर ३२ प्रतिशत हुनु ।
११. राष्ट्रिय विद्यालय मापदणड अनुसारको भौतिक पूर्वाधार नहुनु ।
१२. विद्यार्थी अनुपातमा शिक्षक अपुग हुनु ।
१३. विषय शिक्षकको कमी र कक्षाकोठा प्रविधि मैत्री नुहुनु ।
१४. विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलापको व्यवस्थापन नहुनु ।
१५. विशेष गरी ग्रामीण क्षेत्र तथा विपन्न समुदायमा विद्यार्थीले कक्षा १२ पूरा नगर्ने प्रवृत्ति हुनु ।
१६. पुस्तकालय, प्रयोगशाला, कम्प्युटर तथा डिजिटल शिक्षाका लागि आवश्यक स्रोत साधन सीमित हुनु ।
१७. व्यावसायिक तथा प्राविधिक शिक्षा अझै राम्रोसँग विस्तार हुन नसक्नु ।
१८. शिक्षकको पेशागत विकासका लागि तालिम, मेन्टरिगं जस्ता सहयोग पद्धतीको विकास हुन नसक्नु ।

३.३.३ उद्देश्य

माध्यमिक शिक्षासँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरु निम्नानुसार राखिएका छन् :–

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु
४. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने ।

५. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने ।

६. माध्यामिक शिक्षाको शिक्षणविधिलाई व्यावहारीक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रर्तिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउने ।

७. अध्यात्म विद्याको प्रारम्भिक ज्ञान का साथै सोमा आधारित योग र ध्यानको अभ्यासद्धारा नैतिकवान, चरित्रवान, विवेकशील एवं सच्चा मानव निर्माणका आधारहरुको विकास गराउने ।

८. आत्म सुरक्षा एवं अरुको सुरक्षाबारे आवश्यक अवधारणात्मक ज्ञान र सीपको विकास गर्ने गराउने ।

९. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्यारउने दर घटाउने ।

१०. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्यारउने दर घटाउने ।

११. विपदमा पनि शिक्षा निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने ।

१२. भौतिक संरचनालाई सवलीकरण गरी जोखिम रहित वनाउने ।

### ३.३.४ रणनीति

उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि यस तहले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन्:–

१. माध्यमिक तहमा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने

२. विद्यार्थीहरुलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने

३. विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने

४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

६. शिक्षकको पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

७. शिक्षकका लागि अभिप्रेरणाका कार्यक्रमहरु सञ्चालन गर्ने

८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने

९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने

१०.विद्यालयलाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।

११. कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीलाई आकर्षित गर्न आवश्यक पूर्वाधार तथा छात्रवृत्तिको व्यवस्था गर्ने

१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने

१३. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने

१४ आत्म सुरक्षा सम्वन्धी तालिमको सक्षम व्यवस्थापन गर्ने ।

१५.अध्यात्म विद्याको प्रारम्भिक ज्ञान का साथै सोमा आधारित योग र ध्यानको अभ्यासव्दारा नैतिकवान, चरित्रवान, विवेकशील एवं सच्चा मानव निर्माणका आधारहरुको विकास गराउने सक्षम व्यवस्थापन गर्ने ।

३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

यस योजनाको सफल कार्यान्वयनपश्चात हासिल हुने मुख्य मुख्य उपलब्धिहरु निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएका छन्:-

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने छ ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ ।
३. परिवार, समाज र देशलाई चाहिने निम्नस्तरीय जनशक्तिको उत्पादन हुने छ ।
४. विद्यार्थीहरुमा अध्यात्म विद्याको प्रारम्भिक ज्ञानका साथै सोमा आधारित योग र ध्यानको अभ्यासव्दारा नैतिकवान, चरित्रवान, विवेकशील एवं सच्चा मानव निर्माणका आधारहरुको विकास भएको हुने छ ।
५. विद्यार्थीहरुमा आत्म सुरक्षा एवं अरुको सुरक्षाबारे आवश्यक अवधारणात्मक ज्ञान र सीपको विकास हुनुका साथै आफ्नो जीवनमा यी ज्ञान र सीपहरुको प्रयोग गर्न सक्ने हुने छन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन्-

| क्र.सं. | सुचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | जम्मा जनसंख्या–१६४८–७६७=८८१ | ७६७ | २५० | २०० | २०० | २३१ | १६४८ |
| २ | माध्यमिक तह ( कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | जम्मा जनसं १८६०–२६४=१५९६ | २६४ | ४०० | ४०० | ४०० | ३९६ | १८६० |

### ३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन्–

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | सबै | ३ | १पटक | १पटक | १पटक | १पटक | | | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | संख्या | ३ | ३ | ३ | ३ | ४ | १६ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | संख्या | ३ | ३ | ३ | ३ | ४ | १६ | | |
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा तथा कक्षा व्यवस्थापन | संख्या | ०० | १ | १ | १ | | | - | |
| ५ | आत्म सुरक्षा तालिम व्यवस्थापन | संख्या | ०० | ३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | अध्यात्म तथा अध्यात्ममा आधारित योग साधना | संख्या | ०० | ३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | नमुना विद्यालय विस्तार | संख्या | | | | १ | | १ | | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | १ | १ | १ | १ | ५ | | |
| ९ | शिक्षक तालिम | निरन्तर | | | | | | | | |
| १० | सिकाई समाग्रीहरुको व्यवस्थापन | संख्या | ३ | ३ | ३ | ३ | ४ | १६ | | |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.४.१ परिचय

शिक्षाले गरी खाने सीप सिकाउन सकेन र शिक्षालयहरू बेरोजगार उत्पादन गर्ने थलोमात्र भए भन्ने गुनासो अहिले सर्वत्र सुनिने गरेको छ । यस्ता गुनासोहरूलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

परिषद् ले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरूमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । तर प्राविधिक तथा व्यावसायिक शिक्षाका यस्ता अवसरहरू सीमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केही गर्न पुँजी आफ्नै श्रोत र साधन भएपनि सोको पहिचान गर्न नसक्नुका साथै अन्य पूंजी लगायत अन्य अवरोधहरू रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरू पनि सुनिन थालेका छन् । अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेसा, व्यवसाय र प्राविधिक शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरूमा पेसा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर नरम सीपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरू त्यति सजग भएको देखिदैन । यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुची र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरू अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्तै आवश्यकताहरुका आधारमा व्यक्तिहरूका लागि पालिकाले रोजगारमूलक सिप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो । विद्यमान रूपमा यस नगरपालिकामा एउटा पनि प्राविधिक धारको विद्यालय सञ्चालनमा नरहेको हुंदा स्थानीय आवश्यकतालाई समेटन सकेको छैन । त्यस कारण आवश्यकता अनुसार प्राविधिक धारका विद्यालयहरु संचालन गर्ने गराउन निर्णय गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

बौधीमाई नगरपालिकामा हाल सामुदायिक रुपमा प्राबिधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम कुनै पनि प्रकारको रहेको छैन । यस पालिकाको बालबालिकाहरु प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिमहरु कुनै पनि प्रकारको लिनु पर्नु भएमा यस पालिकाबाट बाहिर जाने गरेको छ । त्यसैलेगर्दा यस पालिकाको बालबालिकाहरु प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासको लागि बाहिर शैक्षिक सस्थाहरुमा निर्भर पर्नुपर्ने देखिएको छ। यस्तो किसिमको आवश्यकतालाई सम्बोधन गर्नका लागी यस पालिकामा प्राविधिक शिक्षालाई विकास गर्ने लक्ष्य राखिएको छ ।

### ३.४.३ समस्या तथा चुनौतिहरु

१. स्रोत व्यवस्थापनमा समस्या हुनु ।
२. भौतिक पूर्वाधार विकास गर्नु समस्या हुनु ।
३. शिक्षक पाउन र भर्नामा चुनौति

### ३.४.४ उद्देशय

१. विद्यालय शिक्षाको माध्यमबाट योग्य तथा मध्यम स्तरका जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा जोड दिने ।

२. मांग र जनसंख्याको आधारमा प्राविधिक धारका विद्यालयहरूको व्यस्थापन तथा संचालन गर्ने ।
३. प्राविधिक धार अन्तर्गत सञ्चालन हुने सामुदायिक विद्यालयहरूको संस्थागत विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
४. माग र आवश्यकताका आधारमा छोटो अवधिका प्राविधिक एवं व्यवसायिक तालिमहरु सञ्चालन गर्ने ।

### ३.४.५ रणनिती

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि आवश्यक पूर्वाधारको बिकास र बिस्तार गर्ने ।
२. सिप मुलक तालिमको बिस्तार गर्ने ।
३. गुणस्तर,पहुच र सहाभागीतामा बृधि गर्ने ।

### ३.३.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा गुणस्तर,पहुच,र सहभागितामा बृद्धी हुने ।
२. प्राविधिक ज्ञान,सिप बिस्तार हुन ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षाको पूर्वाधारको बिकास हुने ।

**ख) नतिजा**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाको स्थापना हुने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको पूर्वाधारको बिकास हुने ।
३. पहुच,गुणस्तर र सहभागितामा बृद्धि हुने ।

### ३.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्था स्थापना | संख्या | ० | ० | १ | ० | ० | ० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पूर्वाधार निर्माण | | | | | | | | | आवश यकता अनुसार |
| ३ | सिपमुल्क तालिम | पट क | ० | ० | १ | १ | १ | १ | | |

### ३.५ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई

#### ३.५.१ परिचय

सिकाइ एक जीवनपर्यन्त चलिरहने प्रक्रिया हो, जसले व्यक्तिलाई ज्ञान, सीप र सामाजिक सचेतनाको विकास गर्न मद्दत गर्दछ । हाम्रो समाजमा औपचारिक शिक्षालाई मात्र सिकाइको रूपमा लिने परम्परा रहेको छ, जसका कारण विभिन्न कारणवश औपचारिक शिक्षा प्राप्त गर्न नसकेका व्यक्तिहरू शिक्षाबाट बञ्चित हुन पुगेका छन । तर अनौपचारिक शिक्षा जीवनभर सिक्ने अवसर प्रदान गर्ने महत्वपूर्ण माध्यम हो, जसले व्यक्तिको जीवनस्तर सुधार गर्न, रोजगारीका अवसर सिर्जना गर्न र समाजलाई साक्षर तथा आत्मनिर्भर बनाउने लक्ष्य राख्छ । यसै उद्देश्यलाई ध्यानमा राख्दै बौधीमाई नगरपालिकाले अनौपचारिक शिक्षालाई आफ्नो शिक्षा योजनामा प्राथमिकता दिएको छ । जीवनपर्यन्त शिक्षाको अवधारणालाई मूर्तरूप दिन, स्थानीय सन्दर्भ अनुसारका कार्यक्रमहरू सञ्चालन गर्दै व्यक्तिहरूलाई पढाइ, लेखाइ र व्यावहारिक सीप प्रदान गर्न नगरपालिकाले विभिन्न प्रयासहरू गरिरहेको छ ।

#### ३.५.२ वर्तमान अवस्था

बौधीमाई नगरपालिकामा अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन भए तापनि यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अझै चुनौतीहरू विद्यमान छन् । हालसम्म यस नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्न सकिएको छैन, जुन अनौपचारिक शिक्षाको प्रभावकारिता वृद्धि गर्नुपर्ने आवश्यकतालाई दर्शाउँछ । २०७८ सालको जनसंख्यालाई आधार मानी सञ्चालित कार्यक्रमहरूपछि नगरपालिकाको साक्षरता प्रतिशत ५४.९ प्रतिशत मात्र रहेको तथ्यांकले देखाउँछ कि अझै धेरै मानिसहरू साक्षर हुन सकेका छैनन् । त्यसतै सामुदायक सिकाई केन्द्र १ वटा मात्र रहेको छ । त्यो पनि प्रभावकारी रुपमा संचालन हुन सकेका छैन । जीवनपर्यन्त शिक्षाको महत्वलाई जनचेतनामूलक कार्यक्रममार्फत व्यापक रूपमा प्रवर्द्धन गर्दै, अनौपचारिक शिक्षा प्रणालीलाई कृषि, घरेलु उद्योग, व्यापार तथा पशुपालन जस्ता आयमूलक गतिविधिसँग जोड्नुपर्ने आवश्यकता देखिन्छ । नगरपालिकाले अनौपचारिक शिक्षालाई प्रभावकारी बनाउन स्थानीय स्रोतहरूको उपयोग, अनुभवी प्रशिक्षकहरूद्वारा व्यावहारिक सीप हस्तान्तरण, तथा समाजका प्रत्येक उमेर समूहलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्ने रणनीति अवलम्बन गरिरहेको छ । तर, अझै पनि प्रभावकारी नीति निर्माण,

शिक्षा प्रणालीको सुदृढीकरण र स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ, जसले समग्र नगरपालिकाको साक्षरतामा सकारात्मक प्रभाव पार्नेछ ।

### ३.५.३ समस्या तथा चुनौतिहरु

१. सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु ।
२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मापदण्ड लागु गर्नु ।
३. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गर्न नसक्नु ।
४. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र, घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने ।
५. सहजकर्ताको क्षमता विकास गर्न नसक्नु

### ३.५.४ उद्देशय

१. साक्षर नगरको रूपमा विकास गर्ने ।
२. साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्ने ।
३. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्ने ।
४. सहजकर्तालाई दक्ष वनाउने ।
५. सामुदायिक सिकाई केन्द्रलाई पुस्ताकालय र प्रविधिसँग जोडने ।
६. राष्ट्रिय सक्षमता लागु गर्ने ।
७. सरोकारवलाहरुको प्रभावकारी सम्न्वय गर्ने ।
८. निरक्षरहरूको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर बनाउने ।
९. जीवनपर्यन्त सिकाइमा जोड दिने ।
१०. मानवीय जीवनका मूल्य र मान्यताका साथ साथै अन्य जीव तथा निर्जीवहरुको पनि आस्तित्वीक मूल्य र मान्यताका साथै प्रगतिशील उपयोगी ज्ञान, अवधारणा र प्रयोग वारे सूशिक्षीत गराउने ।
११. अध्यात्म विद्याको ज्ञान का साथै सोमा आधारित योग र ध्यानको अभ्यासव्दारा नैतिकवान, चरित्रवान, विवेकशील एवं सच्चा मानव निर्माणका आधारहरुको विकास गराउने ।
१२. आत्म सुरक्षा एवं अरुको सुरक्षाबारे आवश्यक अवधारणात्मक ज्ञान र सीपको विकास गर्ने गराउने

### ३.५.५ रणनीति

उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि यस तहले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन् :–

१. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।
२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने ।
३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।
४. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने ।
५. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
६. अनौपचारिक शिक्षाको माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।
७. सिकाइ केन्द्रहरुको माध्यमबाट समाजमा भइरहेका अमानवीय , अजैवीक तथा अन्य जीवजनावहरु प्रति पनि आस्तित्वीक मूल्य र मान्यता एवं आस्तित्वीक लक्ष्यतर्फ गतिशील बनाउन आवश्यक ज्ञान, अवधारणा तथा अध्यात्मिक ज्ञान, योग र ध्यानका अभ्यासहरु गरिने गराइने ।

### ३.५.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएका छन् –

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुनेछन् ।
२. यस शिक्षा व्यवस्थाको माध्यमबाट सबै नागरिकहरुमा आवश्यक ज्ञान, अवधारण र सीप विकासका साथै सम्पूर्ण जीवजनावरहरुप्रतिको व्यवहार, आत्मरक्षा र सुरक्षा एवं आस्तित्वीक मूल्य र मान्यताका साथै लक्षतर्फ गतीशील बनाइने अवबसर प्राप्त हुने छ ।
३. परिवार, समाज तथा देशमा एउटा सौहाद्रपूर्ण तथा अनुकूल वातावरणको निर्माणमा सहयोग पुग्ने छ ।
४. साक्षर नगर घोषण हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन्–

| क.सं. | सुचक | आधार वर्ष ( २०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) ८ (%) | ५४.९प्रतिशत | ५४.९प्रतिशत | ६४.९प्रतिशत | ७४.९प्रतिशत | ८४.९प्रतिशत | १००प्रतिशत |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्ष भन्दा माथिका महिला) (% | ४५.३प्रतिशत | ४५.३प्रतिशत | ५५.३प्रतिशत | ६५.३प्रतिशत | ७५.३प्रतिशत | ८५.३प्रतिशत |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या वडागत | जम्मा ९ जम्मा १ रहेको | २ वटा | ३ वटा | १ वटा | २ वटा | ९ |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ०० | १वटा | २वटा | ३वटा | ४वटा | ५वटा |
| ५ | छोटो अवधिका आयमुलक कार्यक्रम | १ | १ | १ | १ | १ | |
| ६ | साक्षर नगरपालिका घोषणा | ० | ० | ० | ० | १ | |

### ३.५.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन्

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटावेस तयारी | संख्या | ०० | ५०प्रतिशत | ५०प्रतिशत | | - | | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | संख्या | १० | १० | १० | १० | १० | १० | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | संख्या | २ वटा | २ वटा | १ वटा | १ वटा | १वटा | १वटा | | |
| ४ | सहजकर्ताको क्षमता अभिवृद्धी | संख्या | २ वटा | २ वटा | १ वटा | १ वटा | १वटा | १वटा | | |
| ५ | साक्षर नगरपालिका घोषणा | पटक | ० | ० | ० | ० | १ | १ | | |

### ३.५.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन्

| क.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटावेस तयारी | संख्या | ०० | ५०प्रतिशत | ५०प्रतिशत | | | | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | संख्या | १० | १० | १० | १० | १० | १० | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | संख्या | २ वटा | २ वटा | १ वटा | १ वटा | १वटा | १वटा | | |
| ४ | सहजकर्ताको क्षमता अभिवृद्धी | संख्या | २ वटा | २ वटा | १ वटा | १ वटा | १वटा | १वटा | | |
| ५ | साक्षर नगरपालिका घोषणा | पटक | ० | ० | ० | ० | १ | १ | | |

# परिच्छेद:४
# अन्तर-सम्बन्धित विषय तथा क्षेत्र

यो शिक्षा योजनाको परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायत पाठ्यक्रमतथा मुल्याकंन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका प्रस्तुत गरिएको छ। परिच्छेद तीनको विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्वन्धित विभिन्न अन्तर सम्बन्धित विषयहरू जस्तैः शिक्षक व्यवस्थापन तथा विकास, पाठ्यक्रम विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास,शिक्षामा सूचना तथा सञ्चार लगायतका कतिपय पक्षहरू समावेश गरिएका भएपनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्धामा शिक्षाका लागि तयारी, विद्यालयको भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

## ४.१ पाठचक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मुल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम मानव जीवनका व्यवहारिक समस्याहरू समाधान गर्न आवश्यक ज्ञान, सीप, र क्षमताको मार्गनिर्देशक पनि हो। यसले शैक्षिक तथा सामाजिक जीवनदर्शन, सिकाइ प्रक्रिया, विषयवस्तु, तथा ज्ञानको प्रकृति विचार गर्दै विद्यार्थीको आवश्यकता अनुसार विस्तृत योजना प्रस्तुत गर्दछ। समाज, राष्ट्र र व्यक्तिको आवश्यकतानुसार पाठ्यक्रम निरन्तर परिमार्जन हुँदै जान्छ। यसको विकास तथा कार्यान्वयन प्राविधिक प्रक्रिया हो, जसमा सहकार्य, सान्दर्भिकता, व्यवहारिकता, र समावेशीकरण अनिवार्य छ। स्थानीय तहको नेतृत्वद्वारा मातृभाषा, सीप, र प्रविधिमा आधारित शिक्षालाई प्रवर्द्धन गरिनु आवश्यक छ। पाठ्यक्रम केवल विषय सिकाउने माध्यम नभई विद्यार्थीको क्षमता अभिवृद्धि,

सिकाइ प्रक्रिया, र मूल्याङ्कन प्रणाली निर्धारण गर्ने आधार पनि हो । मूल्याङ्कन पद्धतिहरूमा कक्षामा आधारित परीक्षण, आवधिक परीक्षा, NARN, NASA आदि रहेका छन् । सिकाइ मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन आवश्यक छ, जसका लागि विद्युतीय सामग्रीहरू CEHRD को अनलाइन पोर्टलमा उपलब्ध गराइएको छ ।

### ४.१.२ वर्तमान अवस्था

वौधीमाई नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको छ । यस शैक्षिक सत्रदेखि आधारभूत तह १ देखी ५ कक्षाको स्थानीय पाठ्यक्रम निर्माण सुरु गरिएको छ, भने आगामी वर्ष कक्षा ६ देखी ८ का लागि योजना बनाइएको छ । यस पाठ्यक्रमले स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, तथा रैथाने सीपहरु समेतलाई समेट्दै बालबालिकालाई आफ्नै परिवेश अनुकूल सिकाइ सहज बनाउन मद्दत गर्दछ ।

सिकाइलाई प्रभावकारी बनाउन विद्यालय पाठ्यक्रमलाई स्थानीय परिवेशसँग जोड्दै व्यवहारिक तथा जीवनोपयोगी सीपहरू समावेश गरिएका छन् । कक्षा १ देखि ८ कक्षासम्मका विषयवस्तुहरू एकीकृत ढङ्गले प्रस्तुत गरिँदै २५ देखि ५० प्रतिशतसम्म प्रयोगात्मक, परियोजना, वा सामुदायिक कार्य गराउने व्यवस्था गरिएको छ । माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, वा बहुभाषा प्रयोग गरी सिकाइलाई सहजीकरण गरिन्छ । मूल्याङ्कन तर्फ, कक्षा १ देखि ३ कक्षासम्मको निरन्तर मूल्याङ्कन स्वत: कक्षोन्नति नीति लागू गरिएको छ । कक्षा ४ र ५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन, कक्षा ६ देखी ८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ । कक्षा ७ सम्म निरन्तर मूल्याङ्कन प्रणाली रहन्छ भने कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुनेछ । कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशनअनुसार सञ्चालन गरिन्छ ।

### ४.१.३ चुनौतीहरु

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास ।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग ।
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग ।
५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता ।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग ।
७. स्थानीय पाठ्यक्रम कार्यान्वयन ।

८. कक्षा १ देखि ३मा पठन सीप सम्बन्धि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको विकास, वितरण तथा प्रयोग हुदै आउनु स्थानीय पाठ्यक्रमको विकास प्रक्रिया अगाडी बढ्नु र समयमा नै पाठ्यपुस्तकहरु प्राप्त हुनु अवसरको रुपमा रहेका छन् ।

### ४.१.४ उद्देश्य

पाठचक्रम, पाठचपुस्तक, सिकाइ सामगी तथा मुल्याङ्कनसँग सम्बन्धित उदेश्य निम्नानुसार राखिएका छन्–

१. पाठचक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकाइरुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु
२. स्थानीय पाठचक्रम र पाठचसामगी निर्माण तथा कार्यान्वयन गर्नु
३. निरन्तर, आवधिक तथा स्तरीकृत मुल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु
४. स्थानीय पाठ्यकम र पाठ्य सामग्रीहरुमा अध्यात्म विज्ञान एवं सोमा आधारित योग तथा ध्यान सम्वन्धी अवधारण, आवश्यक ज्ञान, सीप र अभ्यास समावेश गर्ने ।
५. प्रत्येक विद्यार्थीले आत्म सुरक्षा एवं अरुको पनि सुरक्षा गर्ने सम्वन्धमा आवश्यक अवधारणा, ज्ञान, सीप तथा वृत्तिको विकासका व्यवस्थाहरु समावेश गर्ने ।

### ४.१.५ रणनीति

उल्लिखित उदेश्यहरु हासिल गर्नका लागि यस तहले अपनाउने रणनीतिहरु निम्नानुसार रहेको उल्लेख गरिएका छन् –

१. राष्ट्रिय पाठचक्रम प्रारुप, २०७६ अनुरुप पाठचक्रम कार्यान्वयन गर्ने ।
२. पाठचक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठचक्रम तथा पाठचसामाग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रवोधीकरण गर्ने ।
३. पाठचक्रम कार्यान्वयनका लागी शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने ।
४. विपत, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने
५. शिक्षकका लागी शिक्षक निर्देशिका तथा स्रेत सामग्री तथा विद्यार्थीका लागी सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चित गर्ने ।
६. शिक्षण माध्यमको भाषको रुपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।
७. स्थानीय तथा मातृभाषाको पाठचक्रम र पाठचसामाग्रीका विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
८. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धतिको विकास गर्ने ।

९. सहपाठी सिकाई समुह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।

१०. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशी, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण, अध्यात्म विज्ञान, योग तथा ध्यानका साथै सुरक्षा जस्ता विषयवस्तुहरुलाई प्राथमिकताका साथ समावेश गर्ने

११. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने

१२. निरन्तर विद्यार्थी मुल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने

४.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएका छन् –

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्धरा सिकारुमा ज्ञान, सिप र व्यवहारमा साकारात्मक परिवर्तन भएको हुने छ ।

२. स्थानीय पाठ्यक्रम र प्राठ्यसामागी निर्माण तथा कार्यान्वयन भएको हुने छ ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्वतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

४. बालबालिकाहरुमा मानवीय मूल्य, मान्यता एवं सम्पूर्ण सृष्टीको अस्तित्वगत संरक्षण, लक्ष्य, मूल्य र मान्यता एवं उससंगको सह अस्तित्वको सम्वन्ध कायम राख्ने प्रयास गर्ने छ ।

५. स्थानीय समुदायमा भएका तथा रहेका रैथाने जीवन पद्धत्ति एवं अर्थतन्त्रका अवस्था तथा व्यवस्थाहरुको पहिचान गरी वर्त्तमानमा प्रयोग गर्न सकिने ज्ञान, सीप तथा प्रविधिहरुको प्रयोग गर्ने प्रयास गर्ने छन् ।

६. आत्मरक्षा तथा अन्यको लागि सुरक्षाका साथै अरु जीव एवं निर्जीवहरुको रक्षा, संरक्षण, सम्वर्द्धनका साथै आस्तित्वीक मूल्य मान्यता र लक्ष्यतर्क गतिशील रहनमा सहयोगको भावनाको विकास गर्ने गराउने ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

योजना कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन् –

| क्र.सं | सूचक | आधार वर्ष (२०८१/०८२) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठयक्रम लागु गरेका विद्यालय संख्या | ०० | ०० | ०० | ०० | ०० | ०० |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | १००प्र.श. | १००प्र.श. | १००प्र.श. | १००प्र.श. | १००प्र.श. | १००प्र.श. |
| ३ | स्थानीय भाषामा कक्षा संचालन गर्ने विद्यालय | १००प्र.शत. आधारभूत कक्षासम्म | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | १००प्र.शत कक्षा ३सम्म | " | " | " | " | " |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धी समाग्री प्रयोग गर्ने विद्यालय संख्या | ०० | ५०प्रतिशत | ५०प्रतिशत | | | |
| ६ | निर्मित स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्रीहरुमा व्यवस्था गरिए अनुसारका अवधारणा, ज्ञान, सीप र अभ्यासका | ०० | निर्माणाधीन अवस्थामा | लागू हुने | लागू हुने | लागू हुने | लागू हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गराउने विद्यालय संख्या। | | | | | | |
| ७ | स्थानीय समुदायमा भएका तथा रहेका रैथाने जीवन पद्धति एवं अर्थतन्त्रका अवस्था तथा व्यवस्थाहरुको पहिचान गरी वर्त्तमानमा प्रयोग गर्न सकिने ज्ञान, सीप तथा प्रविधिहरुको प्रयोग गर्ने विद्यालय सँख्या | ०० | निर्माणाधीन | लागू हुने | लागू हुने | लागू हुने | लागू हुने |
| ८ | बालबालिकाहरुमा मानवीय मूल्य, मान्यता एवं सम्पूर्ण सृष्टीको अस्तित्वगत संरक्षण, लक्ष्य, मूल्य र मान्यता एवं उससंगको सह अस्तित्वको सम्वन्ध कायम राख्ने पा.क..तथा पा.पु.लागू गर्ने वि.सं. | ०० | पा.क. तथा पा.मु. निर्माण गर्ने | लागू गर्ने | लागू गर्ने | लागू गर्ने | लागू गर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | आत्मरक्षा तथा अन्यको लागि सुरक्षाका साथै अरु जीव एवं निर्जीवहरुको रक्षा, संरक्षण, सम्वर्द्धनका साथै आस्तित्वीक मूल्य मान्यता र लक्ष्यतर्फ गतिशील रहनमा सहयोगको भावनाको विकास गर्ने गराउने पा.क.पा.पु.निर्माण कार्यान्वयन गर्ने वि.सं. । | ०० | पाठ्क्रम निमाण गरिने | लागू गरिने | लागू गरिन | लागू गरिन | लागू गरिन |

४.१.७ प्रमुख कियाकलाप र परिणात्मक लक्ष्य

तलको तालिकामा यस तहले कार्यान्वयन गर्ने प्रमुख कियाकलाप र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन् –

| क.स | प्रमुख कियाकलाप | एकाई | भौतिक लक्ष्य (दश वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | पाठयकमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि शिक्षक व्यवस्थापन तथा तालिम संचालन | | १पटक | १पटक | १पटक | १पटक | १पटक | | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय पाठयक्रम विकास तथा कार्यान्वयन | ०० | निर्माणाधीन | लागू गर्ने | लागू गर्ने | लागू गर्ने | लागू गर्ने | लागू गर्ने | |
| ४ | तोकिए बमोजिमको मापदण्ड अनुसारका विद्यालय एवं कक्षा संचालन व्यवस्थापन | ०० | २०प्रतिशत | २० प्र.श. | ३० प्र.श. | २० प्र.श. | १०प्र.श. | | |
| ५ | विद्यालय शिक्षा प्राप्त गरी समाजमा जीवन यापन गरी रहेका विद्यार्थीहरुको सामाजिक लेखा परीक्षण | ०० | २०प्र.श. | २०प्र.श. | २०प्र.श. | २०प्र.श. | २०प्र.श. | | |
| ६ | यस नगरपालिकाको शैक्षिक व्यवस्थापनका चारैवटा पक्षहरु क्रमश: लगानी, प्रक्रिया, उत्पादन तथा प्रभाववारे समीक्षा एवं सुधार | ०० | ००पटक | १पटक | १पटक | १पटक | १पटक | १पटक | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

शिक्षाको गुणस्तर सुनिश्चित गर्न सक्षम र उत्तरदायी शिक्षक व्यवस्थापन आवश्यक छ। शिक्षाप्रद बजेटको करिब ७० प्रतिशत रकम शिक्षक तलबमा खर्च हुन्छ। शिक्षक छनोट, नियुक्ति, तथा पदोन्नति शिक्षक सेवा आयोगले गर्दै आएको भए पनि संघियता कार्यान्वयन पछि स्थानीय तहको सहभागिता आवश्यक ठानिएको छ । शिक्षक तालिमको जिम्मा तालिम केन्द्रको भए पनि केही स्थानीय तहले

पनि छोटो अवधिको क्षमता विकास तालिम सञ्चालन गरिरहेका छन् । शिक्षाको गुणस्तर मुख्यतः शिक्षकको पेशागत सिपमा निर्भर रहन्छ. तालिमबाट प्राप्त ज्ञानलाई प्रभावकारी रूपमा कक्षाकोठामा प्रयोग गर्न निरन्तर प्राविधिक सहयोग आवश्यक छ । शिक्षकको पेशागत विकास मार्फत शिक्षामा सिकाइ सुधार गर्ने, अनुगमन प्रभावकारी बनाउने, नतिजामा अधारित  कार्यसम्पादन मुल्याकंङनको करार प्रभावकारी वनाउनका लागि आवशयक छलफल र सकारात्मक प्राविधिक सहयोग प्रदान गर्ने कार्य आजको आवश्यकता हो। यस आवशयकतालाई पुरा गर्नाका लागि बौधिमाई नगरपालिकाले यस शिक्षा योजनामा त्यससंग सम्वन्धित योजना तथा रणनितिहरु पहिल्याएको प्रयास गरेको छ।

| तह | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीश्रोतबाट नियुक्त शिक्षक समेत) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला% | बिद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला% |
| पूर्व प्र.बि. बा.बि.के. | २४ | ० | २४ | २४ | १०० | १:३५ | ० | ० | ० | ० | ० |
| आधारभूत (१-५) | ४३ | १८ | ६१ | १० | ६.१० | १:९५ | ५ | २ | ३ | ५ | ४० |
| आधारभूत (६-८) | ३ | ७ | १० | १ | १० | १:२१९ | ० | ० | ० | ० | ० |
| माध्यमिक (९-१०) | ७ | १ | ८ | ० | ० | १:९२ | ० | ० | ० | ० | ० |
| माध्यमिक(११-१२) | २ | ० | २ | ० | ० | १:१३२ | ० | ० | ० | ० | ० |

### ४.२.२ चुनौतिहरु

१. शिक्षण पेशालाई सबैको रोजाइको पेशाको रूपमा विकास गर्नु ।
२. शिक्षण सिकाइलाई विद्याथी केन्द्रित विधिवाट कक्षा शिक्षण गर्नु ।
३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्नु ।
६. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन नसक्नु ।

४.२.३ उद्देश्य

१. शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित यस तहबाट निम्नानुसारका उद्देश्यहरु राखिएका छन् –
२. तहगत, कक्षागत तथा विषयगत रुपमा शिक्षकको व्यवस्थापन गर्नु ।
३. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारुपको प्रभावकारी व्यवस्थापन गर्नु ।
४. शिक्षकहरुका लागि शारीरिक रुपमा चुस्त, मानसिक रुपमा दुरुस्त एवं अध्यात्मिक रुपमा परमसत्ता केन्द्रीत सोंच भएको तथा निरन्तर पेशागत विकासका अवसरको सुनिश्चितता गर्नु ।
५. निरन्तर अनुगमन, समसामयिक मूल्यांकन, आवधिक समीक्षा, सुधार तथा कार्यान्वयन .

४.२.४ रणनीति :

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि यस तहले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन् –

१. शिक्षक विद्याथी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरवन्दि मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
२. रिक्त दरवन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने ।
३. शक्षकको निरन्तर पेशागत विकासका लागि संघ तथा प्रदेशसंगको समन्वयमा शिक्षण सीप विकास लगायतका विषयमा सेवाकालीन तालिम संचालन गर्ने ।
४. शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराउने । यसका लागि यस तहमा विषयगत शिक्षक संजाल, विज्ञ समुह गठन, शिक्षक सिकाई समुह, श्रोत शिक्षक तथा अनुभवी शिक्षकवाट कोचिङ्ग तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याईने ।
५. शक्षकको उपस्थिती, नियमितता र कार्य सम्पादनमा सुधार गर्ने ।
६. शिक्षकहरुका लागि शारीरिक रुपमा चुस्त, मानसिक रुपमा दुरुस्त एवं अध्यात्मिक रुपमा परमसत्ता केन्द्रीत सोंचको विकास हुने अवस्थाहरुको सिर्जना गर्ने ।
७. शक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्याथीको सिकाई सुधारसँग सम्बन्धित गरी नतिजाप्रती जवाफदेही हुने पद्धतीको विकास गर्ने ।.
८. सम्पूर्ण शिक्षक व्यवस्थापन तथा प्रक्रियाहरुको सामाजिक लेखा परीक्षणको व्यवस्था गर्ने ।
९. शिक्षकको पेशागत विकासका लागी सहयोग प्रणलीको विकास गर्ने ।

### ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनवाट हासिल हुने मुख्य उपलब्धिहरु बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएका छन्–

१. दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।

२. शिक्षकहरुलाई निरन्तर पेशागत विकासका अवसर प्राप्त भएको हुने छ ।

३. शिक्षकहरु सम्मानित, मर्यादित, दक्ष, सवल, सक्षम एवं उत्साहित भई आफ्नो पेशाप्रति समर्पित हुने छ ।

४. प्रभावकारी शीक्षण कार्य सम्पन्न हुने छ ।

५. शिक्षकहरु सृष्टगत आस्तित्विक मूल्य र मान्यतालाई आत्मसात गर्दै सबैको आस्तित्विक लक्ष्य प्राप्तिमा आवश्यक सहयोग गर्ने भावनाले प्रेरित हुने छन् ।

६. शिक्षकको पेशागत विकासका लागी सहयोग प्रणलीको विकास भइ शिक्षकले पेशागत विकासका अवसर पाएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन् –

| क.स | सुचक | आधार वर्ष ( २०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | १६ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| २ | आधारभुत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १००प्र.श. | " | " | " | " | " |
| ३. | माध्यमित तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक ( %) | १००प्र.श. | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | सुचना तथा प्रविधि सम्वन्धी न्युनतम सक्षमता भएका शिक्षक (%) | १० प्र.श. | २५प्र.श. | २५प्र.श. | २०प्र.श. | १० प्र.श. | १० प्र.श. |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका विद्यालय | ३ | ५ | २ | ३ | १ | २ |
| ६ | सक्षम, तथा समर्पित शिक्षक प्रतिशत | ४० प्र.श. | २५प्र.श | २०प्र.श | १०प्र.श | ५प्र.श | निरन्तरता |
| ७ | .शिक्षकहरुका लागि शारीरिक रुपमा चुस्त, मानसिक रुपमा दुरुस्त एवं अध्यात्मिक रुपमा परमसत्ता केन्द्रीत सोंचको विकास भएको शिक्षक संख्या | ००प्र.श. | २५प्र.श | २५प्र.श | २५प्र.श | २०प्र.श | ५प्र.श |
| ८ | .सम्पूर्ण शिक्षक व्यवस्थापन तथा प्रकियाहरुको सामाजिक लेखा परीक्षण भएको शिक्षक संख्या | ३ विद्यालय | १३विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ४.२.६ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस पालिकाले कार्यान्वय गर्ने प्रमुख कियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ

| क. स | प्रमुख कियाकलाप | एकाई | भौतिक लक्ष्य (दश वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षक नियूक्ति | संख्या | शतप्रतिशत | ०० | ०० | ०० | ०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | अपांगता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेशामा सहभागी गराउन क्षमता अभिवृद्धि | संख्या | २०जनालाई | २०जनालाई | २०जनालाई | २०जनालाई | २०जनालाई | | |
| ३ | शिक्षकले शिक्षण सिकाई कियाकलापमा बिताउने समय वृद्धि | संख्या | १००प्र.श. | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | विद्यालयमा आधारित शिक्षक पेशामा सहयोग | संख्या | १००प्र.श. | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | आत्मरक्षा तथा अन्यहरुको सुरक्षा,सम्वर्द्धन व्यवस्था | संख्या | ०० | २५ प्र.श. | २५ प्र.श. | २५ प्र.श. | २५ प्र.श. | ,, | ,, |
| ६ | अध्यात्मिक ज्ञान, योग तथा ध्यान अभ्यास | संख्या | ०० | २५ प्र.श. | २५ प्र.श. | २५ प्र.श. | २५ प्र.श. | ,, | ,, |
| ७ | ICT तालिम लिएको शिक्षक | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ० |

### ४.३ शैक्षिक समता र समावेशिकरण

#### ४.३.१ वर्तमान अवस्था

यो पालिकाको शिक्षामा लैङ्गिक असमानता, साक्षरता दर र भर्ना सम्बन्धी विभिन्न अन्तरहरु देखिन्छन् । जनगणना २०७८ को तथ्यांक अनुसार, लैङ्गिक अनुपात १०५.९० प्रतिशत रहेको छ, जसले पुरुषको

जनसंख्या केही बढी रहेको संकेत गर्छ । समग्र साक्षरता दर ५४.९ प्रतिशत मात्र छ, जसमा पुरुष साक्षरता ६३.४५ प्रतिशत रहेको छ भने महिला साक्षरता केवल ४५.८५ प्रतिशत छ । दलित विद्याथीहरूको भर्ना दर आधारभूत तह (कक्षा १ देखि ८ कक्षामा १५.५ प्रतिशत रहेको छ भने माध्यमिक तह ९ देखि कक्षा १२ मा यो घटेर १२.२५ प्रतिशत मात्र पुगेको छ । यसले दलित विद्याथीहरू उच्च कक्षामा जाँदा ड्रपआउट हुने प्रवृत्रि् देखाउँछ, जुन आर्थिक अभाव, सामाजिक भेदभाव वा आवश्यक सहयोगको कमीका कारण हुनसक्छ। त्यस्तै, लैङ्गिक समानताको सूचक ( Gender Parity Index - GPI) हेर्दा, प्राथमिक तह (कक्षा १) मा कुल भर्ना समता सूचकांक १.१७ तथा खुद भर्ना समता सूचकांक १.२२ रहेको छ। आधारभूत तह (कक्षा १(८) मा यो क्रमशः १.२४ र १.२१ रहेको छ, जसले प्रारम्भिक तहमा लैङ्गिक समानता सन्तोषजनक रहेको देखाउँछ। तर, माध्यमिक तह ९ देखि कक्षा १२ मा यो सूचकांक क्रमशः ०.८२ र ०.८१ मात्र रहेको छ, जसले छात्राहरूको सहभागिता उच्च कक्षामा जाँदा घट्ने प्रवृत्ति देखाउँछ ।

### ४.३.२ चुनौतिहरु

१. बौधीमाई नगरपालिकामा कक्षा १ कै लैङ्गिक अनुपात १.२२ प्रतिशत रहेको र समुचित सन्तुलन कायम गर्न नसक्नु ।
२. आधारभूत तह (कक्षा १ देखि ८ मा महिला शिक्षकको अनुपात २१.५ प्रतिशत र माध्यमिक तह मा एउटा पनि नरहेको जसले पुरुष शिक्षकको तुलनामा महिला शिक्षकको अनुपात न्यून हुनु ।
३. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको प्रभावकारी सहभागिता सुनिश्चित गर्न नसक्नु ।
४. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक र शैक्षिक वातावरणको अभाव ।
५. लक्षित समूह (बालिका, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न समुदाय) का लागि शिक्षामा समान पहुँच स्थापित गर्न चुनौती हुनु ।
६. विद्यालयहरूमा विभेदरहित, बालमैत्री तथा समावेशी वातावरण निर्माणमा कठिनाइहरू रहनु ।

### ४.३.३ उद्देश्य

१. शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित यस स्थानीय तहका उदेश्यहरु–
२. लक्षित समुहका बालबालिकाको शिक्षामा समावेशी रुपमा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
३. लक्षित समुहका बालबालिकाको सिकाइमा सहभागिता वृद्धि तथा सिकाइ उपलब्धिमा सुधार गर्नु ।

४. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चित गरी बालबालिकाको नियमित उपस्थिति, सहभागीता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।
५. उत्साहित, आकर्षित, निस्पक्ष वातारण एवं मानवीय मूल्य र मान्यता तथा श्रृष्टिगत र आस्तित्वीक महत्व सहितको विद्यालय वातावरणको अवस्था निर्माण हुने छ ।

४.३.४ रणनीति

उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि यस तहले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन :–

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारुप(CFS) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने ।
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा(Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरुप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।
३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रुपले विपन्न, सुविधा विहीन, कठिन परिस्थतिमा रहेको र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने ।
४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
५. विद्यालयमा सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षकको प्रबन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।
६. आधारभुत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।
७. पाठयक्रममा स्थानिय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिक शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।
८. सिकाइ क्रियाकलापहरु सहभागितामुल्क बनाई विद्यार्थीको आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्कार र हेपाइ नहुने सुनिश्चितता हित बालमैत्री वातावरणजैवीक तथा अजैवीक मूल्य र मान्यता भएको वातावरण सिर्जना गर्ने ।

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजाहरु

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको छ –

१. लक्षित समुहका बालबालिकाको शिक्षमा समतामुलक पहुँच सुनिच्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।
२. विद्यालयमा उत्साहित, आकर्षक एवं सौहार्द्रपूर्ण वातावरणको अवस्था हुने छ ।
३. विद्यालयमा मानवीय मूल्य र मान्यताक्रा साथै अस्तित्वगत मूल्य र मान्यताको वातावरण निर्माण भएको आभास देखिने छ ।
४. विद्यालयमा यस समुदायमा रहेका रैथाने ज्ञान, सीप तथा अवधारणगत अवस्थाको आभास देखिने छ ।
५. आत्मरक्षात्मकका साथै सबैका लागि सुरक्षात्मक वातावरण भएको महशुष हुनु छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजना कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन्–

| क.स | शिक्षामा समता समावेशीकरण | आधार वर्ष (२०८१/०८२) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | १२४८८जम्मा वि.८६०२=३८८६ विद्यालय वाहिर केटा ६४५८–वि.४२८१=११७५ केटी ६०३०–वि.४३८१=१६४९ | १००० | १००० | १००० | ८८६ | निरन्तरता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभुत तहमा लैङ्गिक समता सुचक | ७२प्र.श.छात्रा ६६ „ „ छात्र | १०प्र.श. १०प्र.श. | १०प्र.श. १०प्र.श. | ८प्र.श. १०प्र.श. | निरन्तरता ४प्र.श. | निरन्तरता „ |
| ३ | माध्यमिक तहमा विद्यालय वाहिर रहेका वालबालिकाको संख्या | जम्मा ५२४५ जम्मा वि.सं.१०३१ ४२१४विद्यालय वाहिर | १००० | १००० | १००० | २१४ | |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सुचक | जम्मा केटा ३५०८ वाहिर२९३२ छात्र ५७६=१६.४प्र.श.भर्ना | १००० | १००० | ९३२ | | निरन्तरता |
| | | जम्मा केटी १७३७विद्यालय वाहिर १२८२ छात्रा.४५५= २६.१९प्र.श. भर्ना | ५०० | ५०० | २८२ | | निरन्तरता |
| ५ | माध्यमिक तहको सिकाइ उपलब्धीहरुमा समतामूलक अवस्थाहरु | निरन्तर | | | | | |

४.३.६ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्यहरु

तलको तालिकामा यस तहले कार्यान्वयन गर्ने प्रमुख कियाकलाप र वार्षिक लक्ष्यहरु निम्नानुसार उल्लेख गरिएका छन् ।

| क.स | प्रमुख कियाकलापहरु | एकाई | भौतिक लक्ष्य (पांच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षाको अवसरवाट बञ्चित हुनका कारणहरु पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धत्ति तर्जुमा गरी कार्यान्वयन | पटक | वर्षको एक पटक | वर्षको एक पटक | वर्षको एक पटक | वर्षको एक पटक | वर्षको एक पटक | | | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखिकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | वर्षको एक पटक | वर्षको एक पटक | वर्षको एक पटक | वर्षको एक पटक | वर्षको एक पटक | | | |
| ३. | बालबालिकाको सिकाई आवश्यकता अनुरुपका सिकाई समाग्रि तथा अन्य आवश्यक समाग्री विकास तथा पेशागत विकासका कार्यक्रममा समता तथा समावेशिकरण विषयवस्तुलाई समावेश | पटक | अनवरत | अनवरत | अनवरत | अनवरत | अनवरत | अनवरत | अनवरत | |
| ४ | शिक्षामा समता र समावेशिकरण क्षेत्रमा फार्यरत सरकारी तथा गैर सरकारी संघ संस्था विच जवाफदेही सहितको कार्यगत समन्वय | निरन्तर | निरन्तर | अनवरत | अनवरत | अनवरत | अनवरत | अनवरत | अनवरत | |
| ५ | निर्देशिका अनुसार छात्रावृतिका लागि विद्यार्थी छनोट तथा छात्रावृत्ति वितरण ( अपाङ्गता भएका तथा विभिन्न किसिमका | पटक | प्रत्येक वर्ष १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | ५ पटक | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आवासीय छात्रवृत्ति समेत) | | | | | | | | | |
| ६ | अपाङ्गतामैत्री विद्यालय संख्या | संख्या | ३ | आवश्यकतानुसार थप्दै जाने | आवश्यकतानुसार थप्दै जान | आवश्यकतानुसार थप्दै जान | आवश्यकतानुसार थप्दै जान | आवश्यकतानुसार थप्दै जान | आवश्यकतानुसार थप्दै जान | |
| ७ | वालवालिकाहरुको सर्वांगीण विकासमा समतामूलक सिकाइ उपलब्धीको अवस्था र प्रयासहरु | निरन्तर | विशेष कक्षा संचालन निरन्तर | विशेष कक्षा संचालन निरन्तर | विशेष कक्षा संचालन निरन्तर | विशेष कक्षा संचालन निरन्तर | विशेष कक्षा संचालन निरन्तर | विशेष कक्षा संचालन निरन्तर | विशेष कक्षा संचालन निरन्तर | |
| ८ | ReAL Plan लागु | संख्या | १६ | १६ | १६ | १६ | १६ | ८० | | |
| ९ | लैगिंक सम्पर्क शिक्षक तोकी क्षमता अभिवृद्धी | संख्या | १६ | १६ | १६ | १६ | १६ | ८० | | |
| १० | मनौसमाजिक परामर्श | आवश्यकतानुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

### ४.४ दिवा खाजा सहित पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.४.१ परिचय

नेपालमा विद्यालय शिक्षासँगै विद्यार्थीको स्वास्थ्य, पोषण तथा सरसफाइलाई प्राथमिकता दिइएको छ । सन् १९७४ देखि छनोटमा परेका जिल्लाका प्राथमिक विद्यालयहरूमा विश्व खाजा कार्यक्रम अन्तर्गत खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ गरिएको थियो । हाल, आर्थिक वर्ष २०७७ र २०७८ देखि सामुदायिक विद्यालयका पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्याथीलाई दिवा खाजाको व्यवस्था गरिएको थियो । यस कार्यक्रमले बालबालिकाको पोषण सुधार, विद्यालयमा टिकाइ राख्ने, र शैक्षिक उपलब्धि वृद्धि गर्न महत्वपूर्ण योगदान पुर्याएको छ । विद्यालयमा विद्याथीहरूको स्वास्थ्य तथा पोषण अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, तथा समग्र जीवनस्तरमा प्रभाव पार्ने हुँदा वार्षिक स्वास्थ्य परीक्षण, जुकाको औषधि वितरण, नियमित खोप तथा भिटामिन एवं किशोरीहरूका लागि फोलिक एसिड तथा आइरन चक्की उपलब्ध गराउने कार्यक्रम

सञ्चालन गरिएका छन साथै, विद्यालयमा सरसफाइ तथा स्वच्छताको अभ्यासले विद्यार्थीको स्वास्थ्य सुधार गर्न र उनीहरूलाई स्वच्छ जीवनशैली अपनाउन अभिप्रेरित गर्ने उद्देश्य राखेको छ ।यसका साथै, विद्यालय क्षेत्रमा विपद् तथा जोखिम व्यवस्थापनलाई समेटेर महामारी, प्राकृतिक प्रकोप, तथा अन्य आपत्कालीन अवस्थाका लागि उचित तयारी आवश्यक छ । विद्यालय स्तरमा स्वास्थ्य, पोषण, सरसफाइ, तथा अध्यात्मिक ज्ञानका साथै नियमित यौगिक एवं ध्यानका अभ्यास र आपत्कालीन व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउन सके मात्र समग्र शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ

### ४.४.२ वर्तमान अवस्था

यस पालिकाका अन्तर्गतका नेपाल सरकारबाट संचालित दिवा खाजा कार्यक्रमबाट १६ वटा बिद्यालय मार्फत कक्षा १ देखि ५ सम्मका ५३२४ बालबालिका लाभान्वित भएका छन, साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ । यस नगरपालिका अन्तर्गत रहेका १६ सामुदायिक विद्यालयमा आधारभूत तह संचालनमा रहेको छन् । तर ती बिद्यालयमा खानेपानी तथा शौचालयको सवै विद्यालयको पहुचमा हुन सकेको छैन । स्वास्थ्य अन्तर्गत केही खोप तथा भिटामिनका कार्यक्रमहरु संचालन हुने गरेको छ ।

### ४.४.३ चुनौतिहरु

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्नु ।
२. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु ।
३. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्नु ।
४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्नु ।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्नु
६. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोडनु ।

### ४.४.४ उद्देश्य

विद्यालय पोषण तथा स्वास्थ्य कार्यकमसंग सम्बन्धित यस नगरपालिकाका उद्देश्यहरु–

१. सम्पूर्ण बालबालिकाहरुलाई स्वस्थ एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक दिवा खाजा प्राप्तिको सुनिश्चितता गर्नु ।
२. स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धि सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाहरुको पोषण, स्वास्थ्य र सिकाई उपलब्धिमा सुधार गर्नु ।

३. बालबालिकाहरुको शारीरिक, मानसिक तथा अध्यात्मिक तीनवटै स्तरको समानुपातिक तथा पूर्ण विकासमा सहयोग गर्ने पौष्टिक आहारको पहिचान तथा व्यवस्थापन गर्नु ।

### ४.४.५ रणनीति

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि यस न.पा.ले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन्–

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकाहरुलाई, विद्यालयमा शारीरिक, मानसिक तथा आत्मिक तीनवटै स्तरको सन्तुलित विकासका लागि, सन्तुलित खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रवन्ध गर्ने ।
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।
३. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, सावुन तथा सरसफाई सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम आदिको व्यवस्था गर्ने ।
४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक भिटामिन ए तथा आईरन फोलिक एसिड आदिको वितरण र छात्राहरुका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित खाद्यसामग्रीहरुलाई प्राथमिकता दिने ।
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तिनवटै तहका सरकारहरुसंग साझेदारी विकास, नीजि तथा सार्वजनिक साझेदारी, अभिभावकहरुको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
७. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धि कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनका साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.४.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको सफल कार्यान्वयनवाट हासिल हुने मुख्य उपलब्धि बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएका छन् –

१. पोषिलो दिवा खजा वितरणको सूनिशचतता हुनु ।

२. विद्यालयमा अध्ययन गर्ने सवै बालबालिकाहरुको शारीरिक, मानसिक तथा अध्यात्मिक यी तीनवटै स्तरको स्वास्थ्य तथा पोषणको अवास्थामा सुधार, मनोसामाजिक कुशलता (Well-being ) मा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाईलो (joyful ) सिकाई वातावरणमा पूर्ण पहूँच तथा सहभागिता हुनेछ ।
३. विद्यार्थी भर्ना दरमा वृद्धि भई नियमित उपस्थिति समेतमा वृद्धि हुने छ ।
४. समाजमा उच्च मनोवल, नैतिक तथा जिम्मेवार र सक्षम नागरिक तयार हुने अवस्थाको निर्माण हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यहरु**

योजनाको कार्यान्वयनवाट हासिलहुने मुख्य मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन् –

| क.स | सूचकहरु | आधार वर्ष (२०८१/०८२) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | बल विकास देखि कक्षा ५सम्म | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत |
| ४ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | ००संख्या | ३ | ४ | ५ | ४ | ० |
| ७ | विद्यालयमा अध्ययन गर्ने सवै बालबालिकाहरुको शारीरिक, मानसिक तथा अध्यात्मिक यी तीनवटै स्तरको स्वास्थ्य तथा पोषणको अवास्थामा सुधार | ०० | २५प्र.श. | २५प्र.श. | २५प्र.श. | २५प्र.श. | निरन्तरता |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | हुने खाजा भएको विद्यालय संख्या | | | | | | | |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यहरु

तलको तालिकामा यस नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन् –

| क्र.स | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | वर्षको २ पटक (६।६) महिनामा क.६ महिनादेखि ५ वर्षसम्मकालाई ख.१ वर्षेखि ५ वर्षका वालवालिकाहरुलाई | क.विटामीन ए ख. जुकाको औषधि खुवाउने । | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| २ | १०देखि२०वर्षसम्मका किशोरीहरुलाई आइरन फोलिक एसिड खुवाउने । (सबै विद्यालयमा) | दुई पटक, हप्ताको १ पटकका दरले भाद्र र माधमहिनामा | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ३ | ५वर्षदेखि माथीका सबै वालवालिकाहरुलाई वर्षको दुई पटक जुकाको औषधि खुवाउने | पौष र जेष्ठको पहिलो साता | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ४ | आखा, नाक, कान, घाटी तथा मुखको जांच | वर्षको १पटक सबैविद्यार्थीहरुको | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ५ | विविध स्वास्थ्य कक्षा संचालन | प्रत्येक महिनामा | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | नर्सको व्यवस्था | प्रत्येक मा.वि.मा | ०० | | | | | | | |
| ७ | स्वास्थ्य गतिविधिहरुमा समन्वय | प्रत्येक विद्यालयमा | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | एचपीभी भ्यासिन संचालन | कक्षा ६का छात्राहरुको लागि | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ९ | कक्षा कोठा तथा वरीपरीको सफाई | माशिकरुपमा प्रत्येक विद्यालयमा | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १० | हात्तिपाइले रोगको औषधि खुवाउने | सबै विद्यालयमा | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ११ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक समाग्रीको प्रवन्ध | सबै विद्यालयमा | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १२ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रवन्ध | " | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १३ | दिवा खाजाका लागि चाहिने खाद्य समाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी किसान समुहलाई तालिम तथा सहयोग | " ? | ०० | १पटक | १पटक | १पटक | १पटक | १पटक | १पटक | |
| १४ | विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, सावुन तथा सफाइ समाग्रि सहित आवश्यक संख्यामा छात्र तथा छात्राका लागि अलग अलग शौचालय | १० प्रतिशत ? | २०प्र.श. | २०प्र.श. | २०प्र.श. | २०प्र.श. | १०प्र.श. | निरन्तरता | निरन्तरता | |
| १५ | कक्षा ६ देखी १२ सम्मका छात्राहरुलाई महिनावारी स्वाच्छताका लागि | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | शतप्रतिशत | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्यानीटरी प्याडको व्यवस्था | | | | | | | | | |
| १६ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | शतप्रतिशत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | |
| १७ | गर्भवती महिला लक्षित गर्भ रोकिए पछि ९० दिनसम्म गर्भ जांच तथा फोलिक एसिडको नियमित प्रयोग | शतप्रतिशत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | |
| १८ | गर्भवति महिलाहरुलाई महिनावारी रोकिएको ९१ दिनदेखि आइरन ट्यावलेट र क्याल्सियम ट्यावलेट नियमितरुपमा प्रयोग र सुत्केरीभएको ४५ दिनसम्म । | शतप्रतिशत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | |
| १९ | सबै गर्भवतिलाई वर्थिंग सेन्टरममा प्रसुती हुने व्यवस्था गर्ने | शतप्रतिशत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | |
| २० | सुत्केरी भएपश्चात मातृ, नवशिशु, तथा वालमृत्यु र थप संक्रमण दर क मगर्न २४देखि ७२ घन्टासम्म प्रसुती प्रतीक्षालयमा आमाहरुलाई बस्ने, खाने व्यवस्थ ागर्ने | शतप्रतिशत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | |
| २१ | सुत्केरी पश्चात ३ पटकसम्म | शतप्रतिशत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सेवाग्राहीको घरमा गई आमा र बच्चालाई महिला स्वस्थ्यकर्मीबाट जांच गरिने जसले गर्दा जटिलता वा समस्या पहिल्याउन सजिलो हुने । | | | | | | | | | |
| २२ | खोप –जन्मदेखि १५ महिनासम्म १३ वटा रोग विरुद्धको ७ पटक खोप लगाउने | शतप्रतिशत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | |
| २३ | सुत्केरी पश्चातका महिलाहरुलाई परिवार योजनाको वारेमा परामर्श तथा सेवा प्रदान | शतप्रतिशत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | |
| २४ | जन्मेदेखि ५ वर्षसम्मका वालवालिकाहरुलाई विभिन्न सरुवा रोग, निमोनिया, झाडा पखाला, दादुरा, कुपोषण लगायतका समस्या समाधानका कियाकलापहरु गरिने | शतप्रतिशत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | शतप्रति शत | |

## ४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय:

बालबालिकाहरूले आफ्नो घर परिवार तथा विद्यालयमा कुनै पनि प्रकारको शारीरिक तथा मानसिक हिंसा र तनावबाट मुक्त भई आत्म सम्मानका साथ बाँच्न र सिक्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । त्यसैगरी युद्ध, द्वन्द्व, महामारी तथा प्रकोप जस्ता संकटपूर्ण अवस्थामा बालबालिकाको सिकाइलाई निरन्तरता दिनु पर्छ । यसको उद्देश्य संकटग्रस्त अवस्थामा बालवालिकाको शिक्षा

सुनिश्चित गर्दै उनीहरूलाई हिंसा, दुरुपयोग तथा सामाजिक द्वन्द्वबाट सुरक्षित राख्नु हो । यस अवधारणाले जोखिमको पूर्वतयारी, आपतकालीन व्यवस्थापन, र क्षतिको पुनःस्थापनालाई समेट्छ । बाल अधिकारको रूपमा यस अवधारणालाई अन्तर्राष्ट्रिय कानुन, घोषणा तथा नीति मार्फत सुदृढ पारिएको छ। नेपालमा द्वन्द्व, भूकम्प, प्राकृतिक प्रकोप तथा कोभिड १९ जस्ता महामारीका प्रभावबाट सिक्दै, आगामी ५ वर्षका लागि परिस्थितिजन्य शिक्षालाई नीति तथा कार्यक्रमको प्राथमिकतामा राखेर कार्यान्वयन गर्न योजनाबद्ध गरिएको छ ।

### ४.५.२ वर्तमान अवस्था

यस पालिकामा पनि विपद् तथा संकटका समयमा शिक्षालाई निरन्तरता दिन योजनाबद्ध उपायहरू अपनाइएका छन् । कोभिड १९ को समयमा भर्चुअल कक्षा, फोन, तथा टोल सिकाइ योजना मार्फत सिकाइ निरन्तर राखिएको थियो र सामाजिक दूरी कायम गर्दै विद्यालय सञ्चालन गरिएको थियो । विपद् व्यवस्थापनका लागि दुरुत प्रतिकार्य समिति गठन गरिएको थियो जुन अहिले निस्क्रिय अवस्थामा रहेको छ । साथै, स्थानीय पाठ्यक्रममा तल्लो कक्षादेखि नै विपद् जोखिम न्यूनीकरणका विषयवस्तु समावेश गर्न सकेका छैन । त्यस्तै महामारीमा शिक्षा निरन्तरताको लागी वैकल्पिक व्यवस्था गरिएको देखिदैन् ।

### ४.५.३ समस्या तथा चुनौतिहरु

१. आपतकालीन अवस्थामा शिक्षाको निरन्तरताका वैकल्पिक व्यवस्था गर्न ।
२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।
३. संकटको क्षेत्र पहिचान गर्नु ।
४. क्षेत्र पहिचान गरी पूर्व तयारी र प्रतिकार्य योजना निर्माण गर्नु ।
५. योजना निर्माणको प्रक्रिया र सहभागितापूर्ण वनाउनु ।
६. स्रोतको व्यवस्थापन ।

### ४.५.४ उद्देश्यहरु

विद्यालय सुरक्षा, विपत् न्युनीकरण तथा उत्थानशीलतासंग सम्बन्धित यस न.पा.का उद्देश्यहरु निम्नानुसार राखिएका छन् –

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलताका प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थीक श्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु
४. शिक्षामा सूचना तथा संचार प्रविधिको प्रभावकारी व्यवस्थापन गर्नु ।

५. प्रत्येक विद्यालयमा एक एक वटा विद्यालय विपद् व्यवस्थापन समितिको व्यवस्था गर्ने ।

६. सुरक्षित विद्यालयको अनुभूति दिन विपद् व्यवस्थापन एवं जोखिम न्यूनीकरणको विषयमा सचेत गर्ने ।

७. विपद्का लागि प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने ।

### ४.५.५ रणनितिहरु

उल्लेखित उद्देश्य हासिल गर्नका लागि नगरपालिकाले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन् :

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्व तयारी, व्यवस्थापन, प्रतिकार्य र पुनस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने ।

२. सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्वसावधानी, प्रकोपवाट बच्ने उपायहरुको वारेमा जानकारी गराउने ।

३. कोभिड १९ लगाएतका महामारीवाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।

४. महामारीको समयमा शिक्षण सिकाईलाई निरन्तरता दिने वैकल्पिक उपायहरुको तयारी गर्ने ।

५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा संङ्कटहरुको पूर्वानुमान तथा त्यसको प्रभावको मुल्याङ्कन तथा विश्लेषण गर्ने ।

६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

७. स्थानिय स्तरमा शिक्षा समूह ( Education Cluster ) निर्माण तथा परिचालन गर्ने ।

८. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोषक तथा अन्य राहत समाग्रिको प्रवन्ध गर्ने ।

९. विपद् व्यवस्थापनका लागि स्थानिय तह र विद्यालयको क्षमता विकास गर्ने ।

१०. विद्यालय भौतिक पूवाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूवाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम न्युनीकरण र उत्थानशीलता शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमन तथा निरीक्षण गर्ने ।

११. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकाय विच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।

१२. हरित विद्यालय अभियान, जलवायु परिर्वतन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यकम कार्यान्वयन गर्ने ।

४.५.६ प्रमुख उपलब्धि तथा नतिजाहरु

**उपलब्धिहरु**

योजनाको सफल कार्यान्वयनवाट हासिल हुने मुख्य मुख्य उपलब्धिहरु बुदाँगत रुपमा निम्नानुसार उल्लेख गरिएका छन्–

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थीक श्रोतको व्यवस्थापन भएको हुनेछ ।
३. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाईका विधि प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।
४. शैक्षिक उपलव्धीको स्तरमा वृद्धि भएको हुने छ ।
५. डर तथा भयमूक्त वातावरणमा विद्यार्थीहरुले शिक्षा पाउने अवसर प्राप्त गरेको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनवाट हाँसिलहुने मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन्–

| क.स | सूचक | आधार वर्ष (२०८१/०८२) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बलबालिकाहरुलाई आधारभूत जीवन सिपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्युनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने माध्यमिक विद्यालय संख्या | ३वटा मा.वि. | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| २ | हरित विद्यालय संख्या | ५ | ५ | ५ | १ | निरन्तरता | निरन्तरता |
| ३ | जलवायु परिर्वतन तथा दिगो विकास निम्ति शिक्षा जस्तो कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय संख्या | ०० | ५ | ५ | ४ | २ | " |
| ४ | विभिन्न विपद्कालमा आत्म सुरक्षाका साथै | ०० | २५प्र.श. | २५प्र.श. | २५प्र.श. | २५प्र.श. | निरन्तरता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अरुको सुरक्षाका लागि अपनाउन सकिने उपायहरुबारे जानकारी तथा अभ्यास गराउने विद्यालयको संख्या | | | | | | |
| ५ | विभिन्न विपद्कालमा आत्म सुरक्षाका साथै अरुको सुरक्षाका लागि अपनाउन सकिने उपायहरुबारे जानकारी तथा अभ्यास गराउने आवश्यक तालिम प्राप्त शिक्षक संख्या | ०० | २५प्र.श. | २५प्र.श. | २५प्र.श. | २५प्र.श. | ,, |
| ६ | विभिंन्न विपद्कालमा आत्म सुरक्षाका साथै अरुको सुरक्षाका लागि प्रयोग गर्न सकिने सामग्रीहरुको उपलब्धा भएका विद्यालय संख्या | १६ | १६१६ | १६ | १६ | १६ | |
| ७ | | | | | | | |

### ४.५.७ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख कियाकलाप र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन्–

| क.स | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन निति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | ०० | निर्माण गर्ने तथा संचालन | पुनरावलोकन तथा संचालन | पुनरावलोकन तथा संचालन | पुनरावलोकन तथा संचालन | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | " | २ | २ | २ | २ | २ | | | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | ०० | १ | १ | १ | १ | | | |
| ४ | शिक्षक, विद्यार्थी तथा वि.व्य.स. तालिम | पटक | १ | १ | १ | १ | १ | | | |
| ५ | विपद् प्रतिरोधी विद्यालय संख्या | वटा | २ | ४ | ४ | ३ | ३ | | | |
| ६ | विपद्कालमा आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्ने | " | ३ | ४ | ४ | ३ | २ | | | |
| ७ | वडा स्तरिय शिक्षा समूह गठन र परिचालन | पटक | ९ | ९ | ९ | ९ | ९ | | | |
| ८ | पूर्व तयारी तथा प्रतिकार्य | संख्या | १६ | १६ | १६ | १६ | १६ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | योजना निर्माण र लागु | | | | | | | | | |
| ९ | आपतकालीन अभ्यासहरू सञ्चालन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | | हरेक विद्यालयमा | |
| १० | सञ्चार प्रोटोकलहरू स्थापना गर्ने | पटक | १ | १ | १ | १ | १ | | हरेक विद्यालयमा | |
| ११ | आपतकालीन सामग्री र किटहरूको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | | हरेक विद्यालयमा | |
| १२ | पूर्व सूचना प्रणालीको विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार र विकास

### ४.६.१ वर्तमान अवस्था

यस नगरपालिकाका विद्यालयहरूको भौतिक अवस्थाको विश्लेषण गर्दा विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार विभिन्न कमी कमजोरीहरू देखिएका छन् । कुल १६ वटा विद्यालय रहेका छन्, जसमा कक्षाकोठा १५१ उपलब्ध भए पनि मात्र ९५ वटा पक्की र ५६वटा कच्ची कक्षाकोठाहरु रहेका छन् । अझै कक्षाकोठाको अभाव १०० रहेको हुँदा विद्यार्थीहरूको सिकाइ वातावरण प्रभावित हुने देखिन्छ । साथै, विद्यालयहरूमा पुस्तकालय छैन । ३ वटामात्र प्रयोगशाला रहेकाले शैक्षिक स्रोत र प्रयोगात्मक सिकाइमा विद्यार्थीहरूको पहुँच सीमित छ । विद्यालय प्रशासनका लागि १६ वटा कार्यालय कोठाहरु उपलब्ध भए पनि विद्यालय संख्याको तुलनामा पुनः मूल्यांकन आवश्यक देखिन्छ । यसका साथै १० वटा विद्यालयहरू पुनर्निर्माण वा निर्माण गर्नुपर्ने अवस्थामा छन जसले पुराना वा जीर्ण संरचनाका कारण विद्यार्थी तथा शिक्षकहरूको सिकाइ तथा पठनपाठन प्रक्रियामा बाधा पुग्न सक्ने देखिन्छ । विद्यालय पूर्वाधारमा ध्यान नदिएसम्म शिक्षाको गुणस्तरमा सुधार आउन कठिन हुनेछ । प्राथमिकता प्राप्त विद्यालयहरूमध्ये मात्र २वटा विद्यालयमा छात्र–छात्राका लागि

बेग्लाबेग्लै शौचालयको व्यवस्था पूरा गरिएको छ, जसले स्वच्छता, स्वास्थ्य र लैङ्गिक समानतालाई चुनौती दिन्छ ।

समग्रमा, विद्यालयहरूको भौतिक पूर्वाधारमा सुधार आवश्यक रहेको छ । विशेष गरी कच्ची कक्षाकोठाको स्थानमा पक्की संरचना निर्माण, पुस्तकालय तथा प्रयोगशालाको संख्या वृद्धि, पुनर्निर्माण आवश्यक, विद्यालयहरूको उचित व्यवस्थापन, र छात्र छात्राका लागि शौचालय सुविधाको विस्तार गर्न नीति तथा योजना बनाइनु आवश्यक छ। दिगो शिक्षा प्रणाली सुनिश्चित गर्न विद्यालय पूर्वाधारमा लगानी वृद्धि गर्नुपर्ने देखिन्छ ।

### ४.६.२ चुनौती

१. पूर्वाधार विकासका कार्यहरुलाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु ।
२. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका प्रभावकारी नहुनु ।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास र विस्तारका लागि मापदण्ड २०८० अनुसारको गुरु योजना विकास गर्नु ।
४. पूर्वाधारहरूलाई बालमैत्री अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ।
५. आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।

### ४.६.३ उद्देश्यहरु

विद्यालय भौतिक पुर्वाधार विकाससँग सम्बन्धित यस न.पा.का उद्देश्यहरु निम्नानुसार राखिएका छन्–

१. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसारको विकास तथा सवलीकरण गर्ने ।
२. विद्यालय शिक्षाका लागी आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
३. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्नु, पूर्वाधार विकास, मरम्मत संभार तथा सबलीकरण गर्नु ।
४. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।
५. सुरक्षित विद्यालय, सुरक्षित शिक्षक, सुरक्षित विद्यार्थी तथा सुरक्षित विद्यालय वातावरण एवं सिकाइ अवस्थाको सुनिश्चितता प्रदान गर्ने ।

### ४.६.४ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि यस नगरपालिकाले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन् :

१. भौतिक पुर्वाधार विकासका लागि संञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
२. एक विद्यालयमा पुर्वाधार विकासका सबै एकै पटक गर्ने गरी पुर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
३. विद्यालय पुर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवं मर्मत सम्भार गर्ने ।
५. पुर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणलीको अपनाउने ।
७. विद्यालय भौतिक पुर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने ।
८. शिक्षक तथा विद्यार्थीहरुलाई आत्म सुरक्षाका साथै आफू बाहेकका सबै जीव निर्जीवहरुलाई पनि सुरक्षा गर्न आवश्यक विशेष तालिमको व्यास्थ ागर्ने ।

४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनवाट हासिल हुने मुख्य मुख्य उपलब्धिहरु बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएका छन् –

१. सवै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने ।
२. विद्यालयको भौतिक संरचना वाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने ।
३. विद्यालय सेरो फेरोमा सबै अस्तित्वहरुको लागि पनि सुरक्षित, मैत्रीपूर्ण तथा सह–अस्तित्व एवं सौहार्द्रपूर्ण वातावरणको अवस्था हुने ।
४. वालवालिकाहरुको आवश्यकतानुसारको भौतिक पूर्वाधारमा शिक्षण सिकाइको अवसर प्राप्त हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यहरु –**

योजनाको कार्यान्वयनवाट हाँसिल हुने मुख्य मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन्

| क.स | सूचकहरु | आधार वर्ष ( २०८१/०८२ ) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधीविद्यालय | ५ | ३ | ३ | २ | ३ | |
| २ | नयाँ निमार्ण गर्नु पर्ने कक्षा कोठा संख्या | | १२ | ६ | ३ | ३ | |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षा कोठा संख्या | ४ | १६ | १६ | १६ | १७ | |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय संख्या | | १६वटा | १६ वटा | १६ वटा | १६ वटा | |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्युनिकरणका लागि कार्य गर्नु पर्ने विद्यालय संख्या | ०० | २ | ० | ० | ० | |
| ६ | आत्म सुरक्षाका साथै आफु बाहेकका सबै अस्तित्वहरुलाई सुरक्षित राख्ने भावना, ज्ञान, सीप र अभ्यास गर्ने शिक्षक तथा विद्यार्थीहरुको संख्या | ०० | १०प्र.श. | २०प्र.श. | ३०प्र.श. | ४०प्र.श. | |

४.६.७ प्रमुख कियाकलाप तथा परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस न.पा.ले कार्यान्वयन गर्ने प्रमुख कियाकलाप र वार्षिक लक्षहरु उल्लेख गरिएका छन्:

| क. स | प्रमुख कियाकलापहरु | एकाई | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) | कैपिटयत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | संख्या | ५ | ५ | ४ | २ | ०० | १६ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयको सवलिकरण | संख्या | ५ | ५ | ४ | २ | ०० | १६ | | |
| ३ | विद्यालयमा बनेको संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्याल य संख्या | ५ | ५ | ४ | २ | ०० | १६ | | |
| ४ | छात्रा र छात्रलाई अलगै शौचालय तथा पानी तथा सरसफाईको प्रबन्ध | विद्याल य संख्या | ५ | ४ | ४ | २ | १ | १६ | | |
| ५ | प्रारम्भिक बालबिकासक ा लागि पानी तथा सरसफाईका साथै अलगै शौचालय | विद्याल य संख्या | ५ | ४ | ४ | २ | १ | १६ | | |
| ६ | अपाङ्गता मैत्री संरचना निमार्ण | ,, | ५ | ४ | ४ | २ | १ | १६ | | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक | ,, | ०० | १६ | निरन्तरत ा | निरन्तरत ा | निरन्तरत ा | निरन्तरत ा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुरक्षा सम्बन्धी रुजुसूचि भर्ने | | | | | | | | | |
| ८ | सर्व अस्तित्व सुरक्षा सम्वन्धी आवश्यक एवं विशेष तालिम प्राप्त हुने शिक्षक तथा विद्यार्थी संख्या | प्रतिशत | ०० | २५ | २५ | २५ | २५ | निरन्तरता | | |

४.७ विद्यालयमा सूचना तथा संञ्चार प्रविधि

४.७.१ वर्तमान अवस्था

विद्यालयमा सूचना तथा सञ्चार प्रविधि -ICT- को ४ वटामा मात्र उपयोगमा रहेका छन । यस्तै अरुमा विभिन्न चुनौतीहरू छन् । धेरै विद्यालयहरुमा कम्प्युटर, इन्टरनेट र डिजिटल उपकरणको अभाव छ, विशेष गरी ग्रामीण क्षेत्रमा समस्या झन् गम्भीर छ । शिक्षक तथा विद्यालय प्रशासनमा प्रविधि प्रयोग सम्बन्धी तालिम र दक्ष जनशक्ति सीमित छन् । बजेट अभावका कारण उपकरण खरिद, मरम्मत तथा सञ्चालनमा कठिनाइ छ, भने पाठ्यक्रम अनुसारको डिजिटल सामग्रीको पनि कमी छ । इन्टरनेटको पहुँच ३ वटा विद्यालयमा मात्र रहे ता पनि त्यसमा गतिको समस्या रहनुका साथै प्रविधिको दुरुपयोग, साइबर सुरक्षा जोखिम, र व्यवस्थापन संरचनाको अभावले ICT को प्रभावकारी प्रयोगमा बाधा पुगेको छ । यी चुनौतीहरु समाधान गर्न पूर्वाधार विस्तार, शिक्षक प्रशिक्षण, वित्तीय लगानी, डिजिटल सामग्री विकास, इन्टरनेट पहुँच सुधार र प्रभावकारी नीति आवश्यक छ ।

४.७.२ चुनौती

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न ।
२. विस्तार गरिएका ई. पुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।
३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न ।
४. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न ।

५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न ।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न
७. स्थानीय स्तरमा अडियो, भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालाहरुको सक्रियता बढाउने ।

### ४.७.३ उद्देश्य

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धित यस न.पा.का उद्देश्यहरु निम्नानुसार राखिएका छन् :

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहूँच पुऱ्याउनु ।
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रयोग गर्नु गराउनु ।
३. शिक्षक तथा विद्यार्थीहरुले आवश्यकतानुसार आफ्नो दैनिक जीवनमा प्रयोग गर्न सक्ने एवं दुरुपयोग गर्न गराउन नहुने धारणा एवं भावनाको विकास गर्ने ।
४. विद्यालय–विद्यालय वीच, विद्यालय–सरकार वीच एवं आधुनिक ज्ञानका श्रोतहरु वीचको संचार तथा सूचना प्रविधिहरुको प्रयोग तथा सम्वन्ध स्थापना गर्न सक्ने अवस्था निर्माण गर्ने ।

### ४.७.४ रणनीति

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीतिहरु उल्लेख गरिएका छन्:–

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रवन्ध गर्ने ।
२. सूचना तथा संचार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने ।
३. विभिन्न कक्षा र विषयकालागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल समाग्रीको प्रयोग गर्ने ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा संचार प्रविधिको प्रयोग गर्ने ।
५. शैक्षिक श्रोत सामग्रीमा इन्टरनेटको सुविधा मार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँचमा विस्तार गर्ने
६. कम्प्युटर लाईव्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमवाट दृष्टिविहिन तथा सुनाई क्षमता कम्जोर भएका बालबालिकाहरुलाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने ।

७. विद्यालय शिक्षाको अन्त्यसम्म सबै विद्यार्थीहरु सूचना तथा संचार प्रविधिका न्यूनतम आवश्यक ज्ञान, सीप तथा क्षमताहरु प्राप्त गरी आफ्नो जीवनमा प्रयोग गर्ने सक्ने बनाउने ।

### ४.७.५.प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनवाट हाँसिल हुन सक्ने मुख्य मुख्य उपलब्धिहरु बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएका छन्:

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गवाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीको सिकाई उपलब्धिमा सुधार आएको हुनेछ ।

३. विद्यालय शिक्षाको अन्त्यसम्ममा सबै शिक्षक तथा विद्यार्थीहरु सूचना तथा संचार प्रविधिका न्यूनतम आवश्यक ज्ञान, सीप तथा क्षमताहरु प्राप्त गरी आफ्नो जीवनमा प्रयोग गर्न सक्ने हुने छन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनवाट हाँसिल हुने मुख्य मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन्:

| क.स | सूचकहरु | आधार वर्ष (२०८१/०८२) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएको विद्यालयको संख्या | १६ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| २ | शिक्षण सिकाइ कियाकलापमा कम्प्युटर लगाएतको प्रविधि उपलब्ध भएको विद्यालय संख्या | १६ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| ३. | मुख्य विषयमा डिजिटल पाठ्य समाग्री प्रयोग गर्ने विद्यालय संख्या | ३१ | ५ | ५ | ३ | " | " |
| ४ | व्यवस्थापकीय कार्यमा सुचना तथा सञ्चार प्रविधिको प्रयाग गर्ने विद्यालय संख्या | १६ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय संख्या | सबै | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| ६ | सूचना तथा संचार प्रविधि सम्बन्धी आवश्यक एवं न्यूनतम ज्ञान, सीप तथा क्षमता प्राप्त शिक्षक संख्या | ५प्रतिशत | २५ | २५ | २५ | २० | निरन्तरता |

### ४.७.६ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन्:

| क.स | प्रमुख कियाकलापहरु | एकाई | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ई लाईब्रेरी स्थापना | संख्या | २ | ५ | ५ | ४ | निरन्तरता | १६वटा | | |
| २ | प्रत्येक विद्यालयमा Internate Connectivity को व्यवस्था गर्ने | १६ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | | |
| ३ | शिक्षकको क्षमता विकास तालिम तथा अभ्यास गर्ने गंराउने | | १पटक | १पटक | १पटक | १पटक | १पटक | | | |
| ४ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल | | १पटक | १पटक | १पटक | १पटक | १पटक | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समाग्रीको उपलब्धता | | | | | | | | | |
| ५ | IEMIS व्यवस्थापन तथा परिचालन गर्ने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | |
| ६ | विद्यार्थीहरुमा आवश्यक ज्ञान, सीप तथा क्षमता विकासकालागि विभिन्न कियाकलाप तथा अभ्यासहरु गराउने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | |

# परिच्छेदः ५

## सुशासन तथा व्यवस्थापन

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँछ, जसमा संरचना र प्रक्रिया दुवै समावेश छन् । विद्यालय शिक्षाको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार ल्याउन आवश्यक संरचना, भूमिका तथा प्रक्रिया अपनाउनु पर्दछ । शासकीय प्रबन्धले सहभागिता, सहमति, पारदर्शिता, उत्तरदायित्व र विधिको सर्वोच्चता सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गर्दछ । शिक्षामा संघ, प्रदेश र स्थानीय तहको भूमिका सहित गैरसरकारी निकाय तथा विकास साझेदारहरूको योगदान रहन्छ । योजना कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता विकास, अनुगमन तथा मूल्याङ्कन प्रणाली आवश्यक छ । संघीय संरचना अनुसार अधिकार र दायित्व बाँडफाँड गरी शिक्षामा प्रविधिको उपयोग, समता, समावेशिता र उत्तरदायित्वलाई प्राथमिकता दिइनु पर्छ । यस योजनाले ५ वर्षे शिक्षा क्षेत्रको लक्ष्य प्राप्त गर्न आवश्यक व्यवस्थापन प्रणाली प्रस्तुत गर्दै वर्तमान अवस्थाको समीक्षा एवं सुधारका उपाय प्रस्ताव गरेको छ ।

### ५.१ संस्थागत संरचना र क्षमता विकास

#### ५.१.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघीय सरकार अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । यस मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, र शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालनमा छन् । साथै, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग स्वायत् निकायका रूपमा कार्यरत छन् । प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालयमार्फत शिक्षा सम्बन्धी कार्यहरू सञ्चालन हुन्छन् जस अन्तर्गत शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् । जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ तथा प्रत्येक पालिकामा शिक्षा शाखा सञ्चालनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि पालिकास्तरमा तोकिएका २३ ओटा कार्यहरू लागू भएका छन् ।

#### ५.१.३ समस्याहरु र चुनौतिहरु

१. विद्यालय व्यवस्थापन समिति र अभिवावक सँघ लगायत अन्य सरोकारवलाहरुलाई जिम्मेवार र उतरदायी वनाउनु ।
२. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठनमा राजनीतिकरणका कारण समस्याहरू उत्पन्न हुनु ।
३. कक्षा १ देखि १२ कक्षाको परीक्षा व्यवस्थापनमा संघ र प्रदेशसँग समन्वय गर्न चुनौती हुनु ।
४. शिक्षकको पेशागतरुपमा सहयोग पुर्याउनु ।

५. शिक्षक पदपूर्ति, क्षमता विकास गर्न मा समस्या हुनु ।
६. तिनै तहका विभिन्न निकायहरु विच समन्वय सहकार्य कमजोर हुनु ।

### ५.१.४ उद्देश्यहरु

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन

१. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।
२. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानिय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने ।
३. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने ।
४. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।
५. हरेक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन र परिचालन गर्ने ।
६. वर्षेणी विद्यालयको समाजिक लेखा परिक्षण गर्ने गराउने ।
७. तथ्याकं र सूचना चुस्त दुरुस्त राख्ने ।

### ५.१.५ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ सुधार गर्न भौतिक संरचना, सांगठनिक व्यवस्थापन र तालिम प्राप्त जनशक्तिको सुनिश्चितता गरिने ।
२. विद्यालय शिक्षा समन्वयका लागि नीतिगत संयन्त्र विकास, भौतिक पूर्वाधार, विज्ञ व्यवस्थापन तथा नियम निर्माण गरिने ।
३. समता, समावेशिता र सुशासन प्रवर्द्धन गर्न कानूनी व्यवस्था, पारदर्शिता, जवाफदेहीता, नेतृत्व र सूचना प्रणालीको विकास गरिने ।
४. दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता, तालिम र संरचनात्मक सुधारमा जोड दिइने ।
५. अनुगमन र सहयोग प्रणालीलाई प्रभावकारी गरिने ।

### ५.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने छ ।

**नतिजा**

१. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्द्धन गर्ने, संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार भएको हुने छ ।

२. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने छ ।

३. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने छ ।

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइ प्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने छ ।

| क.स | सूचकहरु | आधार वर्ष ( २०८१/०८२) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| ३. | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ४ | विद्यालय व्यवस्थापन समिति | १६ | १६ | १६ | १६ | १६ | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भएका विद्यालय सँख्या | | | | | | |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |

### ५.१.७ प्रमुख कियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस तहले कार्यान्वयन गर्ने प्रमुख कियाकलाप र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन्:

| क.स | प्रमुख कियाकलापहरु | एकाई | भौतिक लक्ष्य (दश वर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | ० | १ | ० | ० | ० | १ | | |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | निरन्तर | | | | | | | | |
| ४ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिमवेवार वनाउने | संख्या | १६ | १६ | १६ | १६ | १६ | ८० | | |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | निरन्तर | | | | | | | | |
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | निरन्तर | | | | | | | | |
| ९ | विद्यालय व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | | | |

### ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्व पर्ने भएकाले कार्यान्वयनको प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिने प्रयत्न गरिएको छ ।

### ५.२.१ वर्तमान अवस्था

संघीय संरचनामा रुपान्तरण भएसँगै योजना कार्यान्वयनका लागि कानूनी व्यवस्था आवश्यक भएको छ, जस अनुसार शिक्षा क्षेत्रमा पनि संरचनात्मक परिवर्तन अपरिहार्य छ । संघीय स्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा गर्दै राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, अन्य सम्बन्धित मन्त्रालय र विकास साझेदारहरूसँग समन्वय गर्छ । स्थानीय तहमा शिक्षा महाशाखा र शाखाहरु सञ्चालनमा छन् भने विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा विद्यालय सञ्चालनको जिम्मेवारी तोकिएको छ तर, विद्यालय शिक्षामा सुशासन र कुशल व्यवस्थापन सुनिश्चित गर्न हालको संरचना तथा जनशक्ति व्यवस्थापन पर्याप्त नदेखिएको सन्दर्भलाई मध्यनजर गर्दै, योजनाको प्रभावकारी कार्यान्वयनका लागि विद्यमान प्रबन्धमा

आवश्यक परिमार्जन तथा सुधार गर्नुपर्ने देखिन्छ । वर्तमान संरचनामा देखिएका केही चुनौतीहरूलाई सम्बोधन गर्ने नीतिगत तथा व्यवस्थापकीय सुधार आवश्यक छ ।

### ५.२.२ चुनौतीहरु

१. शिक्षक तालिमको क्षमता विस्तार गर्नु ।
२. स्थानीय तहमा जनशक्तिको अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्ने र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु ।
३. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु ।
४. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने ।
५. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने ।
६. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु ।

### ५.२.३ उद्देश्यहरु

योजनाको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरु निम्नानुसार राखिएका छन्–:

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
२. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका अभिलेखन, मूल्यांकन तथा समीक्षा र प्रतिवेदन व्यवस्थापन गर्नु ।

### ५.२.४ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि यस न.पा.ले अपनाउने रणनीतिहरु निम्नानुउल्लेख गरिएका छन्:

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तया समन्वय गर्ने ।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयहरुलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
६. विद्यालय सुधार योजना (क्षए) निर्माण तथा अद्यावधिक गर्ने तथा गर्न लगाउने ।
७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकहरुलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
९. अभिभावक तथा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य मुख्य उपलब्धिहरु बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएका छन्:

१. शिक्षा योजनाको सफल एवं प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ
२. शिक्षा योजनाको अभिलेखन, मूल्यांकन तथा समीक्षा र प्रतिवेदन व्यवस्थापन हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुन सक्ने मुख्य नतिजा तल उल्लेख गरिएको छ:

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाहरुको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने छ ।

### ५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा यस तहले योजना कार्यान्वयनका लागि गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु उल्लेख गरिएका छन्:

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | ५ पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिकीकरण | १पटक दरले ५पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | ५पटक | १ | १ | १ | १ | १ | | | |
| ४ | समीक्षा बैठक | प्रत्येक ६महिनामा | २ | २ | २ | २ | २ | | | |
| ५ | सुशासन, अनुगमन तथा मूल्यांकन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | आवश्यक श्रोत र साधनको व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | सम्पूर्ण गतिविधीको सार्वजनिक प्रकासन तथा आर्थिक एवं सामाजिक लेखापरीक्षण | वार्षिक | १पटक | १पटक | १पटक | १पटक | १पटक | १पटक | १पटक | |
| ८ | समन्वयात्मक प्रशासनीक व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ५.३.अनुगमण तथा मुल्याकंन

### ५.३.१ वर्तमान अवस्था

हालको अवस्थामा विद्यालय शिक्षा प्रणालीमा अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिता मिश्रित देखिन्छ। संघीय, प्रदेश, जिल्ला तथा स्थानीय तहका विभिन्न निकायहरूद्वारा अनुगमन तथा मूल्याङ्कन कार्य सञ्चालन भइरहे तापनि तिनको समन्वय र प्रभावकारी कार्यान्वयनमा अझै सुधार आवश्यक देखिन्छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयदेखि स्थानीय तहका शिक्षा शाखासम्मको संलग्नताले संरचनागत रूपमा अनुगमन प्रणाली रहेको संकेत गरे पनि यसको प्रभावकारिता सीमित रहँदै आएको छ। शिक्षा क्षेत्रको अनुगमनका लागि विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना तथा सरकारका नीति तथा कार्यक्रमहरूका आधारमा सूचक निर्धारण गरिएको छ। तथापि, ती सूचकहरूको

प्रभावकारी प्रयोग, नियमित अनुगमन, तथा तथ्याङ्कको भरपर्दो उपयोग सुनिश्चित गर्ने प्रक्रियामा विभिन्न चुनौतीहरू देखिन्छन् । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षकको कार्यसम्पादन, विद्यालय व्यवस्थापन तथा भौतिक पूर्वाधारको अवस्थाका सम्बन्धमा तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने प्रवृत्ति बढ्दै गएको छ । तथापि, विद्यालय तहमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को प्रभावकारी कार्यान्वयन र सूचनाको यथार्थ प्रयोग गर्न अझै चुनौती कायम छ । स्थानीय सरकारलाई आवश्यक सूचनामा सहज पहुँच उपलब्ध गराउन तथा अनुगमन प्रणालीलाई एकीकृत बनाउन हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीलाई सुधार गर्नु जरुरी देखिन्छ । अनुगमन तथा मूल्याङ्कनका आधारमा नीति तथा कार्यक्रममा आवश्यक सुधार गर्ने परिपाटी अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ । निष्कर्षमा, विद्यालय शिक्षाको अनुगमन तथा मूल्याङ्कन प्रणाली संरचनागत रूपमा स्थापित भए पनि यसको प्रभावकारीता सुधार गर्न सूचना प्रणालीको आधुनिकीकरण, नियमित अनुगमन, समन्वय तथा तथ्यपरक नीतिगत सुधार आवश्यक देखिन्छ ।

### ५.३.२ चुनौतिहरु

१. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु ।
२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधनस्रोतको प्रबन्ध गर्नु ।
३. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको विकास गर्नु ।
४. सामूहिक अनुगमन तथा मूल्याङ्कमन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
५. अनुगमन र मूल्याङ्धनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु ।
६. तीनै तहका सरकारहरुबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु ।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु ।

### ५.३.३ उद्देश्य

अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरु निम्नानुसार राखिएका छन्:

१. अनुगमन तथा मूल्याङ्कनकालागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

५.३.४ रणनीति

उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन्:

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने ।
४. कक्षाकोठाको सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रवन्ध गर्ने ।
५. विद्यालय तथा शिक्षकको सुपरिवेक्षण तथा पेशागत सहयोगको संयन्त्रको व्यवस्था र सुदृढीकरण गर्ने ।
६. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
७. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने ।

५.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य मुख्य उपलब्धिहरु निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएका छन्:

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास भएको हुने छ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य मख्य नतिजाहरु तलको तालिकामा उल्लेख गरिएका छन्–

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

### ५.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएका छन्:–

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | वर्षको ३ पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | एक पटक | १ | १ | | | | | | |
| ५ | अनिवार्य तथा निशुःल्क कार्यान्वयनको शिक्षा अवस्थाको प्रतिवेदन तयार गर्ने | वार्षिक रुपमा | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | सम्वन्धि सबैमा जानकारीकालागि प्रकासन | वर्षिक | १ | १ | १ | १ | १ | | | |

# परिच्छेदः ६
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ वर्तमान अवस्था

हालको अवस्थामा संघीय, प्रदेश तथा स्थानीय तहमा शिक्षा क्षेत्रमा बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था मिश्रित देखिन्छ । संघीय सरकारले कुल राष्ट्रिय बजेटको लगभग १० देखि १२ प्रतिशत शिक्षामा विनियोजन गर्दै आए पनि राजनीतिक प्रतिबद्धता अनुरूप २० प्रतिशतको लक्ष्य हासिल गर्न सकेको छैन । संघीय सरकारबाट विनियोजित बजेट मुख्यतः शिक्षक तलब, पाठ्यक्रम विकास, पूर्वाधार निर्माण तथा विभिन्न शैक्षिक कार्यक्रमहरूका लागि खर्च गरिन्छ । यद्यपि, बजेट कार्यान्वयनको गति सुस्त देखिएको छ, जसले गर्दा शिक्षा सुधारका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारमा अपेक्षित सुधार हुन सकेको छैन ।

प्रदेश सरकारहरूले शिक्षा क्षेत्रका लागि अलग्गै बजेट विनियोजन गरे पनि अधिकांश प्रदेशहरू संघीय सरकारको अनुदानमा निर्भर छन् । प्रदेश सरकारहरूद्वारा विद्यालय स्तरोन्नति, प्राविधिक तथा व्यवसायिक शिक्षा प्रवर्द्धन, छात्रवृत्ति कार्यक्रम सञ्चालन जस्ता कार्यहरूमा बजेट छुट्याइए पनि, यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न पर्याप्त समन्वयको अभाव देखिन्छ ।

स्थानीय तहहरूले आफ्नो नीति तथा प्राथमिकताका आधारमा शिक्षामा लगानी गर्ने प्रयास गरिरहेका छन् । कतिपय स्थानीय तहहरूले संघीय तथा प्रदेश सरकारको अनुदानबाहेक आफ्नै स्रोतबाट पनि शिक्षा क्षेत्रमा थप बजेट छुट्याएका छन् । तर, बजेट कार्यान्वयनको प्रभावकारिता भने मिश्रित देखिन्छ । कतिपय स्थानमा शैक्षिक पूर्वाधार तथा गुणस्तरीय शिक्षाका लागि लगानी उपयोगी देखिए पनि कतिपय स्थानीय तहमा बजेट कार्यान्वयनमा पारदर्शिता, अनुगमनको कमी तथा स्रोत साधनको सीमितता जस्ता समस्या देखिन्छन् ।

## ६.२ चुनौती

१. सीमित वित्तीय स्रोतका कारण विद्यालय शिक्षा क्षेत्रमा आवश्यक लगानी वृद्धि गर्न कठिनाई ।
२. दीर्घकालीन स्रोत व्यवस्थापनको प्रभावकारी योजना तथा कार्यान्वयनको अभाव ।
३. बजेट विनियोजन प्राथमिकतामा अन्य क्षेत्रहरूको तुलनामा शिक्षामा कम ध्यान दिइनु ।
४. तीनै तहबीच शिक्षा क्षेत्रमा वित्तीय हस्तान्तरणको एकरूपता कायम गर्न कठिनाई ।
५. स्थानीय तहमा वित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापन क्षमताको कमी ।
६. निजी विद्यालय तथा संस्थाको शुल्क निर्धारण तथा नियमनको समस्या हुनु ।
७. रोजगारीमुखी शिक्षाका लागि लगानीको उचित परिचालन नहुनु ।

८. शिक्षाको हरेक तहमा आवश्यक बजेट वितरण गर्ने समुचित नीति तथा कार्यान्वयनको समस्या हुनु ।
९. सिकाइ उपलब्धि सुधारका लागि शिक्षक प्रशिक्षण तथा शैक्षिक सामग्रीमा आवश्यक लगानी नहुनु ।
१०. शिक्षा क्षेत्रमा वित्तीय पारदर्शिता र सुशासनको सुनिश्चितता गर्न चुनौती हुनु ।
११. अनुगमन तथा मूल्याङ्कन कमजोर हुँदा आर्थिक स्रोतको दुरुपयोग बढ्ने सम्भावना ।
१२. वित्तीय कार्य प्रणालीलाई सरल, प्रभावकारी तथा जवाफदेही बनाउने संयन्त्र अभाव हुनु।

## ६.३ उद्देश्य

शिक्षामा लगानी र स्रोत व्यवस्थापनसँग सम्बन्धित यस न.पा.का उद्देश्यहरु निम्नानुसार राखिएका छन्:

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश भएका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।
४. नपुग हुन सक्ने आवश्यक रकमको लागि आवश्यक उपायहरुको खोजी तथा व्यवसथा गर्नु ।

## ६.४ रणनीति

उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि यस नगरपालिकाले अपनाउने रणनीतिहरु निम्नानुसार उल्लेख गरिएका छन्: –

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतवाट शिक्षामा लगानीमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।
३. वार्षिक रूपमा कुल बजेटको १५ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धधन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

## ६.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य मुख्य उपलब्धिहरु तथा नतिजाहरु बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएका छन्:

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वत्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।
३. जोखीम पक्षहरुको न्यूनीकरण हुने छ ।
४. लगानीकर्ताहरुमा विश्वासको वातावरण बन्ने छ ।

**नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान रपरिचालन हुने छ ।
२. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने छ ।
३. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने छ ।
४. निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्त्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालनगरेको हुने छ ।
५. स्रोत व्यवस्थार परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकासभएको हुने छ ।
६. सबै शिक्षण संस्थाहररूको सामाजिक परीक्षण भएको हुने छ ।

## ६.६ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष२०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **बालविकास र शिक्षा** | | | | | | | | |
| १ | "प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यलय कर्मचारी व्यबस्थापन अनुदान" | ५१८१ | ५४४० | ५७१२ | ५९९८ | ६२९८ | २८६२८ | ५७२५७ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्रति विद्यार्थी लगत | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ५१८१ | ५४४० | ५७१२ | ५९९८ | ६२९८ | २८६२८ | ५७२५७ |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | "आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान अन्तरगतका शिक्षकह /कर्मचारीहरु समेत )"शिक्षककका लागि तलब भता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका कर्मचारीहरु समेत | ४२१३३ | ४४२४० | ४६४५२ | ४८७७४ | ५१२१३ | २३२८११ | ४६५६२३ |
| २ | आधारभूत तहका कक्षा ६ देखि ८ सम्ममा अंग्रेजी, गणित, विज्ञान, शिक्षण सहयोग अनुदान | १३८४ | १४५३ | १५२६ | १६०२ | १६८२ | ७६४७ | १५२९५ |
| | जम्मा | ४३५१७ | ४५६९३ | ४७९७७ | ५०३७६ | ५२८९५ | २४०४५९ | ४८०९१८ |
| **माध्यामिक शिक्षा** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह स्वीकृति दरवन्दी राहात शिक्षक का लागि तलव भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तर्गत का शिक्षक कर्मचारी प्राविधिक धारका शिक्षक कर्मचारी प्रशिक्षक समेत | ५३४८ | ५६१५ | ५८९६ | ६१९१ | ६५०१ | २९५५१ | ५९१०२ |
| २ | माध्यमिक तह कक्षा (९ देखि १०) मा अग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४०४६ | ४२४८ | ४४६१ | ४६८४ | ४९१८ | २२३५७ | ४४७१३ |
| | जम्मा | ९३९४ | ९८६४ | १०३५७ | १०८७५ | ११४१८ | ५१९०८ | १०३८१६ |
| **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| १ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | ९६० | १००८ | १०५८ | ११११ | ११६७ | ५३०५ | १०६०९ |
| २ | विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवंम कार्य सम्पादनमा आधारित अनुदान | १६४४ | १७२६ | १८१३ | १९०३ | १९९८ | ९०८४ | १८१६८ |
| ३ | शैक्षिक सुशासनको लागि सस्थागत क्षमता विकास, विद्यार्थी परिक्षण मूल्याकंन, शिक्षक मेन्टरिगं तथा विद्यालय सुपरिवेक्षण | ७७२ | ८११ | ८५१ | ८९४ | ९३८ | ४२६६ | ८५३२ |
| ४ | प्रति विद्यार्थी लगताका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि अनुदान | १८७३ | १९६७ | २०६५ | २१६८ | २२७७ | १०३५० | २०६९९ |
| | जम्मा | ५२४९ | ५५११ | ५७८७ | ६०७६ | ६३८० | २९००४ | ५८००८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम** | | | | | | | | |
| १ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ५५० | ५७८ | ६०६ | ६३७ | ६६९ | ३०३९ | ६०७८ |
| | जम्मा | ५५० | ५७८ | ६०६ | ६३७ | ६६९ | ३०३९ | ६०७८ |
| **पाठ्यक्रम तथा मूल्याङ्कन** | | | | | | | | |
| १ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठयपुस्तक अनुदान (स्थानीय विषय, मातृभाषा समेत) | ६०४८ | ६३५० | ६६६८ | ७००१ | ७३५१ | ३३४१९ | ६६८३८ |
| | जम्मा | **६०४८** | **६३५०** | **६६६८** | **७००१** | **७३५१** | **३३४१९** | **६६८३८** |
| **दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | | | | | | | | |
| १ | तोकिएको विद्यार्थीलाई दिवा खाजाको लागि विद्यालयलाई अनुदान | १५७६८ | १६५५६ | १७३८४ | १८२५३ | १९१६६ | ८७१२८ | १७४२५६ |
| २ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १५२३ | १५९९ | १६७९ | १७६३ | १८५१ | ८४१६ | १६८३१ |
| | जम्मा | १७२९१ | १८१५६ | १९०६३ | २००१६ | २१०१७ | ९५५४४ | १९१०८७ |
| **छात्रवृत्ति** | | | | | | | | |
| १ | विपन्न लक्षित छात्रवृतिका लागि छनौट भएका (कक्षा ६ देखि १२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृति | ४५६ | ४७९ | ५०३ | ५२८ | ५५४ | २५२० | ५०३९ |
| २ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृति (अवासिय तथा गैर अवासिय) | १२८५ | १३४९ | १४१७ | १४८८ | १५६२ | ७१०० | १४२०१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | १७४१ | १८२८ | १९१९ | २०१५ | २११६ | ९६२० | १९२४० |
| **अनौपचारिक शिक्षा** | | | | | | | | |
| १ | शैक्षिक पँहुच सुनिचिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता निरन्तर शिक्षा कार्यक्रम समेत) | १९०० | १९९५ | २०९५ | २१९९ | २३०९ | १०४९९ | २०९९७ |
| **आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा** | | | | | | | | |
| १ | विपदको समयमा सिकाई निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना कार्यन्वयन | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | ५५२६ |
| | जम्मा | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | ५५२६ |
| | सम्पूर्ण बजेट | ८५३२३ | ८९५८९ | ९४०६९ | ९८७७२ | १०३७११ | ४७१४६३ | ९४२९२७ |

**ख) प्रदेशसरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| **आधारभूत शिक्षा** | | | | | | | | |
| १ | "प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा | २५०० | २६२५ | २७५६ | २८९४ | ३०३९ | १३८१४ | २७६२८ |
| २ | डिजिटल व्यवस्थापन अनुदान" | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ | १६५७७ |
| ३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ११०५१ |
| ४ | "विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान" | ८००० | ८४०० | ८८२० | ९२६१ | ९७२४ | ४४२०५ | ८८४१० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | "सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड | २००० | २१०० | २२०५ | २३१५ | २४३१ | ११०५१ | २२१०३ |
| | जम्मा | १५००० | १५७५० | १६५३८ | १७३६४ | १८२३३ | ८२८८४ | १६५७६९ |

**ग) स्थानीयतहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| | **वालविकास र शिक्षा** | | | | | | | |
| 1 | "प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा | ४२८० | ४४९४ | ४७१९ | ४९५५ | ५२०२ | २३६५० | ४७२९९ |
| २ | विद्यलय कर्मचारी व्यबस्थापन अनुदान" | ० | ० | ० | ० | ० | ० | ० |
| | सहयोगी कार्यकर्ता पारिश्रमिक | ४२८० | ४४९४ | ४७१९ | ४९५५ | ५२०२ | २३६५० | ४७२९९ |
| **आधारभूत शिक्षा** | | | | | | | | |
| १ | विविध(नीजी श्रोतका शिक्षको तलब,भत्ता) | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ | १६५७७ |
| २ | "शैक्षिक शुसानको लागी सस्थागत क्षमता विकाश अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | परीक्षा सचालन | ३२०० | ३३६० | ३५२८ | ३७०४ | ३८९० | १७६८२ | ३५३६४ |
| ४ | तालिम, गोष्ठी, बैठक | ९००.०० | ९४५ | ९९२ | १०४२ | १०९४ | ४९७३ | ९९४६ |
| ५ | डिजिटल व्यवस्थापन अनुदान" | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | शिक्षण सहयोग अनुदान नगर शिक्षकको लागि । | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | "शैक्षिक पहुँच सुनिक्षिचतता, अनौपचारिक तथा वैकल्पिक शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत | ० | १००० | १००० | १००० | १००० | १००० | १००० |
| | जम्मा | ४१००.०० | ४३०५ | ४५२० | ४७४६ | ४९८४ | २२६५५ | ४५३१० |

**घ) अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा २०८१/०८२ | १० वर्षको जम्मा २०८२/०८३ |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | शैक्षिक सामाग्री वितरण | ३०० | ३१५ | ३३१ | ३४७ | #^% | ३०० | ३१५ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | १२०० | १२६० | १३२३ | १३८९ | | १२०० | १२६० |
| | जम्मा | २५५० | २६७८ | २८११ | | | २५५० | २६७८ |

यस योजनाको १० वर्षको कूल बजेट

| क्र. सं. | अनुदान प्राप्त हुने निकायहरु | आर्थिक वर्ष | | | | | ५वर्षको | १० वर्षको | कैफियत रु.हजार मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | | |
| १ | संघीय सरकार | ८,५३,२३ | ८,९५,८९ | ९,४०,६९ | ९,८७,७२ | १०,३७,११ | ४७,१४,६४ | ९४,२९,२८ | |
| २ | प्रदेश सरकार | १,५०,०० | १,५७,५० | १,६५,३८ | १,७३,६४ | १,८२,३३ | ८,२८,८५ | १६,५७,७० | |
| ३ | स्थानीय सरकार | ४१,०० | ४३,०५ | ४५,२० | ४७,४६ | ४९,८४ | २,२६,५५ | ४,५३,१० | |
| ४ | अन्य संस्थाहरु बाट | २५,५० | २६,७८ | २८,११ | २९,५२ | ३१,०० | १,४०,९१ | २,८१,८२ | |
| ५ | कुल जम्मा | १०,६९,७३ | ११,२३,२२ | ११,७९,३८ | १२,३८,३४ | १३,००,२८ | ५९,१०,९५ | १,१८,२१,९० | |

## १.१.८ जनसंख्याको बनौट–अनुसूचि १

## National Population and Housing Census 2021

## Baudhimai Municipality

## Some Statistical Records

| S.n | Items | National | | | Madhesh Pradesh | | | District(Rautahat) | | | Municipality(Baudhimai) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male |
| 1 | Popu. | 29164578 | 14903099 | 14261479 | 6114600 | 3051185.4 | 3124560.6 | 813573 | 405170 | 408403 | 39,325 | 19099 | 20226 |
| 2 | SexRatio | 95.59 | | | 100.55 | | | 100.8 | | | 105.9 | | |
| 3 | P.Density | 198 | | | 633 | | | 723 | | | 1113 | | |
| 4 | House hold | 6666937 | | | 1156715 | | | 137032 | | | 6,078 | | |
| 5 | Lit.rate | 76.2 | 69.4 | 83.6 | 63.5 | 54.7 | 72.5 | 57.8 | 49.5 | 66 | 54.9 | 45.8 | 63.4 |
| 6 | P.Growth rate | 0.92 | | | 1.19 | | | 1.63 | | | 1.61 | | |

Population by 5 yrs age group & sex

| s.n. | Agegroup | Male % | Total | Female % | Total | Sub-total | Remarks |
|---|---|---|---|---|---|---|---|
| १ | ०-४ | ६ | २३६० | ५.५ | २१६३ | ४५२३ | |
| २ | ५-९ | ६.८ | २६७४ | ६.४ | २५१७ | ५१९१ | |
| ३ | १०-१४ | ६.६ | २५९५ | ६.२ | २४३५ | ५०३० | |
| ४ | १५-१९ | ५.७ | २२४२ | ५.० | १९६६ | ४२०८ | |
| ५ | २०-२४ | ४.६ | २८०९ | ४.१ | १६२२ | ४४२१ | |
| ६ | २५-२९ | ३.६ | १४१६ | ३.४ | १३३७ | २७५३ | |
| ७ | ३०-३४ | २.८. | ११०१ | ३.१. | १२१९ | २३२० | |
| ८ | ३५-३९ | २.८ | ११०१ | ३.१ | १२१९ | २३२० | |
| ९ | ४०-४४ | २.७ | १०६२ | २.४ | ९९५ | २०५७ | |
| १० | ४५-४९ | २.१ | ८२६ | २.२ | ८६५ | १६९१ | |
| ११ | ५०-५४ | २.० | ७८७ | १.७ | ६६९ | १४५६ | |
| १२ | ५५-५९ | १.४ | ५५१ | १.१ | ४३३ | ९८४ | |
| १३ | ६०-६४ | १.२ | ४७२ | १.३ | ५११ | ९८३ | |
| १४ | ६५-६९ | १.३ | ५११ | १.१ | ४३३ | ९४४ | |
| १५ | ७०-७४ | ०.९ | ३५४ | १.० | ३९३ | ७४७ | |
| १६ | ७५-७९ | ०.५ | १९७ | ०.५ | १९७ | ३९४ | |
| १७ | ८०-८४ | ०.२ | ७९ | ०.२ | ७७ | १५६ | |
| १८ | ८५-८९ | ०.१ | ३९ | ०.१ | ३९ | ७८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | ९०-९४ | ०.३ | १२ | ०.०३ | १२ | २४ | |
| २० | ९५+ | ०.४ | १६ | ०.०४ | १६ | ३२ | |
| | | | २१२०४<br>-(९९२)<br>(२०२१२) | | १९११८<br>-(५)<br>(१९११३) | ४०३२२<br>-(९९७)<br>(३९३२५) | |